# अजिरकोट गाउँपालिकाको

# राजश्व सुधार कार्ययोजना

२०७७

**अजिरकोट गाउँपालिकाको कार्यालय**

**भच्चेक, गोरखा**

मंसिर २०७७

| शीर्षक | अजिरकोट गाउँपालिकाको राजस्व सुधार कार्ययोजना, २०७७ |
|---|---|
| गाउँपालिका | अजिरकोट गाउँपालिका, गोरखा |
| प्राविधिक सहयोग | सेमिड नेपालं, एकान्तकुना, ललितपुर |
| समन्वय र सहयोग | पूर्णिमा (नेपालमा भूकम्पपछिको पुनस्थापन कार्यक्रम/मोट म्याकडोनाल्ड) |
| मिति | मंसिर, २०७७ |

अजिरकोट गाउँपालिकाको निर्णय वमोजिम पूर्णिमा (नेपालमा भूकम्पपछिको पुनस्थापन कार्यक्रम/मोट म्याकडोनाल्ड) परियोजनाको आर्थिक सहयोग तथा सेन्टर फर इम्पावरमेन्ट, इनोभेसन एण्ड डेभलपमेन्ट (सेमिड) नेपालको प्राविधिक सहयोगमा प्रस्तुत राजश्व सुधार कार्ययोजना तयार गरिएको हो ।

यस कार्ययोजनाको तयारीका क्रममा कोरोना संक्रमणका कारण अपेक्षा बमोजिम स्थलगत सर्वेक्षण गर्न नसकिएकाले गाउँपालिकाबाट उपलब्ध तथ्यांक तथा गाउँपालिकाका पदाधिकारी र सरोकारवालाहरुसँग विभिन्न समयमा विद्युतीय माध्यमबाट भएका छलफलहरुका आधारमा प्रारम्भिक मस्यौदा तयार गरी प्रस्तुत (अनुसूची–४) उक्त मस्यौदामा प्राप्त सुझाव समावेश गरी मिति २०७७ असोज २४ गतेका दिन गाउँपालिकाको पदाधिकारीका साथै निजीक्षेत्र र नागरिक समाजका पदाधिकारीहरूको उपस्थिति (अनुसूची–५) मा अजिरकोट गाउँपालिका, भच्चेकमा भएको मस्यौदा प्रमाणीकरण अन्तरक्रिया तथा अभिमुखीकरणमा प्राप्त सुझावहरू समेतलाई उपयुक्तता अनुसार समेटेर यो अन्तिम मस्यौदा तयार गरिएको छ ।

यस कार्यमा सघाउनु हुने गाउँपालिकाका अध्यक्ष श्री फणिन्द्र प्रसाद धिताल, उपाध्यक्ष श्री चन्द्रमाया गुरुङ्ग, प्रमुख प्रशासकीय अधिकृत श्री लोकेन्द्र ज्ञवाली तथा अन्य पदाधिकारी तथा कर्मचारीहरू सबैलाई धन्यवाद दिन चाहन्छौं । यसै गरी यस महत्वपूर्ण कार्यमा समन्वय तथा सहजीकरण गर्नुहुने पूर्णिमा परियोजनाका श्री सन्तोष विष्टसीमा रजारिया, श्री विकास पन्थी, श्री शिवराज जोशी लगायत सम्पूर्ण टोलीलाई विशेष धन्यवाद व्यक्त गर्दछौं ।

प्रस्तुत कार्ययोजनाको सफलतापूर्वक कार्यान्वयनबाट गाउँपालिकाको आन्तरिक राजश्वमा अपेक्षा अनुरुप स्रोत परिचालन र व्यवस्थापन क्षमतामा अभिवृद्धि भई स्थानीय सेवा प्रवाहमा सुधार हुने विश्वास गर्दै यस कार्ययोजनाको कार्यान्वयनमा अजिरकोट गाउँपालिकालाई सफलताको शुभकामना समेत व्यक्त गर्दछौं ।

सेमिड नेपाल,
एकान्तकुना, ललितपुर

**विषय सूची**

**परिच्छेद - एक : परिचय** १
१.१ पृष्ठभूमि १
१.२ स्थानीय राजश्व परिचालनको सैद्धान्तिक मान्यता १
१.३ राजश्व सुधार कार्ययोजनाको औचित्य २
१.४ योजनाले राखेका उद्देश्यहरु ३
१.५ योजना तर्जुमा विधि र प्रक्रिया ४
१.६ कार्ययोजनाका सीमाहरु ७
**परिच्छेद - दुई : अजिरकोट गाउँपालिकाको संक्षिप्त परिचय** ८
२.१ गाउँपालिकाको संक्षिप्त परिचय ८
२.२ गाउँपालिकाको मानव संसाधनको अवस्था १२
२.३ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था . १३
**परिच्छेद - तीन : गाउँपालिकाको राजश्व अधिकार तथा आय सम्भाब्यता** १५
३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था . १५
३.१.१ संवैधानिक ब्यवस्था १५
३.१.२ कानुनी व्यवस्था १५
३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको बर्तमान अवस्था २१
३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २३
३.३.१ कर राजश्व २३
३.३.२ गैर कर राजश्व ३४
**परिच्छेद - चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था** ४३
४.१ राजश्व परिचालन सम्बन्धी नीति ४३
४.२ आय संकलनको संस्थागत क्षमता ४३
४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन ४४
४.४ राजश्व परिचालनमा रहेका सवालहरू ४६
**परिच्छेद - पाँच : राजश्व सुधार कार्ययोजना** ५०
५.१ गाउँपालिकाको राजश्व सुधार कार्ययोजना ५०
५.१.१ प्रभावकारी राजश्व संकलनका रणनीति तथा कार्यनीति ५०
५.१.३ राजश्व सुधार कार्ययोजना ५२
**परिच्छेद – छ : आगामी तीन बर्षको आय प्रक्षेपण** ५७
६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण ५७
**परिच्छेद - सातः अपेक्षित नतिजा** ६१
**परिच्छेद - आठ : अनुगमन तथा मूल्यांकन** ६३

अनुसूचीहरु ६५
अनुसूची १ : राजश्व सम्भावना विश्लेषणका आधारहरु ६५
अनुसूची २ : गाउँपालिकाको आगामी तीन आर्थिक बर्षको राजश्व प्रक्षेपण ७३
अनुसूची ३ : तथ्याङ्क/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सूची ८२
अनुसूची ४ : मस्यौदा प्रस्तुति भर्चुअल कार्यक्रमका केही झलक (फोटो) हरु ८३
अनुसूची ५ : तथ्यांक प्रमाणीकरण तथा अभिमुखीकरण कार्यक्रमका सहभागीहरु ८४
अनुसूची ६ : सन्दर्भ सामग्रीहरू ८६

# परिच्छेद - एक : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको सरकारको कार्य जिम्मेवारी निर्धारण गरेको छ । यसमा तीन तहका सरकारहरु वीच अधिकार बाडफाँड भई उक्त अधिकारको कार्यान्वयनका लागि वित्तीय स्रोतको व्यवस्था गरिएको छ । स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तिका लागि आन्तरिक स्रोत परिचालन, अन्तरसरकार वित्तीय हस्तान्तरण, राजश्व बाँडफाँड र आन्तरिक ऋण परिचालन गर्ने व्यवस्था गरिएको छ ।

स्थानीय तहलाई संघ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान गरी ४ किसिमका अनुदानहरु अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत प्राप्त हुने गर्दछ । त्यसैगरी संघ सरकारबाट असुल हुने मूल्यअभिबृद्धि कर र आन्तरिक अन्त शुल्कबाट प्राप्त हुने राजश्वबाट तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी रकमबाट तोकिएको प्रतिशत रकम प्रदेश तथा स्थानीय सरकारलाई बाँडफाँड हुने प्रावधान रहेको छ । यी अनुदान तथा राजश्व बाँडफाँडबाट प्राप्त रकमले स्थानीय तहको खर्च आवश्यकता केही अंशमात्र पुरा हुने हो सबै आवश्यकता पुरा हुन सक्दैन । खर्च आवश्यकता र स्रोतका बीचको फासला कम गर्न राज्यको राजश्व अधिकार मध्येबाट समेत तहगत सरकार बीच राजस्व अधिकार बाँडफाँड गरिएको छ । यसको अलावा नेपाल सरकारको पूर्व स्वीकृतिमा स्थानीय तहहरुले आफ्नो बजेट व्यवस्थापन गर्न ऋण लिन सक्ने कानूनी व्यवस्था समेत गरिएको छ । नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने ऋण लिने पूर्व स्वीकृतिको आधार सम्बन्धित प्रदेश तथा स्थानीय सरकारको आन्तरिक स्रोतको परिमाण र दिगोपना समेतलाई मानिएको छ ।




यस प्रतिवेदनमा अजिरकोट गाउँपालिकाको आन्तरिक स्रोतको सम्भाव्यता, परिचालनको अवस्था र त्यसमा सुधार गर्नुपर्ने पक्षहरुमा अध्ययन गरी नतिजा समावेश गरिएको छ । राज्यको पुर्नसंरचना पश्चात भएको स्थानीय तहको पुर्नसंरचना अनुसार गरिएको नेपालको प्रशासनिक विभाजन बमोजिम अजिरकोट गाउँपालिका गण्डकी प्रदेशको गोरखा जिल्लाको उत्तर-पश्चिमी भागमा अवस्थित पहाडी भूबनोट भएको गाउँपालिका हो । यस गाउँपालिकामा साविकका घ्याच्चोक, खरिबोट, हंशपुर, सिमजुङ्ग र मुच्चोक गरी ५ वटा गाउँ विकास समितिहरु मिलाइएको छ । उक्त गाउँ विकास समितिहरु नै हालका ५ वटा वडाहरु हुन् ।

## १.२ स्थानीय राजश्व परिचालनको सैद्धान्तिक मान्यता

स्थानीय राजश्वका स्रोतहरु स्थिर, विचलन नहुने, प्रशासन गर्न सहज हुने र निरन्तर रुपमा आम्दानी प्राप्त हुने किसिमको हुनुपर्ने सैद्धान्तिक मान्यता रहेको छ । स्थानीय राजश्व परिचालन

गर्दा करदाताको तिर्न सक्ने क्षमता (Ability to Pay), करदाता मैत्री (Tax Payer Friendly), सवै करदातालाई समता अर्थात समान व्यवहार हुने, विनियोजन दक्षता र खर्चमा प्रभावकारितालाई प्रोत्साहन गर्ने, पारदर्शिता र सुनिश्चितता रहेको, पर्याप्त स्रोत परिचालन हुने र मितव्ययिता जस्ता पक्षहरुलाई पनि ध्यान दिनु पर्दछ ।

जनताको माग र आवश्यकतालाई सम्वोधन गरी जनताको सवभन्दा नजिकको सरकारका रुपमा शिक्षा, स्वास्थ्य, कृषि, पशु, खानेपानी, सरसफाई, फोहरमैला व्यवस्थापन, विपद व्यवस्थापन, यातायात व्यवस्थापन, आर्थिक उपार्जन र रोजगारी उपलब्ध गराउनका लागि संविधान र कानून वमोजिम स्थानीय तहको व्यवस्था भई अधिकार र कार्यजिम्मेवारी निर्धारण भएको हो । स्थानीय तहका जनप्रतिनिधिलाई आफ्नो राजनैतिक आकांक्षा र जनतासँग गरिएको प्रतिवद्धता पुरा गर्न तथा जनताले महसुस गर्नेगरी सुधार गर्न साधनको आवश्यकता हुन्छ तथा चुस्त, राम्रो र प्रभावकारी प्रशासन चाहिन्छ जसका लागि चाहेको स्थान वा विषयमा लगानी गर्ने स्वायत्तता चाहिन्छ । स्थानीय तहले स्वायत्तता उपयोग गर्ने सर्वोत्कृष्ट उपाय भनेको आफ्नो खर्चको लागि आवश्यक रकमको व्यवस्था आफैले लगाएको करबाट संकलन गर्नु हो ।

स्थानीय तहले लगानी नगरे, रोजगारी सिर्जना नगरे, जनताको आम्दानीमा ध्यान नदिए, सार्वजनिक सेवा र पूर्वाधार विकासमा काम नगरे वा गुणस्तर नभए जनताले विश्वास गर्दैनन् भने व्यवसायीले पनि त्यस्ता स्थानमा वस्न रुचाउँदैनन् र अन्यत्र राम्रो सेवा र विकासका अवसर भएका स्थानमा बसाई सर्ने सम्भावना हुन्छ । आफ्नै नियन्त्रणमा भएको साधनले मात्र जनताका माग अनुसारका सेवा र सुविधा उपलब्ध गराउन तथा निर्वाचन क्षेत्रप्रति जवाफदेहिता बहन गर्न सजिलो हुन्छ । राजश्व परिचालनले साधनको व्यवस्थाका साथै सार्वजनिक उत्तरदायित्व पनि बढाउँछ । त्यसैले स्थानीय तहमा राजश्व परिचालन अपरिहार्य छ र यस्तो राजश्वको परिचालन व्यवसायिक, कार्यकुशल र प्रभावकारी हुनुपर्छ ।

## १.३ राजश्व सुधार कार्ययोजनाको औचित्य

संघीयतामा तहगत सरकारलाई संविधानले नै कार्यजिम्मेवारी निश्चित गरी ती जिम्मेवारीहरु पुरा गर्न आवश्यक स्रोतको व्यवस्था गर्दा अन्तरसरकारी वित्तीय हस्तान्तरणको अलावा आफ्नो कार्यक्षेत्रमा तोकिएका स्रोतबाट संविधानले प्रदान गरेको अधिकार अनुरुप स्थानीय तहले राजस्व परिचालन गरी साधन स्रोतको जोहो गर्दछन् । जनताको वढ्दो माग वमोजिमको खर्च धान्नका लागि आवश्यक सामर्थ्य अभिवृद्धि गर्न पनि ती स्थानीय सरकारहरुको आन्तरिक राजश्व परिचालन क्षमतामा वृद्धि हुनु अपरिहार्य देखिन्छ । यसका लागि स्थानीय तहको राजश्व अधिकारका सम्भावनाहरुको खोजी गर्न, सम्भाव्य क्षेत्रको राजश्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी तिनको यथोचित कार्यान्वयन गर्न र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजश्व सुधार कार्ययोजना महत्वपूर्ण औजार हुने विश्वास गरिन्छ ।

स्थानीय तहलाई कर वा गैर कर वापत रकम तिर्ने स्थानीय निवासीहरुले आफुले तिरेको करको सदुपयोग भए नभएको निगरानी गर्ने र यस बिषयमा नियमित रुपमा आफ्नो गाउँपालिका/नगरपालिकासँग प्रश्न सोध्ने हुनाले स्थानीय गाउँपालिका/नगरपालिकाहरु पनि जनताप्रति सोझै उत्तरदायी हुने वातावरण सिर्जना हुन्छ । सेवा प्रवाहमा पनि सुधार हुन्छ र जनताको सन्तुष्टीको मात्रा पनि बढ्दैजान्छ ।

आन्तरिक स्रोतबाट परिचालित राजस्व खर्च गर्दा स्थानीय तहले कुनैपनि बाह्य शर्तहरु पालना गर्नु नपर्ने भएकोले यसको मात्रा जति बढी भयो त्यति बढी मात्रामा स्वायत्तताको अनुभूति गर्दछन् । यसरी स्थानीय तथा प्रदेश तहले जति बढी स्वायत्तता पूर्वक काम गर्न पाउँछन् त्यति नै संघीयता सफल र सुदृढ हुँदै जान्छ ।

गाउँपालिकामा थप आन्तरिक राजस्व परिचालन गर्न यसको अधिकार क्षेत्रभित्रका सबै उपलब्ध आन्तरिक आयका स्रोतहरुबाट सम्भाव्य राजस्व परिचालन गर्नु अनिवार्य हुन्छ । यसमा सुधार ल्याउन गाउँपालिकाको वाह्य वातावरण तथा राजस्व प्रशासनको समेत विश्लेषण गर्नुपर्ने हुन्छ । यसैले राजश्व परिचालनमा सुधारका कृयाकलापहरु पहिचान गरी सोको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजश्वको प्रक्षेपण गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को प्रावधान वमोजिम यो राजश्व सुधार कार्ययोजना तर्जुमा गरिएको हो । यस राजश्व सुधार कार्ययोजनाबाट गाउँपालिकालाई आफ्नो आन्तरिक आय परिचालनमा सुधारका साथै राजश्व प्रक्षेपणलाई यथार्थपरक, समन्यायिक, सहभागितामूलक र वैज्ञानिक बनाई वजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । यसरी राजश्व सुधार कार्ययोजना तर्जुमाको औचित्यको शारांसलाई निम्न चित्रमा प्रस्तुत गरिएको छ ।




## १.४ योजनाले राखेका उद्देश्यहरु

यस राजश्व सुधार योजना तर्जुमा गर्नुको प्रमुख उद्देश्य नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४, गाउँपालिकाको आवधिक, बिषयगत तथा बार्षिक योजना र गाउँपालिकाका बार्षिक आर्थिक ऐनहरु बमोजिम गाउँपालिकाको राजश्व परिचालन क्षमताका आधारमा स्रोतहरुको सम्भाव्यता, जनताको कर तिर्न सक्ने क्षमता र गाउँपालिकाको राजश्व प्रशासनको विश्लेषण गरी आवश्यक सुधारका उपायहरु पहिचान गर्दै

राजस्व अभिबृद्धि गर्न कार्यान्वयनयोग्य कार्ययोजना तयार गर्ने रहेको छ । बुँदागत रुपमा उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

१. राजश्व परिचालनका सन्दर्भमा विद्यमान नीति, संरचना तथा विगतको आय परिचालनको अवस्था विश्लेषण गर्ने ।
२. गाउँपालिकाको वर्तमान आन्तरिक आयका आधार, दर र प्रशासकीय संरचनाको विश्लेषणको आधारमा सुधारका लागि सुझाव सहितको राजश्व प्रक्षेपण गर्ने ।
३. गाउँपालिकाले आन्तरिक राजश्व प्रभावकारी रुपमा संकलनका लागि अपनाउनु पर्ने रणनीति, कार्यनीति तथा प्रशासकीय सुधार सहितको राजश्व सुधार कार्य योजना तर्जुमा गरी स्वीकृतिका लागि सिफारिस गर्ने ।

## १.५ योजना तर्जुमा विधि र प्रक्रिया

गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमाको मार्गदर्शकका रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी भएको स्थानीय तहको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ लाई लिई यसको तर्जुमा प्रक्रियामा स्थानीय पदाधिकारी, कर्मचारी, सम्बन्धित समितिहरु र सरोकारवालाहरुको अपनत्व र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सहभागितामूलक विधि अलवम्बन गरिएको छ । यसका साथै आवश्यकता अनुसार सम्भाव्य स्थानीय राजश्वका स्रोतहरुलाई समेट्ने उद्देश्यले तथ्यांक तथा सूचना संकलनका औजारहरुको आवश्यक परिमार्जन र सहजीकरण गरिएको थियो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको निर्देशिका वमोजिमका राजश्व सुधार कार्ययोजना तर्जुमाका चरणहरु यस प्रकार रहेका छन् ।

१ राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी निर्णय र समय सारिणी निर्धारण
२ योजना तर्जुमा कार्यदल गठन
३ योजना तर्जुमाका लागि आवश्यक सन्दर्भ सामग्रीहरु संकलन तथा अध्ययन
४ प्रारम्भिक कार्यशालाको आयोजना
५ सूचना तथा तथ्यांक संकलन एवम् विश्लेषण
६ राजश्व सुधार कार्ययोजना तयारी (प्रारम्भिक)
७ योजनाको मस्यौदा तयारी
८ राजश्व सम्भावना विश्लेषण तथा राजश्व प्रक्षेपण
९ मस्यौदा प्रतिवेदन गाउँपालिकामा प्रस्तुति र सुझाव संकलन
१० मस्यौदा पुनरावलोकन र अन्तिम मस्यौदा तयारी
११ गाउँ कार्यपालिकामा छलफल र स्वीकृति

अजिरकोट गाउँपालिकाबाट राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने वारे भएको निर्णय पूर्णिमा परियोजनाले जारी गरेको सूचनाबाट नै जानकारी भएको र सेमिडमार्फत यो कार्यक्रम कार्यान्वयन गर्ने सम्झौता भएपछि गाउँपालिकासँग टेलिफोन सम्वादमा गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा राजश्व सुधार कार्यदल गठन भएको जानकारी प्राप्त हुनुका साथै विभिन्न समयमा भएका छलफलहरुबाट गाउँपालिकाबाट आवश्यक सन्दर्भ सामग्री संकलन गरी अध्ययन टोलीलाई प्राप्त भएको थियो । यसैक्रममा विश्वव्यापी माहामारीका रुपमा रहेको कोभिड १९ का कारणले मन्त्रालयले निर्धारण गरेका उपर्युक्त चरणहरुमा उल्लिखित कृयाकलापहरुलाई निम्नलिखित बुँदाहरुमा समायोजन गरी कार्ययोजना तर्जुमा कार्य सम्पादन गरिएको छ ।

## १. सन्दर्भ सामग्रीको संकलन तथा अध्ययन

यस चरणमा राजश्व सुधार कार्ययोजनासँग सान्दर्भिक सामग्रीहरुको संकलन तथा अध्ययन गरियो । यस अन्तर्गतका सामग्रीहरुमा Fiscal federalism in Nepal : Challenges and Opportunities (RK Shah), Explening Property Tax in Developing Countries (Sepulveda and Vazquez), Federalism in Nepal (LBFC), नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ( संशोधन सहित), अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, औद्योगिक नीति २०६७, व्यापार नीति २०७२, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), प्राइभेट फर्म दर्ता ऐन, २०१४ ( संशोधित २०७५) तथा नियमावली, २०३४ (संशोधित २०७६), साझेदारी ऐन, २०२० (संशोधन २०७५), कम्पनी ऐन, २०६३ (संशोधन २०७५),उपभोक्ता हित संरक्षण ऐन, २०७५, वन ऐन २०७६, सहकारी ऐन २०७५, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन, २०७६ पन्ध्रौं योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम लगायतका संघीय नीति, ऐन, निमावली, योजना आदि रहेका छन् ।

यसैगरी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरुमा गण्डकी प्रदेश आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन् ।

गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन, आवधिक योजनाका साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरेका सम्बन्धित नमूना कानूनहरु आदि हुन् ।

## २. गाउँपालिकासँग सम्पर्क, छलफल र सूचना संकलन विधि निर्धारण

गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, पूर्णिमा कार्यक्रम अन्तर्गतका सल्लाहकारसँग फोन, इमेल तथा अन्य विद्युतीय माध्यमबाट सम्पर्क गरी गाउँपालिकाले हालसम्म परिचालन गरि आएका कराधारहरु, राजस्व परिचालनको अवस्था, सुधार गर्न सकिने क्षेत्र, राजस्व प्रशासनको बर्तमान संरचना वारे जानकारी लिनुका साथै राजश्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियावारे जानकारी गराई गाउँपालिकाको भूमिका सम्बन्धमा स्पष्ट पारिएको थियो । यसैक्रममा कोभिड १९ को समस्या बढ्दै गई २०७६ चैत्र ११ गतेदेखि देशव्यापी बन्दावन्दीको घोषणा भएपछि राजश्व सुधार कार्ययोजना तर्जुमा कार्य बैकल्पिक विधि प्रयोग गरी सम्पादन गर्न सूचना तथा सञ्चार प्रविधिलाई उपयोग गर्ने रणनीति अवलम्बन गरियो ।

राजश्व सुधार कार्ययोजनाका लागि कार्यतालिका निर्धारण तथा कार्यजिम्मेवारी निर्धारण गरी आवश्यक सूचना संकलन फाराम गाउँपालिकामा पठाई सो सम्बन्धमा इमेल, टेलिफोन तथा जुम प्रविधिमार्फत स्पष्ट गराई गणक समेत व्यवस्था गरी सम्बन्धित सूचना, सामग्रीहरु गाउँपालिकाले

संकलन गरी ३ हप्ताभित्र पठाउने प्रतिवद्धता प्राप्त भयो । प्राप्त सूचनाका आधारमा राजश्वको स्थानीय अवस्थावारे जानकारी हासिल हुनुका साथै मुख्य सवालहरु पहिचान गर्न मद्दत पुग्यो ।

## ३. तथ्यांक तथा सूचना विश्लेषण

गाउँपालिकाबाट संकलित विगतका बार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य, आय तथा व्यय, आर्थिक ऐन, विनियोजन ऐन, अन्य नीति तथा कानून र राजश्व परामर्श समितिका सिफारिस आदि र पूर्वनिर्धारित प्रश्नावली तथा ढाँचामा गाउँपालिका र वडास्तरका सूचनाहरु तथा द्वितीय स्रोतबाट प्राप्त तथ्यांक तथा सूचनाहरु विश्लेषण गरियो ।

त्यसपछि यिनै सूचनाहरु र गाउँपालिकाको वस्तुस्थिति विवरणका आधारमा राजश्व सुधार कार्ययोजनाको प्रथम मस्यौदा प्रतिवेदन तयार गरियो । साथै उक्त मस्यौदा गाउँपालिकालाई उपलब्ध गराई जुम विधिको अन्तर्क्रिया गरी प्रतिक्रिया तथा सुझाव संकलन गरियो भने राजश्वका देहायका विषयमा अभिमुखीकरण गर्न सम्भावित मिति निर्धारण भयो ।

क) स्थानीय करको सिद्धान्त, गाउँपालिकाको आन्तरिक स्रोत सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थाहरु, राजश्व परिचालन सम्बन्धमा नेपालका गाउँपालिका तथा नगरपालिकाहरुले गरेका असल अभ्यासहरुका विषयमा अभिमुखीकरण तथा अन्तर्क्रिया ।

ख) स्थानीय व्यवसाय दर्ता, नवीकरण र त्यसको महत्वका विषयमा निजी क्षेत्रलाई अभिुखीकरण गरी स्थानीय कर सम्बन्धी बुझाईमा सुधार ।

ग) करको दर र दायरा बृद्धिमा गाउँपालिकाको भूमिका एवं राजश्व प्रशासन र राजश्व परिचालनमा लैंगिक तथा सामाजिक समावेशिता सम्बन्धी जानकारी अभिवृद्धि ।

घ) गाउँपालिकाको आन्तरिक राजश्वको वर्तमान अवस्थामा भएको उपयोग सम्बन्धी लोखाजोखा तथा स्थानीय सरकारहरुले गरेका राजश्वको र उपयोग वारे जानकारी ।

## ४. राजश्व सुधार कार्ययोजना तयारी तथा राजश्व प्रक्षेपण

बुँदा नं. १ देखि ३ सम्मका क्रियाकलापहरु तथा प्राप्त सूचनाको विश्लेषणका आधारमा पहिचान भएको वार्षिक कुल सम्भाव्यता र सोबाट प्राप्त हुन सक्ने राजश्वलाई आगामी तीन आर्थिक वर्षका लागि प्रक्षेपण गरियो । यसरी तर्जुमा भएको मस्यौदालाई गाउँपालिका तथा मोट म्याकडोनाल्ड/पूर्णिमा कार्यक्रम र गाउँपालिका मार्फत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा आवश्यक पुनरावलोकन तथा सुझावका लागि प्रस्तुत भई प्राप्त सुझावलाई समावेश गरेर अन्तिम मस्यौदा तयार गरी गाउँपालिकामा पेश गरिएको हो ।

## ५. राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन तथा अनुशरण

यस प्रकार गाउँपालिकामा प्रस्तुत गरिएको राजस्व सुधार कार्ययोजनालाई गाउँपालिकाले आवश्यक छलफल तथा स्वीकृत गरी कार्यान्वयन गर्ने र कार्ययोजना बमोजिम कार्य भए नभएको भन्ने बारेमा समय समयमा समीक्षा र आवश्यकता अनुसार सुधार गर्न छलफल गर्न नियमित रुपमा गर्ने अनुगमन सम्बन्धी सुझाव गरिएको छ ।

उपर्युक्त पाँचवटा बुँदाहरु बाहेक राजश्व सुधार कार्ययोजना कार्यान्वयन गर्दा चाल्नुपर्ने रणनीति र क्रियाकलाप तथा राजस्व परिचालनका सम्वन्धमा गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई प्रशिक्षण गर्ने कार्य समेत अजिरकोट गाउँपालिकाको कार्यालय रहेको स्थान, भच्चेक बजारमा २०७७ असोज २४ मा सम्पन्न गरियो ।

## १.६ कार्ययोजनाका सीमाहरु

प्रस्तुत राजश्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिएको छ ।

१. प्रस्तुत अध्ययन गाउँपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, गाउँपालिकाका पदाधिकारीहरु तथा सम्बन्धित कर्मचारीहरु र अन्य सरोकारवालाहरुसँग गरिएको अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सूचनाको आधारमा तयार गरिएको हो ।

२. संघ तथा प्रदेश सरकारबाट गाउँपालिकाले प्राप्त गर्ने राजश्व बाँडफाँड र समानीकरण अनुदानको रकम प्रक्षेपण हालको अभिलेखलाई आधार मानी वार्षिक १०% ले बृद्धि हुने अनुमान गरी लेखाजोखा गरिएको तथा गाउँपालिकाबाट प्राप्त हुने राजश्वमा केन्द्रित रही योजना तर्जुमा गरिएको छ ।

३. राजश्व प्रक्षेपण गर्ने क्रममा आधिकारिक एवं प्रमाणिक तथ्यांक नभएको अवस्थामा सहभागीहरुसँगको अर्न्तक्रियाबाट सम्पुष्टि गरिएको थियो ।

४. गाउँपालिकाको गठन भएको ३ वर्ष पनि पुरा नभएको र अभिलेख पनि व्यवस्थित भैनसकोले ऐतिहासिक प्रवत्ति देखिने तथ्यांकीय विश्लेषणका लागि आवश्यक तथ्यांक र सूचनाको अभावमा स्टाटिस्टिकल टुल्सहरुको प्रयोग गरी विश्लेषण तथा प्रक्षेपण गर्न सकिएको छैन ।

# परिच्छेद - दुई : अजिरकोट गाउँपालिकाको संक्षिप्त परिचय

राजश्वको सम्भाव्यता पहिचान, परिचालन र व्यवस्थापनका लागि गाउँपालिकाको वस्तुस्थिति, आर्थिक गतिविधि, मानवीय संसाधन तथा भौतिक स्रोत साधन लगायतको महत्वपूर्ण भूमिका रहन्छ । यस परिच्छेदमा गाउँपालिकाको संक्षिप्त परिचय, मानव संसाधनको अवस्था र गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था प्रस्तुत गरिएको छ ।

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

अजिरकोट गाउँपालिका संविधान वमोजिम स्थानीय तहको पुनर्संरचना पछि स्थापना भएको हुनाले नयाँ संरचना अन्तर्गतको गाउँपालिका हो । त्यसैले यो नेपालको संविधान २०७२ को कार्यान्वयनको क्रममा स्थानीय तहको गठन आदेश बमोजिम मिति २०७३ फाल्गुन २७ गते गठन भएको हो । घरधुरी सर्भेक्षणको आधारमा तयार भएको गाउँपालिकाको वस्तुस्थिति विवरण २०७६, विभिन्न निर्णय तथा प्रतिवेदनहरु, वेभसाइट तथा अन्य स्रोतका सूचनाका आधारमा गाउँपालिकाको परिचय संक्षेपमा यसप्रकार रहेको छ ।



**अवस्थिति :** गोरखा जिल्लाको उत्तरपश्चिमी भागमा रहेको यस गाउँपालिकामा साविक घ्याच्चोक, खरिबोट, हंशपुर, सिमजुङ्ग र मुच्चोक गा.वि.स.हरु समावेस भई गठन भएको हो । यसको क्षेत्रफल १९८.०५ वर्ग कि.मी. रहेको छ । यस गाउँपालिकाको पश्चिमी सिमा लमजुङ जिल्लासँग जोडिएको छ भने उत्तरमा चुमनुब्री, पूर्वमा बारपाक सुलिकोट र र दक्षिणमा सिरानचोक गाउँपालिका रहेको छ ।

**भूबनोट, क्षेत्रफल र प्राकृतिक स्रोतहरु :** यस गाउँपालिकाको १९८.०५ वर्ग कि.मि. क्षेत्रफल समुद्री सतहबाट ८४० मिटरदेखि ५७५३ मिटरसम्म उचाई फैलिएको छ । यहाँको ३% भू-भाग ५ डिग्रीभन्दा कम भिरालो परेको तथा ८.६४% भू-भाग ५ देखि १५ डिग्री, ३१.६३% भू-भाग १५ देखि ३० डिग्री र ५६.७३% भू-भाग ३० डिग्रीभन्दा बढी भिरालोपनयुक्त छ । यस गाउँपालिकाको १५ डिग्रीभन्दा कम भिरालोपना भएको अधिकांश भू-भाग दक्षिणी क्षेत्रमा र उच्च भिरालोपना उत्तरी क्षेत्रमा रहेको हुनाले उत्तरी भेगका उच्च भागमा मनोरम हिमश्रृखलाहरू देख्न पाईन्छ भने हरिया घाँसे मैदानहरू समेत रहेका छन् ।

यस गाउँपालिकाको कुल क्षेत्रफलको ७६.९१% क्षेत्र वन, घाँसेमैदान २१.८२% कृषियोग्य जमिन र हिउँले छोपिएको तथा पोखरीको क्षेत्र ०.१६% रहेको छ । यहाँको जंगलमा साल, चिलाउने, कटुस, उत्तिस, सल्ला, टिमुर, अमारो, तेजपत्ता जस्ता वन पैदावार पाइन्छन् । यहाँ यार्सागुम्बा, वन लसुन, रथविरथ, पाँचऔले, जटामसी, कुड्की, सदुवा, निरमसी जस्ता औषधीजन्य जडिबुटीहरू र दालचिनी, कफी र अलैंची जस्ता उच्च मूल्यका वस्तुहरू समेत उत्पादन हुने गरेको छ ।

यहाँ दरौदी र चेपे मुख्य नदीका साथै फाङसिन खोला, झ्योलि खोला, अधेरी खोला, सोता खोला, सान्दी खोला, साँधी खोला, झाल्ला खोला जस्ता अन्य खोलानालाहरू समेत रहेका छन् । त्यसैले यहाँको उच्च क्षेत्रमा पर्यटकीय लगायत पशुपालनको सम्भावना रहेको छ भने तल्लो भेगमा कृषि लगायत वन पैदावारको सम्भावना छ ।

**जनसंख्या :** यस गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७६ अनुसार कुल जनसंख्या १९,७१६ तथा घरधुरी ३७९६ रहेको छ । जसमा ३४% गुरुङ, ब्राह्मण २१%, तामाङ समुदायका १२% प्रतिशत रहेका छन् । यस गाउँपालिकामा दलितको जनसंख्यामा सार्की र विश्वकर्मा दुवै गरेर ८% रहेका छन भने परियार ४% छन् । यसका साथै क्षेत्री ३%, नेवार र घले दुवै २%, भुजेल र मगर दुवै १% र यी वाहेक करिव ५% योल्मो, शेर्पा, मुस्लिम, सन्यासी जातजातिका रहेका छन् ।

**तालिका १ : जनसाख्यिक विवरण**

| वडा नं | पुरुष | महिला | जम्मा | घरपरिवार |
|---|---|---|---|---|
| १ | १३४५ | १२३९ | २५८४ | ४६६ |
| २ | १६५१ | १४९३ | ३१४४ | ५७० |
| ३ | २०७७ | २०२९ | ४१०६ | ८४१ |
| ४ | २५११ | २३८५ | ४८९६ | ९३९ |
| ५ | २५६१ | २४२५ | ४९८६ | ९८० |
| **जम्मा** | **१०१४५** | **९५७१** | **१९७१६** | **३७९६** |

*स्रोत: घरधुरी सर्वेक्षण २०७६ वमोजिमको अजिरकोट गाउँपालिका प्रोफाईल*

यस गाउँपालिकाको प्रोफाईल अनुसार यहाँ घरको स्वामित्व अनुसार आफ्नै घर भएको संख्या ३७०८ तथा नभएको सख्या ८८ रहेको छ भने २०६८ को जनगणनाको आधारमा घरपरिवारको विवरण यस प्रकार रहेको छ :

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|

| क.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | आफ्नै (निजी) | ३४०९ |
| २ | भाडामा | १६३ |
| ३ | अन्य | ४६ |
| | **जम्मा** | **३६१८** |

*स्रोत: जिल्ला वस्तुगत विवरण गोरखा २०७४, तथ्यांक कार्यालय, गोरखा*

**पेशागत विवरण :** गाउँपालिकाका वासिन्दाहरुको मुख्य पेशा कृषि हो । यहाँका ७४.१६% (२८११) मानिसहरु आफ्नो तथा अन्यको जमिन उपयोग गरी कृषिमा संलग्न रहेका छन् । यसैगरी २५.८३% मानिसहरुको कुनै पनि खेतीयोग्य जमिन नभएकाले मुख्य रुपमा नोकरी, वैदेशिक रोजगारी, ज्याला/मजदुरी, व्यापार, उद्योग लगायतका पेशामा पनि संलग्नता रहेको पाइन्छ । यस गाउँपालिकामा मकै, कोदो र धान प्रमुख अनाजको रूपमा, दलहनमा मास दाल र थौरै मात्रामा उच्च मुल्यका कफी तथा अलैंची उत्पादन हुने गरेको छ । साथै करिव १ प्रतिशत घरपरिवारले तरकारी र फलफुलको व्यवसायिक खेती गरेको पाईन्छ । यहाँको कृषिको ९०% भन्दा बढी निर्वाहमुखी रहेको छ ।

**पशुपालन :** अजिरकोट गाउँपालिकाको जनजीविका पशुपालनमा समेत संलग्न रहेको छ । यहाँका कुल घरपरिवार मध्ये २६०४ (६८.७० प्रतिशत) घरपरिवारहरू पशुपालनमा आबद्ध रहेका छन् । जसमा करिव ५१% (२०४१) घरपरिवारहरू वाखापालन, भैसीपालन ३५% गाईपालन २५% प्रतिशत रहेका छन् । यसैगरी कुखुरापालन गर्ने करिव २२% र मौरीपालन गर्ने परिवार ६% का साथै न्यून मात्रामा पालिनेमा भेडा (२%) र सुगुर (१%) देखिन्छ ।

**पर्यटन :** पर्यटनको सम्भावना बोकेको हुनाले अजिरकोट गाउँपालिकाले पर्यटन प्रवर्द्धनको उद्देश्यले पर्यटन गुरुयोजना तर्जुमा गरेको छ । यहाँका प्राकृतिक श्रोत (वन/जंगल) तथा मनोरम दृश्य ( हिमाल) संस्कृति तथा जैविक विविधता आदि आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षणका दृष्टिले महत्वपूर्ण छन् । हिमचुली हिमाल, दुधपोखरी, नारदपोखरी, नागेपोखरी, निम्चेपोखरी, नागेमाढी, तविमाढी, मितुमाढी, सप्रोमाढी, नार्गोमाढी लगायतका विशाल माढीहरू, फाँटहरु, दरौदी र चेपे जस्ता ऐतिहासिक महत्व बोकेका नदीहरू, डिहीटार, भरस्टार, फुर्वुजेटार, बुधसिंहटार, नौविसेटार, पोखराटार र मुच्चोकटार लगायतका यस गाउँपालिका क्षेत्रभित्रका प्राकृतिक सम्पदा छन् ।

विभिन्न जातजातिका साँस्कृतिक क्रियाकलाप र मन्दिर, गुम्वा तथा ऐतिहासिक स्थलहरु जस्ता पर्यटन प्रवर्द्धन गर्न सकिने स्रोतहरु रहेका छन् । हाल यहाँ वार्षिक करिब २०० जना बाह्य र करिब ७०० जना आन्तरिक पर्यटक आउने गरेका छन् । यसबाट करिव रु. ३७ लाख ६८ हजार आय प्राप्त हुनुका साथै ७० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । यस गाउँपालिकामा हाल करिव ३० वटा होटल तथा होमस्टेमा गरी जम्मा २६० वेड क्षमता रहेको छ ।

**सिंचाई :** यहाँको कूल कृषियोग्य जमिन १३,९०० हेक्टर मध्ये २८०० हेक्टर सिंचाई योग्य जमिन रहेको छ, जसमध्ये साना ठूला गरी ४० वटा कुलाहरूबाट १४० हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा उपलव्ध भएको छ ।

**यातायात पहुँच :** अजिरकोट गाउँपालिकाभित्र राष्ट्रिय, प्रादेशिक तथा स्थानीय स्तरका सडकहरू रहेका छन् । यहाँ कालोपत्रे सडक १३ कि.मि., ग्राभेल सडक १७ कि.मि., धुले सडक ११७ कि.मि. रहेको छ । यस गाउँपालिकामा ५ वटा पक्की पुल र २७ वटा झोलुङ्गे पुल रहेका छन् । यस गाउँपालिकाको पूर्वी भाग हुँदै वारपाक सडक गएको तथा छिमेकी सिरानचोक गाउँपालिका हुँदै भच्चेक आउने सडक छिटै कालोपत्र सम्पन्न हुने अवस्थामा रहेको छ । यी सडकले यहाँका सहायक

सडक सञ्जाल जोड्न सहज भएको छ । यहाँका करिव ३३% (१२५७) घरपरिवारमा मोटर बाटोको पहुँच पुगेको छ । साथै आन्तरिक पहुँचका लागि गाउँपालिकाले देहाय वमोजिम पूर्वाधार विकासका कार्यहरु गरिरहेको छ ।

**गाउँपालिकास्तर :** चनौटे-मुच्चोक-भच्चेक सडक र ढोडेनी-सिमजुङ-गोगनपानी-भच्चेक सडक गरी दुइवटा सडक रहेका छन् ।

**वडास्तर :** १. भच्चेक- माद्ले- सिमजुङ- घ्याच्चोक सडक,

२. भच्चेक- नम्की- कोलकांटे- भन्ज्याङ देउराली- केप्रुङ सडक

३. भच्चेक- लप्सीवोट- खरिवोट सडक

४. भ्याल्लाफांट- वलाङ- साउनेपानी- मुच्चोक- भच्चेक सडक

५. भच्चेक- काफलडांडा- वुद्धसिङटार- लमजुङ सडक

६. भच्चेक- सिरानडांडा- सिस्ने- अपुन- खिम्पु- वलाङ सडक

**उद्यम, व्यापार, व्यवसाय :** यस गाउँपालिकामा आर्थिक गणना २०७५ अनुसार विभिन्न ७१३ आर्थिक प्रतिष्ठानहरूमा १५८३ जना रोजगारमा संलग्न छन् । यहाँ उत्पादनशील उद्योगहरू ४१ वटा, होटल ३० वटा र ३१ वटा सहकारीहरूका साथै वाँकि पसल, खाद्यान्न मिल, आरन आदि रहेका छन् । यी उद्योगमध्ये अधिकांश लघु तथा घरेलु स्तरका हुन् ।

**रोजगारी :** यस गाउँपालिकामा रोजगारीमा संलग्न रहेको संख्या ९०७३ रहेको छ । यी मध्ये अधिकांश ५३.७१% कृषिमा रहेका छन् । सरकारी, गैरकारी, निजी आदि क्षेत्रमा नियमित जागिरमा रोजगार संख्या २००९ (२२.१४%) रहेको छ । यसैगरी दैनिक ज्याला मजदुरी गर्ने ८.३७% र वैदेशिक रोजगारमा ७४६ जना (८.२२%) रहेका छन् । साथै उद्योग तथा व्यापारमा ६.६१% तथा अन्य क्षेत्रमा १% भन्दा कम रोजगार रहेका छन् ।

**विद्युत सुविधा :** लघु जलविद्युत यहाँको विद्युत् आपूर्तिको प्रमुख स्रोत हो भने केही घरपरिवारहरू राष्ट्रिय प्रशारण प्रणालीमा आवद्ध भएका छन् र यो क्रम वढ्दो छ । यस गाउँपालिकामा १२ वटा लघु जलविद्युतबाट ३१५ कि.वा. विद्युत् उत्पादन भएको छ । गाउँपालिकाका ५ वटा वडामध्ये ४ वटा वडाहरु राष्ट्रिय प्रशारण लाइनमा जोडिएका छन् । ठुला जलविद्युतहरूको सम्भाव्यता अध्ययन पनि भएको छ ।

यहाँका ९०.०१% घरधुरीमा बिजुली पुगेको छ र यसमा स्थानीय स्तरमा उत्पादित जलविद्युतको हिस्सा उल्लेख्य छ । यसैगरी ८.९६% घरधुरीले सोलार प्रयोग गरिरहेका छन् । बत्तीका लागि अन्य स्रोतहरू जस्तैः मट्टितेल, दियालो प्रयोग गर्ने घरपरिवारको संख्या न्यून (०.०९%) रहेको छ ।

**संञ्चार सुविधा :** यस गाउँपालिकाका सवै वडाहरुमा टेलिफोन, टेलिभिजन, रेडियोको सेवा पुगेको छ । यहाँ नेपाल टेलिकम र एनसेल नेपालका एक एकवटा टावरहरू रहेका छन् । यहाँका घरपरिवार मध्ये ७४.५०% सँग टेलिफोन, ३७.४९% सँग टेलिभिजन र २०.६३% सँग रेडियो रहेको छ । कम्प्युटर (१.९२%) र ईन्टरनेट (१.५३%) मा पहुँच र उपयोग न्यून मात्रामा छ ।

**खानेपानी तथा सरसफाई :** यस गाउँपालिकामा करिव ९६.०४% घरधुरीमा पाइपमार्फत खानेपानी उपलब्ध भइरहेको छ । करिव आधा घरपरिवारले (४९.१२%) निजीधारा र ४६.९१% ले सार्वजनिक धाराबाट खानेपानी सुविधा उपभोग गरिरहेका छन् । अझै पनि १३८ घर अर्थात ३.६४ प्रतिशतले नदी तथा मुलबाट पानी खाइरहेको अवस्था छ । गाउँपालिकाको लक्ष्य एकघर एकधारा पुऱ्याउने रहेको छ ।

यहाँको सरसफाईको सम्बन्धमा करिव ९८.८७% घरमा चर्पी रहेको छ, जसमध्ये ८४.७७% सेफ्टी ट्याङ्की सहित र १४.०६% खाल्डे चर्पी रहेका छन् भने कुल ४६ घरमा चर्पी नभएको देखिन्छ ।

**भवन तथा आवास :** यस गाउँपालिकाको जम्मा ३७९६ घरधुरी रहेकोमा घरको फाउन्डेसनको आधारमा अधिकांश घरमा माटोको जोडाइ गरिएको, २४.८७% मा सिमेन्ट, २.७७% फ्रेम वा खम्वा र ०.१३% अन्य (जस्तै काठ, ढुंगा) प्रयोग भएको देखिन्छ । घरको छानाको आधारमा जस्तापाताको छाना भएका सबैभन्दा धेरै ३४८० (९१.८७%), आर.सि.सि. २२४ (५.९१%), फुस तथा अन्य ५२ वटा (१.३७%) र ढुंगाको छानो भएका घर ३० (०.७९%) घर रहेका छन् । यहाँ भूकम्पपछि पुनर्निमाण गरिएको हुनाले ९४.४५% घरपरिवारले मापदण्ड अनुसार घर निर्माण गरेको वताएका छन् ।

**शिक्षा :** यस गाउँपालिकाको साक्षरता दर ८८.५९% रहेको छ । गाउँपालिकामा पूर्वप्राथमिक ३, आधारभूत तह २२ (निजी १ सहित), माध्यमिक ८ गरी कुल ३३ विद्यालय सञ्चालनमा रहेका छन् । पाँच बर्षभन्दा बढी उमेर समूहका ७७.६१% ले औपचारिक शिक्षा लिएको देखिन्छ ।

**स्वास्थ्य :** यस गाउँपालिकामा ५ वटा स्वास्थ्यचौकी, ४ वटा सामुदायिक स्वास्थ्य एकाई गरी ९ वटा स्वास्थ्य संस्था रहेको देखिन्छ । उक्त स्वास्थ्य संस्थाहरूमध्ये प्रसुति सेवा ६ वटामा, ल्याव सेवा २ वटामा, परामर्श सेवा ९ वटामा र खोप सेवा ५ वटामा एक्सरे सेवा १ वटामा उपलब्ध रहेको छ ।

**बैंक, वित्तीय संस्था तथा सहकारी :** यस गाउँपालिकामा २७ वटा सहकारी संस्थाहरू दर्ता भएकोमा १५ वटा सञ्चालनमा रहेका छन् भने एउटा वैक र २ वटा वित्तीय संस्था कार्यरत रहेका छन् । साथै यहाँ महिला घरमुली ५१३ र पुरुष घरमुली १६२० जना गरी जम्मा २१३३ अर्थात कुल घरपरिवारको ५६.३% को बैंकमा खाता रहेको छ ।

## २.२ गाउँपालिकाको मानव संसाधनको अवस्था

यस गाउँपालिकाले तयार गरेको संगठन संरचना अनुसारका शाखा, उपशाखा र ईकाइहरु गाउँपालिका स्तरमा रहेका छन् । साथै सेवाप्रवाहका लागि ५ वटा वडा कार्यालयहरु, सेवाकेन्द्र र सेवाप्रवाह ईकाईहरु, विद्यालय, समिति आदि रहेका छन् । गाउँपालिकाको राजश्व सम्बन्धी जिम्मेवारी वहन गर्न प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत सहायक पाचौं स्तरको १ जना कर्मचारी रहने गरी राजश्व इकाईको व्यवस्था रहेको भएता पनि हालसम्म व्यवस्थित रुपमा राजश्व शाखा भनेर बेग्लै व्यवस्था भएको छैन तर आन्तरिक लेखा परीक्षकलाई राजश्व उठाउने जिम्मा दिईएको छ ।

अजिरकोट गाउँपालिकाको संगठनात्मक तथा मानव संशाधन तालिका यसप्रकार रहेको छ :




यस गाउँपालिकाको संगठन तथा मानव संशाधन तालिका अनुसार आठौं तहको प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्राविधिक र अप्राविधिक गरी गाउँपालिकामा २० जना तथा ५ वटा वडा कार्यालयमा १० जना गरी कुल ३० जनाको दरवन्दी रहेको छ । यसका साथै परियोजना तथा संघीय र प्रदेशस्तरीय कार्यक्रमका पनि कर्मचारीहरु कार्यरत रहेका छन् ।

यसरी गाउँपालिका नयाँ पुनर्संरचना भई स्थापना भएकोले आफ्नो संगठन तथा व्यवस्थापन सर्भे गरी सो वमोजिमको मानव संसाधन व्यवस्थापन कार्य करिव परिपूर्ति भइनसकेको अवस्था छ । कुल २८ दरवन्दीमा अधिकृत स्तर र सहयोगी कर्मचारीहरु रहेका छन् जसमध्ये ७ जनाको दरवन्दी पूर्ति हुन बाँकी छ । त्यसैले राजश्व इकाईमार्फत नभै आन्तरिक लेखापरीक्षकमार्फत राजश्व असुलीको व्यवस्था मिलाइएको हो । यसका साथै गाउँपालिकामा संघीय कार्यक्रम अन्तर्गत प्रधानमन्त्री स्वरोजगार कार्यक्रम र पञ्जीकरण सम्बन्धी कर्मचारीहरु कार्यरत रहेका छन् ।

सेवाप्रवाह स्तरमा कृषि र पशु विकास तथा स्वास्थ्य सम्बन्धी सेवाकेन्द्रहरु र स्वास्थ्य चौकी तथा केन्द्रहरु, विभिन्न सेवाप्रवाह गर्ने ईकाईहरु र विद्यालयहरु, खेलकूद लगायतका समितिहरुमा समेत मानवीय जनशक्ति कार्यरत रहेका छन् ।

## २.३ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था .

अजिरकोट गाउँपालिकाको कार्यालय वडा नं.३ को भच्चेकमा रहेको छ । हाल बहालमा रहेको भवनबाट कार्यालय सञ्चालन गरेको गाउँपालिकाको आफ्नो प्रशासकीय भवन निर्माणको क्रममा रहेकाले छिट्टै सम्पन्न हुने क्रममा छ । गाउँपालिकाका सम्पूर्ण शाखा, उपशाखा तथा इकाईहरू प्रशासकीय भवनबाट संञ्चालन गर्ने योजना छ ।

गाउँपालिकाका कुल ५ वटा वडा मध्ये ४ वटा वडा कार्यालयहरूको आफ्नै भवन छन् भने १ वडाको कार्यालय भवन सामाजिक संस्थाको भवनमा संचालन हुदै आएको छ र उक्त भवन वडालाई हस्तान्तरण गर्ने क्रममा रहेको छ । गाउँपालिका कार्यालय तथा सबै वडाहरूमा न्यूनतम आवश्यक हुने फर्निचर तथा औजार उपकरणहरु (कम्प्युटर, प्रिन्टर) र इन्टरनेट सुविधा रहेको छ ।

गाउँपालिकाको स्वामित्वमा १ वटा पिकअप जीप र १२ वटा मोटरसाइकल (५ वटा वडाहरुमा १–१ समेत), विकास कार्यका लागि १ वटा बुल्डोजर रहेका छन् । अजिरकोट गाउँपालिकाको भवन

निर्माण भैरहेको कम्पाउण्डको १० रोपनी जग्गा गाउँपालिकाको आफ्नै नाममा रहेको छ । गाउँपालिकाले आफ्नो तथा वडाको स्वामित्वमा रहेको जग्गा तथा भवनहरूको अभिलेख तयार गरी नियमित गर्न जरुरी देखिन्छ ।

गाउँपालिकाले आफ्नो तथा वडाको स्वामित्व एवं हकभोगमा रहेका सबै सम्पत्तिको उपयोग गरी नियमित आयआर्जन गर्नका लागि आवश्यक लगानी तथा नीतिगत निर्णय गर्न आवश्यक देखिन्छ ।

# परिच्छेद - तीन : गाउँपालिकाको राजश्व अधिकार तथा आय सम्भाब्यता

स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि गाउँपालिकाका तर्फबाट गरिएका कानूनी व्यवस्था र गाउँपालिकाको राजश्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतिहरु शीर्षकगत रुपमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था .

### ३.१.१ संवैधानिक ब्यवस्था

नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको वित्तीय अधिकार अन्तरगत स्थानीय तहहरुले सम्पत्ति कर (घरजग्गा कर), घरवहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर लगाउन सक्नेछन र गैरकर अन्तरगत सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना संकलन गर्न सक्नेछन् । राजश्व अधिकार सम्बन्धी विभिन्न तहहरुको एकल तथा साझा अधिकार सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ : तहगत राजश्व अधिकार**

| संघ | प्रदेश | स्थानीय | साझा |
|---|---|---|---|
| • भन्सार<br>• अन्तःशुल्क<br>• मूल्य अभिवृद्धि कर<br>• संस्थागत आयकर<br>• व्यक्तिगत आयकर<br>• पारिश्रमिक कर<br>• राहदानी शुल्क<br>• भिसा शुल्क<br>• पर्यटन दस्तुर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिबाना | • घरजग्गा रजिष्ट्रेशन शुल्क,<br>• सवारी साधन कर<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• पर्यटन<br>• कृषि आयमा कर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सम्पत्ति कर<br>• घर बहाल कर<br>• घर जग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• सेवा शुल्क दस्तुर<br>• पर्यटन शुल्क<br>• विज्ञापन कर<br>• व्यवसाय कर<br>• भूमिकर (मालपोत)<br>• मनोरञ्जन कर<br>• मालपोत संकलन<br>• दण्ड जरिवाना | • सेवा शुल्क,<br>• दस्तुर,<br>• दण्ड जरिवाना<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी,<br>• पर्यटन शुल्क |

*स्रोत : नेपालको संविधान, २०७२*

### ३.१.२ कानुनी व्यवस्था

**(क) स्थानीय सरकार सञ्चालन ऐनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि दफा ६३ सम्म स्थानीय तहको वित्तीय अधिकारका सम्बन्धी ब्यवस्था रहेको छ । यसमा कर अन्तर्गत प्रत्यक्ष करहरु जस्तै सम्पत्ति कर, भूमिकर (मालपोत), घरजग्गा बहाल कर, बहाल बिटौरी शुल्क, पार्किङशुल्क, जडीबुटी, कबाडी र जीवजन्तु कर आदि छन् भने अप्रत्यक्ष कर जस्तै व्यवसाय कर जस्ता करहरु रहेका छन् । यसैगरी गैरकर अन्तर्गत गाउँपालिका वा नगरपालिकाबाट विभिन्न सेवाहरु उपयोग गरे वापतको सेवाशुल्क जस्तै विभिन्न पर्यटन व्यवसायमा शुल्क, स्थानीय तहले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार उपयोग शुल्क, स्थानीय तहले उपलब्ध

गराएको कुनै सेवा उपयोग गरे वापत सेवा उपयोगकर्ताहरुबाट असूल गरिने सेवा व्यवस्थापन शुल्क, विभिन्न नियमन सेवा तथा सिफारिस वापत प्राप्त भएको दस्तुर वापतको रकम, नक्सापास दस्तुर र गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु विक्री र अन्य सम्पत्ति विक्री, सामुदायिक वनको आय र जनसहभागिता वापतको रकम आदि रहेका छन् ।

यसैगरी प्रदेश र स्थानीय तह दुबैले साझेदारीमा संकलन गर्ने घरजग्गा रजिष्ट्रेशन दस्तुर रहेको छ। जसको दर प्रदेशले तोक्ने र संकलन स्थानीय तहले गर्ने प्रावधान रहेको छ । हालसम्म संघीय तहबाट स्थानीय तहमा घरजग्गाको लगत स्थानान्तरण भइ नसकेको र संघीय सरकार मातहतको जिल्लास्थित मालपोत कार्यालयले नै घरजग्गा कर प्रदेश कानून बमोजिम असूल उपर गरी त्यसको ६० प्रतिशत सम्वन्धित स्थानीय गाउँपालिका वा नगरपालिका र ४० प्रतिशत सम्वन्धित प्रदेशमा पठाउने गरेको छ ।

यसरी स्थानीय गाउँपालिकामा देहायको चित्रमा देखाए बमोजिमका स्रोतबाट रकम प्राप्त हुने गर्दछ ।




अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको वित्तीय अधिकारलाई थप स्पष्ट पार्न संघीय, प्रदेश सरकार र स्थानीय तहले परिचालन गर्ने कर र गैर करका शीर्षकहरु निर्धारण गर्नुको अलावा संविधानका अनुसूचीमा एकल अधिकारमा दोहोरो अधिकारक्षेत्रमा परेका र संयुक्त अधिकार क्षेत्रका राजस्वका शीर्षकहरुको सन्दर्भमा प्रदेश र स्थानीय तह बीच एकल कर प्रशासन सम्वन्धमा निम्नानुसारको थप व्यवस्था समेत गरेको छ । शुरुमा राखिएको व्यवस्थामा २०७५ सालको आर्थिक ऐनले थप परिमार्जन समेत गरेको छ । परिमार्जित व्यवस्था देहाय बमोजिम रहेको छ ।

**(ख) एकल कर प्रशासन सम्वन्धी व्यवस्था** *(आर्थिक ऐन २०७५ बाट अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा ५ र ६ मा भएको संशोधन)*

**तालिका ३ : एकल कर प्रशासन अन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तह बीच बाँडफाँड व्यवस्था**

| करका क्षेत्रहरु | दर निर्धारण गर्ने | संकलन गर्ने तह | राजश्व बाँडफाँड (प्रतिशतमा) | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |
| सवारी साधन कर | प्रदेश | प्रदेश | ६० | ४० |
| रजिष्ट्रेशन शुल्क | प्रदेश | स्थानीय | ४० | ६० |
| मनोरञ्जन कर | प्रदेश | स्थानीय | ४० | ६० |
| विज्ञापन कर | स्थानीय तह | स्थानीय | ४० | ६० |
| अन्य सवारी साधन कर (टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा) | स्थानीय तह | स्थानीय तह | | १०० |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ (आर्थिक ऐन २०७५ द्वारा संशोधित) दफा ५ र ६*

एकल कोषको व्यवस्थापन: एकल कोषको व्यवस्थापन देहाय अनुसार हुनेछ-

- यस्तो एकल कर बांडफाँट प्रयोजनका लागि संकलन गर्ने तहले (प्रदेश र स्थानीय) संकलित रकम विभाज्य कोषमा जम्मा गर्नु पर्ने हुन्छ ।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्ने ।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने र मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।
- स्थानीय तहले विभाज्य कोषमा रहेको रकमको चालिस प्रतिशत आवधिक रुपमा प्रदेशको सञ्चित कोषमा दाखिला गर्नुपर्ने ।

**स्थानीय तहको आन्तरिक आय :**

स्थानीय तहका सरकार अर्थात गाउँपालिका तथा नगरपालिकालाई कानूनले कर, सेवाशुल्क, दस्तुर तथा दण्ड जरिवानाबाट राजस्व प्राप्त गर्ने अधिकार प्रदान गरेको छ । यी राजस्वका स्रोतहरु सम्वन्धित व्यक्तिले प्रत्यक्ष रुपमा भुक्तानी गर्नुपर्ने किसिमका छन् । यसैले हरेक नागरिकले आफूले तिरेको करको उपयोग स्थानीय सरकारले कसरी गरेको छ भन्ने बिषयमा स्वभाविक रुपमा चासो र सरोकार राख्ने गर्दछन् र स्थानीय सरकारले यसको सही उपयोग गर्ने दायित्व निर्वाह गर्नु पर्दछ ।




**राजस्व परिचालन चक्र र प्रक्रिया:**

स्थानीय तहमा राजस्व परिचालनलाई सुदृढ बनाउन देहाय बमोजिमको चक्र अनुसारका विभिन्न खुड्किलाहरु जस्तै (क) नीति तथा कार्यविधिहरुको निर्माण र संस्थागत व्यवस्था (यस अन्तर्गत ऐन, कानून कार्यविधिहरुको तर्जुमा, नियमावली निर्णयहरु निर्माण तथा पुराना काम नलाग्ने निर्णयहरु खारेजी, करको ढाँचा र दरको निर्धारण तथा सभाबाट अनुमोदन र सशक्त र प्रभावकारी राजस्व शाखाको स्थापना गरी कर्मचारीको व्यवस्था समेत पर्दछन्), (ख) करदाताहरुको गणना र दर्ता ( राजस्वको नक्सांकन, करदाताहरुको पहिचान तथा लगत तयारी, फारामको उपलब्धता र सो फाराममा आम्दानीको स्रोतको अभिलेखीकरण),




(ग) राजस्वको बारेमा जानकारी, प्रचार प्रसार र करको अनुमान (करयोग्य स्रोत निर्धारण र सार्वजनिक छलफल तथा चेतनामुलक गोष्ठीहरुको आयोजना), (घ) कर संकलन तथा करदाताहरुसँग सम्बन्ध निर्माण (तिरेको करको बिल बनाई वितरण गर्ने र करचुक्ता विधि तथा प्रणालीको प्रचार प्रसार, आम संचारको माध्यमबाट प्रचार प्रसार र छलफल कार्यक्रमको आयोजना), (ङ) कार्यान्वयन तथा अनुगमन, आन्तरिक नियन्त्रण (बिल र रसिद काटेको तथा कर संकलन भएको सुनिश्चित गर्ने, समयमा आर्थिक प्रशासन शाखामा कर रकम दाखिला तथा आम्दानी बाँधिएको सुनिश्चितता र आन्तरिक लेखापरीक्षण, समयमा कर नतिर्ने करदातालाई दण्ड जरिवाना भए नभएको अनुगमन र कानूनी कारबाही, अन्तिम लेखापरीक्षण आदि), र (च) अभिलेखीकरण तथा प्रतिवेदन र उत्तरदायित्व वहन (गाउँपालिकाको सेवा र राजस्वको आबद्धता, राजस्व संकलन तथा यसको उपयोगको सार्वजनिकीकरण, करको किसिम र स्थानको आधारमा राजस्वको प्रतिवेदन र नियमित रुपमा प्रकाशन गर्ने आदि) आदि पर्दछन् । यो चक्रका प्रत्येक खुडकिलामा गाउँपालिकाको राजस्व प्रशासन र अन्य प्रशासकीय व्यवस्था, प्रमुख प्रशासकीय अधिकृत तथा अध्यक्ष, र समग्र कार्यपालिकाको सहयोग, समन्वय, सहजीकरण र निगरानी आवश्यक पर्छ ।

**गाउँपालिकाको आन्तरिक राजस्वका स्रोतहरु:**

**(क) सम्पत्ति कर सम्वन्धी व्यवस्था :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउने छ । यस वमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाएर वाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्नेछ । स्पष्टिकरण: घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको क्षेत्रफल बराबरको जग्गा र अधिकतम सो बरावरको थप जग्गा सम्भनु पर्दछ । यसरी सम्पत्ति कर लगाउँदा देहायबमोजिमका विषयलाई आधार लिनु पर्ने व्यवस्था रहेकोछ :

(क) घर र जग्गाको आकार प्रकार र बनौट
(ख) घर र जग्गाको प्रचलित बजार मूल्य तथा घरको हकमा ह्रासमूल्य
(ग) घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

**(ख) भूमिकर (मालपोत) सम्वन्धी व्यवस्था :** गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगको आधारमा भूमिकर (मालपोत) लगाउनेछ । आर्थिक ऐन, २०७५ (पछि केही नेपाल ऐन संशोधन गर्ने ऐन २०७५ द्धारा संशोधित) ले घर र त्यसले चर्चेको निश्चित जग्गामा सम्पत्ति कर लगाएपछि सोभन्दा बढी जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने व्यवस्था छ । तर सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाइने छैन ।

**(ग) व्यवसाय कर :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउन सक्नेछ ।

**(घ) घर जग्गा वहाल कर** : गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति, वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा, पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएको गाउँपालिकाले त्यस्तो वहाल रकममा वहाल कर लगाउन सक्नेछ ।

**(ङ) सवारी कर** : गाउँपालिकाले सिमित सवारी साधन (अटोरिक्सा तथा इ-रिक्सा, ठेला गाडा, टाँगा र रिक्सा) हरुको मात्र दर्ता, नवीकरण तथा वार्षिक सवारी कर संकलन गर्न सक्ने अधिकार पाएको छ । अजिरकोट गाउँपालिकाले यसका लागि दर निर्धारण गरेको अवस्था छ ।

**(च) विज्ञापन कर** : गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड, स्टल आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था रहेको छ ।

**(छ) गैरकरहरु** : स्थानीय सरकार सञ्चालन ऐनमा गाउँपालिकाले पर्यटन शुल्क अन्तर्गत आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकीङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, ¥याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहासिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवाशुल्क लगाउने व्यवस्था रहेको छ ।

यसैगरी गाउँपालिकाबाट विभिन्न सिफारिसहरु, इजाजत पत्र तथा नवीकरण जस्तै एफएम रेडियो सञ्चालन, 'घ' वर्गको निर्माण इजाजत पत्र, निजी विद्यालय स्थापना, स्थानीयस्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युशन तथा कोचिङ सेन्टर, औषधि पसल, घरजग्गा कारोवार (प्लटिङ्ग) जस्ता व्यवसायिक संस्थाहरुको दर्ता, नवीकरण आदिमा विभिन्न दस्तुर संकलन गर्ने व्यवस्था रहेको छ ।

**(ज) प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड सम्वन्धी व्यवस्था :** अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ अनुसार प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड अन्तरगत पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी बाँडफाँड सम्बन्धमा निम्न व्यवस्था गरेको छ ।

**तालिका ४ : प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड (प्रतिशतमा)**

| श्रोतहरु | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| पर्वतारोहण | ५० | २५ | २५ |

| श्रोतहरु | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| विद्युत | ५० | २५ | २५ |
| बन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य स्रोत | ५० | २५ | २५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४, अनुसूची ४*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहले प्राप्त गर्ने २५ प्रतिशत हिस्साको लागि प्रत्येक स्थानीय तहको प्राकृतिक स्रोतको अवस्थिति तथा प्राकृतिक स्रोतमा आधारित परियोजना वा उपयोगबाट प्रभावित क्षेत्र र जनसंख्याको पहिचान गरी स्थानीय तहलाई रकम बाँडफाँड गर्न सिफारिस गरेको छ ।

**(झ) कर राजश्व बाँडफाँड सम्वन्धी व्यवस्था :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिबृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्क रकम मध्येबाट उठेको रकमलाई संघीय विभाज्य कोषमा राखी सो रकमबाट संघीय सरकारले ७०%, प्रदेशले १५% र स्थानीय सरकारले १५% बाडँफाँट गर्ने व्यवस्था रहेको छ ।

**तालिका ५ : कर राजश्वको बाँडफाँड सम्बन्धी व्यवस्था**

| श्रोतहरु | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| मूल्य अभिबृद्धि कर (भ्याट) | ७० | १५ | १५ |
| अन्तशुल्क | ७० | १५ | १५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३ (६)*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार विभिन्न तहका सरकारहरुका बीचमा अनुदान सिफारिस गर्दा लिइने आधारहरु, राजश्वको बाँडफाँड गर्दा लिईने आधारहरु र प्राकृतिक स्रोतको परिचालन गर्दा लिईने आधार र मापदण्डहरु तयार गरी कार्यान्वयनका लागि सहजीकरण गर्नु पर्ने व्यवस्था रहेको छ । प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सम्बन्धित तहहरुलाई सुझाव दिने संवैधानिक व्यवस्था रहेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँड गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस समेत गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

हाल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जनसंख्या (कूल जनसंख्या र आश्रित जनसंख्या), क्षेत्रफल, मानव विकास सुचकांक, न्यून विकास सूचकांकको आधारमा प्रदेश तथा स्थानीय तहलाई राजस्व बाँडफाँड गर्ने गरी आगामी ५ बर्षको लागि सिफारिस गरेको छ ।

| क्र.सं. | आधारहरु | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| १ | जनसंख्या | ७० | ७० |

| | | | |
|---|---|---|---|
| | कूल जनसंख्या अनुपात ८०<br>आश्रित जनसंख्या अनुपात २० | | |
| २ | क्षेत्रफल | १५ | १५ |
| ३ | मानव विकास सूचकांक | ५ | ५ |
| ४ | न्यून विकास सूचकांक<br>(पुर्वाधार सूचकांक ७०%, खर्चको आवश्यकता सूचकांक २०% र सामाजिक तथा आर्थिक असमानता सूचकांक १०%) | १० | १० |
| | **जम्मा** | **१००** | **१००** |

यस सूत्रबाट आएको रकममा ठूलो फरक देखिने र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा २१ ले प्रदेश तथा स्थानीय तहले आफ्नो प्रशासनिक खर्च आन्तरिक राजस्व तथा राजस्व बाँडफाँडबाट पु¥याउनु पर्ने हुनाले वित्त आयोगले प्रत्येक स्थानीय तहलाई न्यूनतम रकम र त्यसमा थप रकम सूत्र अनुसार रकम बाँडफाँड गर्ने गरेको छ । आयोगले गत आ.ब. २०७६/७७ मा ३ करोड ५० लाख र आ.ब. २०७५/७६ मा ३ करोड न्यूनतम रकम र त्यसपछि सुत्र अनुसारको रकम प्रत्येक स्थानीय तहलाई प्रदान गर्ने गरी नेपाल सरकारलाई राजस्व बाँडफाँड गर्न सिफारिस गरेको थियो ।

## ३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको बर्तमान अवस्था

अजिरकोट गाउँपालिकाको मुख्य आन्तरिक आयका प्रमुख स्रोतहरुमा मालपोत, सिफारिस तथा अन्य दस्तुर, सेवा शुल्क दस्तुर, सम्पत्ति कर, व्यवसाय दर्ता तथा नवीकरण दस्तुर आदि रहेका छन् । आर्थिक वर्ष २०७५/०७६ मा आन्तरिक राजश्वको प्रस्तावित भन्दा यथार्थ आय ३३,९१,६५८ र आर्थिक वर्ष २०७६/०७७ मा ३२१५७४२ भई अघिल्लो वर्षभन्दा कम आम्दानी प्राप्त भएको छ, जसलाई देहायको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।




*स्रोत : अजिरकोट गाउँपालिका*

आर्थिक वर्ष २०७६/०७७ मा आन्तरिक राजश्व रु.४१ लाख १० हजार प्रस्ताव गरिएकोमा करिव रु. ३२ लाख १५ हजार ( ले कम) आम्दानी प्राप्त भएको छ ।

गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ मा यथार्थ आन्तरिक राजश्व वढेको र २०७६/०७७ मा यथार्थ आन्तरिक राजश्व घटेको देखिन्छ भने वार्षिक गरी प्रस्ताव गरेको देखिन्छ । यसैगरी आ.व.२०७७/०७८ का लागि प्रस्तावित आन्तरिक आय अघिल्लो वर्षको प्रस्तावित भन्दा ४.६२% बृद्धि गरिएको र यथार्थ आय भन्दा ले गरी प्रस्ताव गरेको देखिन्छ।

गाउँपालिकाको आन्तरिक राजश्वको सम्भावनालाई अधिकतम उपयोगमार्फत राजश्व अझ बृद्धि गरी स्थानीय आवश्यकता परिपूर्तिका लागि स्रोत व्यवस्थापन गर्नुपर्नेमा यहाँ राजश्वको प्रस्ताव र यथार्थमा ज्यादै उतारचढाव देखिन्छ । यसको समाधानका लागि गाउँपालिकाको क्षेत्राधिकार भित्रका कर लगाउन सकिने सम्भाव्य क्षेत्रहरुको यथार्थ अवस्था विश्लेषण सहितको राजश्व सुधार कार्ययोजना तर्जुमा, जमिनको लगत अध्यावधिक, करदाताहरुको पहिचान र विवरण संकलन, पर्यटकीय क्षेत्रहरुको विकास, प्रवर्द्धन र प्रचार प्रसारका साथै स्थानीय आर्थिक विकास र रोजगारी सिर्जना हुने कार्यक्रम सञ्चालनमा थप पहलबाट गाउँपालिकालाई आर्थिक रुपमा सुदृढीकरण गर्न पुग्दछ । गाउँपालिकाका राजश्वका स्रोतका आधारमा आन्तरिक आयको वर्तमान अवस्था देहायको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ६ : आन्तरिक स्रोतको अवस्था**

| राजश्व संकेत | राजस्व शीर्षक | आ.ब. २०७५/७६ यथार्थ | आ.ब. २०७६/७७ | | आ.ब. २०७७/७८ बजेट |
|---|---|---|---|---|---|
| | | | बजेट | यथार्थ | |
| **क.** | **कर राजश्व** | | | | |
| ११13१ | सम्पत्ति वाहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | | २४०,००० | २०,००० | |
| ११३१३ | सम्पति कर | १६०००० | २५०,००० | ५७,५०६ | १५०,००० |
| ११३१४ | मालपोत (भूमि कर) | १११४०७५ | २००,००० | ७३४,४१३ | २००,००० |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन शुल्क | | - | - | ३००,००० |
| ११३२१ | घर जग्गा बहाल कर | ४५४२२४ | २००,००० | १७५,६३२ | २००,००० |
| १४६११ | व्यवसाय कर | | | - | २५०,००० |
| | **कर राजश्वको जम्मा** | **१७२८२९९** | **८९०,०००** | **९८७५५१** | **१,१००,०००** |
| **ख.** | **गैरकर राजश्व** | | | | |
| १४२१३ | अन्य सेवा शुल्क तथा विक्रीबाट प्राप्त (प्राकृतिक एवं खानीजन्य वस्तु) ढुंगा, गिट्टी, बालुवा | | २,२००,००० | ६५,००० | २,३५०,००० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | ५०,००० | | |
| १४२२४ | परीक्षा शुल्क | | ५०,००० | ४७,६०० | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (अन्य कर) | ८५२१५१ | ५०,००० | ४९३३९२.५ | |
| १४२४२ | नक्सा पास दस्तुर | - | - | - | - |
| १४२५३ | व्यवसाय दर्ता/नवीकरण शुल्क | - | २००,००० | २०२,५४१ | - |
| १४२४३ | सिफारिस दस्तुर | ४२४०२२ | ३००,००० | ३१२,९९३.६९ | ५२०,००० |
| १४२४५ | प्रमाणित दस्तुर | | १००,००० | ३७०,९८० | २८०,००० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | | १००,००० | ३३२,३६५ | - |

| राजश्व संकेत | राजस्व शीर्षक | आ.ब. २०७५/७६ यथार्थ | आ.ब. २०७६/७७ | | आ.ब. २०७७/७८ बजेट |
|---|---|---|---|---|---|
| | | | बजेट | यथार्थ | |
| १४१९१ | पर्यटन शुल्क | - | १००,००० | १९,३०० | |
| १४३११ | न्यायिक दण्ड, जरिवाना, जफत | १०,००० | २०,००० | १८,०१९ | - |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना, जफत | | ५०,००० | ३६६,००० | ५०,००० |
| | **गैरकर राजश्वको जम्मा** | १६६३३५९ | ३,२२०,००० | २२२८१९१.१९ | ३,२००,००० |
| | **कुल जम्मा** | ३३९१६५८ | ४,११०,००० | ३२१५७४२.१९ | ४,३००,००० |

*स्रोत : अजिरकोट गाउँपालिका (सूत्रबाट प्राप्त प्रतिवेदन तथा आर्थिक बर्ष २०७७/०७८ को बार्षिक नीति तथा कार्यक्रम, बजेट बक्तव्य एवं स्वीकृत बार्षिक कार्यक्रम पुस्तिका)*

आर्थिक वर्ष २०७६/०७७ को बजेट प्रस्ताव तथा आम्दानी शीर्षकहरुको उचित रुपमा प्रयोग नभएको र आम्दानी देखाइएका शीर्षकहरुमा यस बर्षमात्र आम्दानी देखिएको र त्यस पछाडि समेत कुनै अनुमान नगरिएको पाइएकोले यसतर्फ गाउँपालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

## ३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

अजिरकोट गाउँपालिका विभिन्न टार, उच्च पहाडी र हिमाली क्षेत्रको मिश्रित भूभाग भएको हुनाले यहाँको आर्थिक क्रियाकलापको मुख्य आधार कृषियोग्य जमिन, प्राकृतिक स्रोत साधनहरु जस्तै : हिमाल, वन जंगल, खनिज, खोला तथा नदी आदि रहेका छन् । त्यसैगरी यहाँको पाखो तथा बारी क्षेत्रमा अलैंची, कफि तथा फलफूल, तरकारी, आलु, मासको दाल, जडिवुटी, तेजपत्ता, कृषि वन आदिको व्यवसायिक उत्पादनको सम्भावना रहेको छ । यहाँ पर्यटनका केही पूर्वाधारहरु तयार भई पर्यटन व्यवसाय सञ्चालनमा रहेको हुनाले त्यसको गुणस्तर र परिमाण बृद्धिका लागि पर्यटन प्रवर्द्धन गर्ने अवसर रहेको छ । यस क्षेत्रमा संलग्न रहेका र आउन चाहने महिलाहरुलाई प्रत्यक्ष लाभदायी बनाई कार्यक्रममा समावेश गरेमा करको दायरा थप फराकिलो हुने सम्भावना छ ।

यस गाउँपालिका वारपाक राजमार्गसँग जोडिएको, गाउँपालिकाको केन्द्रसम्म कालोपत्रे सडक पुग्ने क्रममा रहेको तथा स्थानीय सडक सञ्जालले सवै वडाहरुलाई जोड्न प्रयास भइरहेको हुनाले गाउँपालिकाको उत्पादनले बजारसम्म पहुँच सहज हुँदै गइरहेको छ । यहाँ फलफूल तथा कृषि तथा पशुपालनको व्यवसायीकरण, खाद्यान्न वाली, नगदे बाली, तरकारी उत्पादन तथा पशुजन्य उत्पादन जोड दिदै आएको छ । स्थानीय कच्चा पदार्थमा आधारित प्रारम्भिक प्रशोधन तथा निकासीको सम्भावना देखिएको तथा विभिन्न किसिमका साना तथा घरेलु उद्यम र व्यवसायको विकास तथा विस्तारमा जोड दिन सकिने सम्भावना देखिएको छ । साथै यहाँ क्रमशः स्थानीय बजार तथा स्थानीय उत्पादन विक्री केन्द्र स्थापना भइरहेका छन् ।

### ३.३.१ कर राजश्व

गाउँपालिकाको राजश्वका स्रोतहरु मध्ये कर राजश्व अन्तर्गत हाल परिचालन भइरहेको, सम्भाव्य स्रोत र सोको परिचालनका लागि गर्नुपर्ने सुधारहरु यसप्रकार रहेका छन् :

**क. सम्पति कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५५ मा सम्पत्ति कर सम्बन्धी प्रावधान रहेको छ । उक्त दफा अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो घरले चर्चेको क्षेत्रफल बराबरसम्मको जग्गामा सम्पत्ति कर लगाउन सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** गाउँपालिकाले सम्पत्ति कर वापत आ.व.२०७५/७६ मा रु. १ लाख ६० हजार प्राप्त गरेको छ । आ.व.२०७६/७७ मा सम्पत्ति कर शीर्षकमा रु.२ लाख ५० हजार प्राप्त हुने




अनुमान गरेकोमा करिव रु.५८ हजार असुल भएको देखिन्छ । यसैगरी आ.व.२०७७/७८ का लागि रु.१ लाख ५० हजार अनुमान गरिएको पाइन्छ ।

**सम्भावना :** यस गाउँपालिकामा ३७९६ घरपरिवारको वसोवास रहेकोमा करिब ९५ प्रतिशत घरहरु मापदण्ड अनुसार बनेकाले ति सबै घरमा सम्पत्ति कर लगाउने सम्भावना रहेको देखिन्छ । घरको संरचनालाई विश्लेषण गर्दा जस्तापाताको छाना भएका ३४८० आर.सि.सि. गरिएका २२४, ढुंगाको छानो भएका ३० र फुस तथा अन्यको छानो भएका ५२ वटा घरहरु रहेकाले सम्पत्ति कर लगाउन तथा कर संकलन गर्न समेत तुलनात्मक रुपमा सरल रहेको देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** सम्पत्ति कर घरजग्गामा लाग्ने र गाउँपालिकामा भएका सबै घरको वास्ताविक मूल्यांकन गर्न सकिएमा यो गाउँपालिकाको सबभन्दा भरपर्दो आम्दानीको स्रोत हो । यसको लागि गाउँपालिकाले नीतिगत र प्रशासनिक व्यवस्थापनमा जोड दिई कार्यान्वयन गर्नुपर्छ । नीतिगत सुधार अन्तर्गत सबै घरधुरीलाई अनिवार्य रुपमा कर लगाउन घरजग्गाको मूल्यांकनको आधार र तौरतरिकाको स्पष्ट मार्गदर्शन गर्ने, बार्षिक आर्थिक ऐनमा जनताको करतिर्ने क्षमता अनुसारको दर निर्धारण गर्ने तथा शुरुवातमा के कस्ता छुट दिन सकिन्छ भन्ने बिषय समेत स्पष्ट गर्ने तथा समयमा कर नतिर्ने करदातालाई दण्ड जरिवानाको व्यवस्था समेत गर्ने बिषयहरु समावेश गर्नुपर्ने हुन्छ । यसैगरी प्रशासनिक सुधार अन्तर्गत सक्षम कर्मचारी सहितको कर शाखाको स्थापना, सफ्टवेयर सहितको कम्प्युटराईज विलिङ पद्धति, कर संकलनको तौर तरिका र वडा तहबाट अनुगमन गर्ने पद्धति विकास गर्नु अनिवार्य हुन्छ । यसमा गाउँपालिकाले हरेक घरधुरीको तथ्यांक, घरजग्गाको वास्तविक मूल्यांकन अनुसारको तथ्यांकमा आधारित करदाताको लगत तयार गर्ने तथा यसलाई आगामी आर्थिक विद्येयकमा छुट्टै शीर्षक अन्तर्गत नक्सा नियमित र नयाँ नक्सा पास गराउने कुरा समावेश गरी गाउँसभाबाट स्वीकृत गराउने र यसलाई गाउँपालिका तथा वडास्तरबाट कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्न उपयुक्त देखिन्छ ।

सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको मूल्यांकन गर्दा चलनचल्तीको मूल्य र घरजग्गा रजिष्ट्रेशन प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम मूल्यांकनको औसतलाई आधार मानी

सम्पत्तिको स्वामीले स्वघोषणा गर्ने र वडाले प्रमाणित गर्ने परिपाटी अपनाउनु उपयुक्त हुन्छ । यस्तो मूल्यांकन गर्दा मन्त्रालयले २०७४ सालमा जारी गरेको नमूना ऐन र २०७५ सालको संशोधन पछि जारी निर्देशन अनुसार एक समिति गठन गरी सम्पत्ति कर लाग्ने सम्पत्तिको लगत तयार गर्ने, मूल्य कायम गर्दा स्वघोषणा विधि अपनाउने र एक पटक गरेको मूल्यांकन ३ बर्षसम्म परिवर्तन नहुने गर्नुपर्छ । तर यसरी कायम गरिएको सम्पत्तिको मूल्यांकन रकमलाई जुनसुकै प्रयोजनको लागि पनि गाउँपालिकाले सिफारिस गर्दा परिवर्तन गर्न हुँदैन । विभिन्न स्थानीय तहमा सम्पत्ति कर प्रयोजनको लागि मूल्यांकन गर्दा कम मूल्य घोषणा गर्ने तर सोही सम्पत्ति ऋण लिन सिफारिस गर्दा वा विदेश जान सम्पत्ति प्रमाणित गर्दा बढी मूल्यमा सिफारिस माग गर्ने परिपाटी रहेको देखिएकोले यसमा मन्त्रालयले जुनसुकै प्रयोजनको लागि पनि एउटै मूल्य कायम गर्ने अनुरोध गरेको थियो ।

सम्पत्ति मूल्यांकन अनुसार कर निर्धारण गर्दा शुरु मूल्य रु. ५० हजार सम्मको सम्पत्तिमा रु. ५०।- र त्यसपछि सम्पत्तिको मूल्य अनुसार थप प्रतिहजारको सम्पत्तिमा -।२० पैसा देखि सम्पतिको मूल्य बढदै जाँदा थप प्रति हजारमा रु. २।- सम्म बार्षिक कर लाग्ने गरी सम्पत्ति करको दर निर्धारण गर्नु उपयुक्त हुन्छ । यसरी सम्पत्ति कर लगाउन गाउँपालिकाले एक छुट्टै सम्पत्ति कर निर्देशिका जारी गरी सोही बमोजिम कार्यान्वयन गर्नु उपयुक्त हुने देखिन्छ । यसमा घरमूली महिला वा महिलाको स्वामित्वमा सम्पत्ति भएमा केहि छुट दिने गरी आर्थिक ऐनमा व्यवस्था गर्न सकिने छ ।

सम्पत्ति कर हिसाब गर्दा कार्य सरलताको लागि राजस्व शाखामा कम्पुटर सफ्टवेयर जडान गरी कर निर्धारण तथा बिल काट्ने गरिएमा सजिलो हुने तथा मानवीय कमजोरी तथा त्रुटीबाट हुने नकारात्मक असरलाई कम गन सकिन्छ ।

नमूनाको लागि देहायमा एउटा उदाहरण प्रस्तुत गरिएको छ ।

**सम्पत्ति करको सम्पत्ति मूल्यांकन गरिसकेपछि मूल्यांकित अंक र त्यसमा लाग्ने करको रकमको नमूना**

| सम्पत्ति मूल्यांकन रु. | सम्पत्ति मूल्यांकन रु. | कूल मूल्य रु. | थप प्रतिहजार करको दर रु. | कर रकम रु. | कूल कर रकम रु. |
|---|---|---|---|---|---|
| १ देखि ५०,००० सम्म | ५०,००० | ५०,००० | न्यूनतम | ५० | ५०.०० |
| ५०,००१ देखि २,००,००० सम्म | १५०,००० | २००,००० | ०.२० | ३० | ८०.०० |
| २,००,००१ देखि ५,००,००० सम्म | ३००,००० | ५००,००० | ०.२५ | ७५ | १५५.०० |
| ५,००,००१ देखि १०,००,००० सम्म | ५००,००० | १,०००,००० | ०.३० | १५० | ३०५.०० |
| १०,००,००१ देखि २०,००,००० सम्म | १,०००,००० | २,०००,००० | ०.३५ | ३५० | ६५५.०० |
| २०,००,००१ देखि ४०,००,००० सम्म | २,०००,००० | ४,०००,००० | ०.४० | ८०० | १,४५५.०० |
| ४०,००,००१ देखि ७०,००,००० सम्म | ३,०००,००० | ७,०००,००० | ०.४५ | १,३५० | २,८०५.०० |
| ७०,००,००१ देखि १,१०,००,००० सम्म | ४,०००,००० | ११,०००,००० | ०.५० | २,००० | ४,८०५.०० |
| १,१०,००,००१ देखि २,००,००,००० सम्म | ९,०००,००० | २०,०००,००० | ०.६० | ५,४०० | १०,२०५.०० |
| २,००,००,००१ देखि ५,००,००,००० सम्म | ३०,०००,००० | ५०,०००,००० | ०.७० | २१,००० | ३१,२०५.०० |
| ५,००,००,००१ देखि १०,००,००,००० सम्म | ५०,०००,००० | १००,०००,००० | ०.८० | ४०,००० | ७१,२०५.०० |
| १०,००,००,००१ देखि २०,००,००,००० सम्म | १००,०००,००० | २००,०००,००० | १.०० | १००,००० | १७१,२०५.०० |
| २०,००,००,००१ देखि ४०,००,००,००० सम्म | २००,०००,००० | ४००,०००,००० | १.५० | ३००,००० | ४७१,२०५.०० |
| ४०,००,००,००१ देखि ७०,००,००,००० सम्म | ३००,०००,००० | ७००,०००,००० | २.०० | ६००,००० | १,०७१,२०५.०० |

## ख. भूमिकर (मालपोत)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५६ अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खेतियोग्य जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमिकर (मालपोत) लगाउन सक्ने व्यवस्था रहेको छ । तर सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) नलगाइने उल्लेख गरेको छ ।

**विद्यमान अवस्था :** मालपोत गाउँपालिकाको परम्परादेखि चल्दै आएको र दिगो राजश्वको स्रोत हो । गाउँपालिकाले आ.व.२०७५/७६ मा रु.११ लाख १४ हजार प्राप्त गरेको छ । आ.व. २०७६/७७ मा यस शीर्षकमा सूत्रबाट लिइएको प्रतिवेदन अनुसार रु.२ लाख अनुमान भएकोमा साढे तीन गुणाले बृद्धि भई रु.७ लाख ३४ हजार प्राप्त भएको देखिन्छ । यो रकममा घरजग्गा रजिष्ट्रेशन शुल्क र सम्पत्ति करको रकम समेत समावेश भएकोले बढी देखिएको हो । आ.व.२०७७/७८ का लागि रु.२ लाख अनुमान गरिएको पाइन्छ । अजिरकोट गाउँपालिकाको कुल क्षेत्रफल १९८.०५ वर्ग किमि रहेको मध्ये २१.८२% खेतीयोग्य जमिन रहेको देखिएकोले ४३.२१ वर्ग किमि हुन्छ । अर्थात ४३२१ हेक्टर वा ८४,९५१ रोपनी[1] जमिन खेतीपातीका लागि उपयोग भएको देखिन्छ । तर अजिरकोट गाउँपालिकाको प्रोफाईल अनुसार कूल कृषियोग्य जमिन १३,९०० हेक्टर (२,७३,२७४ रोपनी) मध्ये २८०० हेक्टर (५५,०४८ रोपनी) सिंचाई योग्य जमिन रहेको उल्लेख छ । तथ्यांक यकिन गरी यसमध्ये घरघडेरीलाई सम्पत्ति करको स्रोतका रुपमा लिएपछि बाँकी रहने जमिनमा भूमिकर (मालपोत) लगाउनु पर्दछ । यहाँ भूमिकर/मालपोत प्रयोजनका लागि आर्थिक ऐन वमोजिम भच्चेक बजार र बालुवा बजार क्षेत्रका मूलसडकसँग जोडिएका र सो वाहेकका जग्गाका आधारमा दर निर्धारण भएको छ । विलम्व वापत प्रति रोपनी रु.५ थप गर्ने व्यवस्था रहेको छ ।




**करको सम्भावना :** यस गाउँपालिकाको सम्पत्ति कर लगाएको वाहेकको जमिनलाई उपयोगका आधारमा मूल्यांकन गरी भूमिकर तथा मालपोत लगाउन सकिन्छ । गत आर्थिक बर्षमा जारी भएको भू उपयोग ऐनको प्रावधान अनुसार गाउँपालिकाको नेतृत्वमा उपलब्ध जमीनलाई कृषिक्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र र औद्योगिक लगायत अन्य तोकिएका क्षेत्र छुट्याई गरी जग्गाको वर्गीकरण तथा भूस्वामित्व अनुसार नै कर प्रत्यारोपण गर्ने नीति लिइएमा जमीनको उपयोगिता अनुसार विभिन्न दरमा कर प्रत्यारोपण गर्न सकिने भएकोले हालको भन्दा निकै बढी कर असूल हुनसक्ने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** गाउँपालिकाले हरेक वडामा रहेको जमिनलाई नयाँ भूमीसम्बन्धी ऐनको प्रावधान बमोजिम वर्गिकरण गरी भूमीको प्रयोजन अनुसार सम्पत्ति कर लगाए बाहेकको जमिनलाई खेती प्रयोजनमा प्रयोग भएको र सडक यातायातले नछोएकोमा मालपोत मात्र र खेती प्रयोजनमा प्रयोग भएको तथा अन्य प्रयोजनमा प्रयोग भएको र सडक यातायातको सुविधा भएको जमिनमा

[1] १ वर्ग किमि = १०० हेक्टर, १ हेक्टर = १०७,६३९ वर्गफुट/१९.६६ रोपनी हुने भएकाले ४३.२१ वर्ग किमि = ४३२१ हेक्टर * १९.६६ = ८४,९५१ रोपनी । https://www.metric-conversions.org/area/square-kilometers-to-hectares.htm

मालपोत र थप भूमिकर लगाउने गरी वर्गीकरण अनुसारको लगत तयार गर्नु पर्ने देखिन्छ । जमिनको वर्गीकरण अनुसार र परिमाणलाई विश्लेषण गरी प्रगतिशील किसिमको दर निर्धारण तथा गाउँसभाबाट स्वीकृत गरी सोही नीति अनुसार गाउँपालिका तथा वडास्तरबाट कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नुपर्ने देखिन्छ । साथै बक्यौताको विवरण तयार गरी सो उठाउन पनि पहल गर्नुपर्ने देखिन्छ ।

यसरी मालपोत लगाउँदा प्रगतिशील र व्यवहारिक मालपोतको दर निर्धारण र असूली गर्न देहाय बमोजिम गर्दा उपयुक्त हुने देखिन्छ ।

१. मालपोत तथा भूमिकरको दर निर्धारण गर्दा जग्गाको उत्पादकत्व, उपलब्ध सिंचाई सुविधा र उक्त जग्गाबाट हुने बार्षिक उत्पादनलाई विश्लेषण गरी निर्धारण गर्नु उपयुक्त हुने ।

२. सवारी साधन चल्ने बाटोको छेउमा परेका प्लटहरूको व्यवसायिक महत्व हुने हुँदा त्यस्ता प्लटहरूमा भूमिकर थप लगाउनु उपयुक्त हुने देखिन्छ । तर त्यस्ता प्लटहरुमा कुनै संरचना बनेमा सम्पत्ति करको दायरामा आउने हुनाले कृषि कार्यमा प्रयोग हुन्जेल यातायातको सुविधाको हिसाबले मात्र थप भूमिकर लगाउनु उपयुक्त हुन्छ, अर्थात थप भूमिकरको दर सामान्य हुनु पर्छ ।

३. मालपोतको दर निर्धारण गर्दा सर्वप्रथम प्रति रोपनी जग्गा बारी वा खेत जे भएपनि त्यसमा हुने मुख्य बालीको आयस्तालाई मूल्यमा रुपान्तरण गर्ने र यसमा सो बाली लगाउन के कति मल, बिउ र श्रम खर्च हुन्छ त्यस वापतको रकम मूख्य बालीको आयस्ताबाट घटाउने र बाँकी रहेको बचत रकमको ५ देखि १० प्रतिशतसम्म बार्षिक मालपोत लगाउनु उपयुक्त हुने देखिन्छ । मानौ, एक रोपनी बारीमा मुख्यबाली मकै लगाउँदा १ मुरी फल्छ र यसमा १२ पाथी जतिको खर्च लाग्छ भने बाँकी ८ पाथीको रु. १००।- का दरले र. ८००।- भयो र यसको ५ प्रतिशत रु. ४०।- भयो । यस्तो जग्गामा प्रति रोपनी रु.४०।- सम्म मालपोतको प्रतिरोपनी दर लगाउँदा हुने भएता पनि शुरुमा केही कम गरी मालपोत लगाउन उपयुक्त हुने देखिन्छ ।

४. मालपोतको दरलाई प्रगतिशील बनाउन शुरु दर कम राखी जग्गाको परिमाण अनुसार क्रमश दर बढाउँदै जानु उपयुक्त हुन्छ ।

सम्पत्ति कर लाग्ने घरजग्गा बाहेकको बाँकी जग्गामा न्यूनतम रसिद काट्दा रु. २०।- बाट शुरु गरी १ रोपनीसम्म मात्र जग्गा हुनेलाई रु. २०।- मात्र लगाउने । त्यसपछि पाखो बारी ७ रोपनीसम्म र धनहर खेत ५ रोपनीसम्म मालपोतको दर न्यूनतममात्र लगाउने र त्यसपछिको पाखो बारी १० रोपनीसम्म र धनहर खेत १० रोपनीसम्म शुरु दरमा ५ प्रतिशत थपगरी दर कायम गर्ने, त्यसपछिको पाखो बारी १० रोपनीसम्म र धनहर खेत १० रोपनीसम्म शुरु दरमा २५ प्रतिशत थपगरी दर कायम गर्ने, त्यसपछिको पाखो बारी २० रोपनीसम्म र धनहर खेत २० रोपनीसम्म शुरु दरमा ५० प्रतिशत थपगरी दर कायम गर्ने, र त्यसपछिको पाखो बारी तथा धनहर खेत जति भएपनि शुरु दरमा शतप्रतिशत थपगरी दर कायम गर्ने गरी मालपोतको दर निर्धारण गर्नु उपयुक्त हुने देखिन्छ ।

५. उपर्युक्त दरमा मालपोतको रकम हिसाव निकालेपछि सहकारी मार्फत गरिने सामुहिक खेती, गरिबीको प्रमाणपत्र प्राप्त गरिब किसान, र महिलाका नाममा भएको कृषि जग्गामा स्थानीय कानून अनुसार ५० प्रतिशतसम्म छुट दिन सकिने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।

यसैगरी उद्योग प्रयोजन तथा व्यवसायिक चिया, कफि, अलैंची, केरा, आँप, स्याउ लगायत फलफूल बगैंचा तथा जडिबुटी लगाउने किसानलाई गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था

गरी प्रोत्साहन स्वरुप २५ प्रतिशतसम्म रकम छुट दिन सकिने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।

६. उपर्युक्त प्रकरण ४ अनुसार आएको मालपोत रकममा मोटरेवल पिच सडकले छोएको प्लटलाई ३० प्रतिशत, ग्राभेल गरिएको सडकले छोएको जग्गामा २० प्रतिशत र कच्ची मोटरेवल सडकले छोएको जग्गामा १० प्रतिशत भूमिकर रकम थप गरी असुलउपर गर्नु उपयुक्त हुने देखिन्छ ।

७. अब यसलाई मालपोत कसरी हिसाब गर्ने भन्ने बिषयमा उदाहरणबाट प्रष्ट पारौं । मानौं अजिरकोट गाउँपालिकाले न्यूनतम मालपोतको दर पाखो बारी प्रति रोपनी रु.२०।- र धनहर खेत प्रति रोपनी रु.३०।- राखेको रहेछ ।

- उदाहरणको लागि यस गाउँपालिकामा एकजना व्यक्तिको १ रोपनी जग्गामा घर छ, थप ४० रोपनी खेतमध्ये ५ रोपनी कच्चीबाटोले छोएको र अन्य सामान्य खेती हुने तथा ३० रोपनी बारीमध्ये ३ रोपनीमा पिचबाटोले, अर्को ४ रोपनीमा ग्राभेल बाटोले र अर्को ५ रोपनीमा कच्ची सडकले छोएको छ भने उक्त व्यक्तिलाई लाग्ने मालपोत हिसाव गर्ने तरिका ।

१. सम्पत्ति करः १ रोपनीमा भएको घर र जग्गामा सम्पत्ति कर (मानौं घरजग्गाको मूल्यांकन रु.१० लाख रहेछ भने) यसको कर माथिको प्रस्ताव अनुसार रु. ३०५।-

२. धनहर खेतको मालपोतः ४० रोपनी खेतमध्ये पहिलो ५ रोपनीको

प्रति रोपनी रु. ३०।- ले रु. १५०।-

त्यसपछिको १० रोपनीमा दरमा ५% थपगरी प्रति रोपनी ३१।५० ले रु. ३१५।-

त्यसपछिको १० रोपनीको दरमा २५% थपगरी प्रति रोपनी ३७।५० ले रु. ३७५।-

त्यसपछिको १५ रोपनीको दरमा ५०% थपगरी प्रति रोपनी ४५।- ले रु. ६७५।-

मोटरेबल कच्ची सडकले छोएको ५ रोपनीमा थप ३० प्रतिशत (४५×५×०.१०) रु. २३।-

**धनहर खेतको जम्मा रु. १५३८।-**

३. पाखो बारीको मालपोतः ३० रोपनी बारीमध्ये पहिलो ७ रोपनीको दर २०।- ले रु. १४०।-

त्यसपछिको १० रोपनीको दरमा ५% थपगरी प्रति रोपनी २१।- ले रु. २१०।-

त्यसपछिको १० रोपनीको दरमा २५% थपगरी प्रति रोपनी २५।- ले रु. २५०।-

त्यसपछिको ३ रोपनीको दरमा ५०% थपगरी प्रति रोपनी ३०।- ले रु. ९०।-

**पाखो बारीको मालपोत जम्मा रु. ६९०।-**

४. भूमिकरः मोटरेबल पिच सडकले छोएको ३ रोपनीमा थप ३० प्रतिशत (३०×३×०.३०) रु. २७।-

मोटरेबल ग्राभेल सडकले छोएको ४ रोपनीमा थप २० प्रतिशत (२५×४×०.२०) रु.२०।-

मोटरेबल पिच सडकले छोएको ५ रोपनीमा थप ३० प्रतिशत (२५×५×०.१०) रु. १३।-

**सडक सुविधायुक्त जग्गाको थप जम्मा कर** <u>रु. ६०।-</u>

**कूल जम्मा** <u>**२५९३।-**</u>

यस किसिमको मालपोतको हिसाव निकाल्न गाउँपालिकाका कर्मचारीलाई सरल नहुने हुनाले राजस्व शाखामा सफ्टवेयर सहितको कम्पुटर जडान गरी प्रत्येक वडाबाट प्राप्त तथ्यांक अध्यावधिक गर्न

निश्चित अवधि निर्धारण गरी सर्वप्रथम लगत तयार गर्ने र त्यसपछि राजस्व शाखाले आर्थिक बर्षको शुरुवातमा नै प्रत्येक घरधनीको गाउँपालिकामा भएका सबै जग्गाको एकीकृत मालपोत रसिद तयार गरी असूल उपर गर्न सम्वन्धित वडामा पठाउनु पर्ने हुन्छ ।

यसरी तथ्यांक अद्यावधिक नहुन्जेलसम्म चालु आर्थिक बर्षको लागि पुरानै हिसावले मालपोत संकलनलाई निरन्तरता दिने र वडा तहबाट असूली गर्दा उपयुक्त हुन्छ ।

### ग. घर जग्गा बहाल कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५७ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** घर जग्गा वहाल कर गाउँपालिकाको दिगो तथा बृद्धि हुदैजाने राजश्वको स्रोत हो । यस गाउँपालिकामा बहालमा लगाएको शुल्कको वार्षिक १०% घर र जग्गा वहाल कर लगाईने उल्लेख छ । गाउँपालिकाले आ.व.२०७५/७६ मा यस शीर्षकमा रु. ५० हजार संशोधित अनुमान गरेकोमा रु. ४ लाख ५४ हजार असुल भएको र आ.व.२०७६/७७ मा यस शीर्षकमा रु. २ लाख अनुमान गरेकोमा रु. १ लाख ७५ हजार ६३२ असुल भएको छ भने आ.व.२०७७/७८ का लागि रु. २ लाख नै अनुमान गरिएको पाइन्छ ।

**करको सम्भावना :** यस गाउँपालिकामा करिव ७१३ वटा उद्योग, व्यापार, व्यवसायहरु, १५ सहकारी, बैंक तथा वित्तीय संस्थाहरु सञ्चालनमा रहेको तथ्यांक देखिन्छ भने २०६८ को जनगणना अनुसार केन्द्रीय तथ्यांक विभागबाट तयार भएको जिल्ला प्रोफाईल अनुसार १६३ परिवार भाडामा रहेको उल्लेख छ । त्यसैले व्यापार व्यवसायहरु, वैंक तथा वित्तीय संस्थाहरु, निजी विद्यालयहरु तथा आवासीय प्रयोजनका लागि बहालमा लिएका घरहरुको वार्षिक भाडा रकमको १०% का दरले घरजग्गा बहाल कर लगाउँदा गाउँपालिकालाई कम्तिमा पनि रु. २ लाख वार्षिक बहाल कर प्राप्त हुने देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** व्यवसायिक तथा आवासीय प्रयोजनका लागि बहालमा प्रयोग भएका घर तथा जग्गाको परिमाण, मासिक वहालको दर अनुसारको लगत तयारी, वहाल करको स्वीकृत दर वमोजिम प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिकाले विशेष पहल गर्नुपर्ने देखिन्छ । यसको लागि लगत तयार गर्ने कार्य वडास्तरलाई जिम्मा दिने र कर प्रयोजनको लागि राजस्व शाखाले लगत राख्ने गर्नुपर्ने देखिन्छ ।

### घ. व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५८ मा गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकामा आ.व.२०७५/७६ र २०७६/७७ मा यस शीर्षकमा अनुमान गरेको पाइदैन भने आ.व.२०७७/७८ का लागि रु. २ लाख ५० हजार अनुमान गरिएको पाइन्छ ।

**करको सम्भावना :** यहाँ केन्द्रीय तथ्यांक विभागबाट आर्थिक गणना २०७५ अनुसार ७१३ वटा देहाय वमोजिम प्रकृतिका उद्योग, व्यवसाय रहेको देखिन्छ ।

| कृषि, वन, माछा पालन | उत्पादन | खानी, विद्युत, खानेपानी तथा निर्माण | थोक तथा खुद्रा व्यापार | ढुवानी, भण्डारण, सूचना र सञ्चार | होटल, लज | वित्त, वीमा | शिक्षा | मानव स्वास्थ्य र समाजिक कार्य | घरजग्गा, पेशागत व्यवसाय, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन र अन्य |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९५ | ९७ | ४६ | २७१ | ४ | ६२ | १३ | ३७ | ३८ | ५० |

यी व्यवसायहरुको पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा स्थानीय उद्योग वाणिज्य संघसँगको सहकार्यमा न्यूनतम कर निर्धारण गरी राजश्व प्राप्त गर्ने सम्भावना रहेको देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** गाउँपालिका अन्तर्गतका उद्योग, व्यापार तथा व्यवसायहरुलाई दर्ता प्रक्रियामा ल्याई तिनीहरुको पूँजीगत लगानी, आम्दानी, मुनाफा, सेवा आदि पक्षहरुलाई विश्लेषण गरी थोक र खुद्रा कारोवार गर्ने आदि आधार समेतमा वर्गीकरण गरेर लगत तयार गर्दा राजश्व अनुमान गर्न सहज हुन्छ । तर गाउँपालिकाले दोहोरो कर लिएको अनुभूति करदातालाई हुन नदिन कतिपय व्यवसाय कर र व्यवसाय दर्ता/नवीकरण दस्तुर एकै शीर्षकमा लिनुपर्ने हुन सक्छ । अजिरकोट गाउँपालिकाले समान्यत: व्यवसायको लगानीका आधारमा ३ वर्गमा वर्गीकरण गरी करको दर निर्धारण गरेको छ ।

व्यवसाय करको दर छिमेकी गाउँपालिकाको दरसँग पनि मिल्दोजुल्दो हुनु पर्दछ । अन्यथा स्थानीय उद्यमी व्यवसायीहरु पलायन हुने तथा नयाँ व्यवसायी आकर्षित नहुने जोखिम रहन्छ । व्यवसाय करलाई शुरुमा पूँजीगत लगानीको आधारमा लगत तयार गरी कर निर्धारण गर्ने र प्रत्येक बर्ष कारोबारको आधारमा प्रगतिशील दरमा कर निर्धारण गर्ने गर्दा राम्रो हुन्छ । व्यवसायीले स्थानीय सरकारलाई कर तिरे वापत केही सुविधा र सेवा प्रवाहको अपेक्षा गरेका हुन्छन । जस्तै फोहोर मैला र सरसफाईको व्यवस्था, सडक सरसफाईको व्यवस्था, सुरक्षा निकायको उपस्थिति आदि कुराहरुलाई राजस्व परिचालनसँग आबद्ध गरी कार्यान्वयन गर्नु राम्रो हुन्छ । व्यवसाय करको दर निर्धारण गर्दा देहायको तालिका वमोजिम निर्धारण गर्न उपयुक्त हुने देखिन्छ ।

**तालिका ७ : व्यवसाय करको दर निर्धारण र छुटको विधि प्रस्ताव**

| क्र.सं. | पुँजीगत लगानी रकमको सीमा | वार्षिक कारोबार रकमको सीमा | व्यवसाय करको वार्षिक रकम |
|---|---|---|---|
| १ | रु. १० हजारसम्मको पुँजीगत लगानी | रु. ५० हजारसम्मको वार्षिक कारोबार | रु.२००/– |
| २ | रु. १० हजारभन्दा बढी रु. २० हजारसम्मको पुँजीगत लगानी | रु. ५० हजारभन्दा बढी रु. १ लाखसम्मको वार्षिक कारोबार | रु.२५०/– |
| ३ | रु. २० हजारभन्दा बढी रु. ४० हजारसम्मको पुँजीगत लगानी | रु. १ लाखभन्दा बढी रु. २ लाखसम्मको वार्षिक कारोबार | रु.३००/– |
| ४ | रु. ४० हजारभन्दा बढी रु. ८० हजारसम्मको पुँजीगत लगानी | रु. २ लाखभन्दा बढी रु. ४ लाखसम्मको वार्षिक कारोबार | रु.४००/– |
| ५ | रु.८० हजारभन्दा बढी रु.१ लाखसम्मको पुँजीगत लगानी | रु.४ लाखभन्दा बढी रु.५ लाखसम्मको वार्षिक कारोबार | रु.५००/– |
| ६ | रु.१ लाखभन्दा माथि रु.५ लाखसम्मको पुँजीगत लगानी | रु.५ लाखभन्दा बढी रु. २५ लाखसम्मको वार्षिक कारोबार | वार्षिक कारोबारको कुल रकममध्ये पहिलो रु. ५ लाखमा व्यवसाय कर रु. ५००/– कायम गरी त्यसपछिको २० लाखमा प्रति रु. १ |

| | | | |
|---|---|---|---|
| | | | लाखमा रु. ५०/– का दरले कारोबारको आधारमा व्यवसाय कर लगाउने |
| ७ | रु.५ लाखभन्दा माथि रु.१० लाखसम्मको पुँजीगत लगानी | रु.२५ लाखभन्दा बढी रु.५० लाखसम्मको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको २५ लाखमा प्रति रु. १ लाखमा रु. ७५/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने |
| ८ | रु.१० लाखभन्दा माथि रु.२० लाखसम्मको पुँजीगत लगानी | रु. ५० लाखभन्दा बढी रु.१ करोडसम्मको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको ५० लाखमा प्रति रु. १ लाखमा रु. १२५/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने । |
| ९ | रु.२० लाखभन्दा बढीको पुँजीगत लगानी | रु.१ करोडभन्दा बढीको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको जतिसुकै भए पनि प्रति रु. १ लाखमा रु. १५०/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने । |

द्रष्टव्यः माथि उल्लेख भएबमोजिमको अघिल्लो तहको पुँजीगत लगानी गरी पछिल्लो तहको वार्षिक कारोबार गरेकोमा वार्षिक कारोबारको आधारमा नै व्यवसाय कर लगाउने ।

गाउँपालिकाको आर्थिक ऐनमा समावेश भएपछि लागू हुनेगरी व्यवसाय करमा निम्नानुसारको छुट सिफारिस गरिएको छ :

**व्यवसाय करमा प्रस्तावित छुटको प्रतिशत**

| क्रसं. | उद्यम व्यवसायको किसिम | व्यवसाय करमा प्रस्तावित छुटको % |
|---|---|---|
| १ | गाउँपालिकाद्वारा आर्थिक ऐनमा उल्लेख गरी दुर्गम स्थल भनी तोकिएका स्थानहरूमा सञ्चालन हुने व्यवसायमा | व्यवसाय करका दरहरूमा ५० प्रतिशत छुट दिने |
| २ | विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका तथा महिला उद्यमीद्वारा सञ्चालन गर्ने रु. १० लाखसम्म पुँजी लगानी भएका उद्यम व्यवसायमा | व्यवसाय करका दरहरूमा ५० प्रतिशत छुट दिने |
| ३ | कृषि व्यवसाय (पशु पालनसमेत), वन पैदावर र पर्या–पर्यटन सम्बन्धी उद्यम व्यवसायमा | माथि प्रस्तावित दरमा व्यवसाय करको कुल रकम हिसाब गरी कुल व्यवसाय कर अंकमा २५ प्रतिशत छुट दिने |
| ४ | औद्योगिक ग्राममा सञ्चालन हुने उद्यम व्यवसायमा | |
| ५ | सहकारीको स्वामित्वमा सञ्चालन गरिने उद्यम व्यवसायमा | |

## ङ. जडिबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक उपयोग कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६१ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, प्रचलित कानून वमोजिम निषेधित जीवजन्तु वाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरेवापत गाउँपालिकाले जडिवुटी, कवाडी तथा जीवजन्तु कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकामा हालसम्म जडिवुटी, कवाडी तथा जीवजन्तु कर शीर्षक अन्तर्गत राजश्व प्राप्त गरेको अवस्था देखिदैन र आ.व.२०७७/७८ का लागि अनुमान गरिएको पाइदैन । तर आर्थिक ऐन २०७७ मा अनुसूची ५ मा करको दर निर्धारण भएको पाइन्छ ।

**करको सम्भावना :** यस गाउँपालिकाको माथिल्लो भेग अर्थात नागेपोखरी इलाकामा पाँचऔले, जटामसी, चिराइतो, लौठसल्ला, सतुवा, कुट्की, मुसली, काउलो, वनलसुन, पाषाणभेद, सुगन्धवाल, जिवन्ती, शिलाजित, सुनगाभा, चुत्रो, वनकरेला, नागवेली, तेजपात, पद्मचाल, मजिठो, भ्याउ, गामाडोल, बेलाडोना, सुगन्धकोकिला, सोमलता आदि जातका महत्वपूर्ण प्रजातिका जडिबुटीहरू पाइन्छ । यसैले यहाँ व्यवसायिक रुपमा जडिवुटी संकलन तथा विक्री वितरण गर्ने पेशा व्यवसायीहरु समेत रहेका छन् । यसैगरी यहाँको बजार क्षेत्रमा विभिन्न किसिमका कवाडी वस्तु उत्पादन तथा विक्री हुने गरेको तर यसका व्यवसायीहरु करको दायरामा आई नसकेकाले खासै राजस्व अशूल हुने गरेको छैन । यसैले यहाँ उत्पादन तथा विक्री हुने जडिबुटी, कबाडि, र जिउँदा पशुपक्षीहरु र मरेका वा मारिएका पशुपंक्षीहरुको हाड, सिंग, प्वाख र छाला आदि संकलन गरी व्यवसायिक कारोबार कर लिने गर्नु उपयुक्त हुने र पशुपन्छीको व्यवसायिक कारोवार सम्भावना देखिन्छ । साथै यहाँको वन क्षेत्रमा जडीवुटी खेती प्रवर्द्धन तथा बजारीकरण र जीवजन्तुको व्यवसायिक कारोवार हुने हाटबजारको व्यवस्थापन गरेर राजश्व बृद्धि हुनसक्ने सम्भावना छ ।

### च. साना सवारी कर

गण्डकी प्रदेशको आर्थिक ऐन, २०७७ को दफा ३ (२) अनुसार गाउँपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा र इ-रिक्साको सवारी कर लगाई असुल गर्न सक्ने व्यवस्था रहेको छ । आ.व.२०७७/७८ का लागि अनुमान गरिएको छैन ।

**विद्यमान अवस्था :** यस गाउँपालिकामा हालसम्म राजश्व अनुमान तथा कुनै रकम प्राप्त गरेको देखिदैन । आर्थिक ऐन २०७७ मा टाँगा, रिक्सा, अटो रिक्सा र इ-रिक्साको दर अनुसूची ६ मा निर्धारण भएको छ ।

**करको सम्भावना :** यहाँ १३ किमि सडक कालोपत्रे भइसकेको तथा क्रमशः कालोपत्रे हुने क्रममा रहेको हुनाले मुख्य बजार केन्द्रका छोटो दुरीहरुमा साना सवारी अटो रिक्सा र इ-रिक्सा सञ्चालन हुन सक्ने सम्भावना भएकाले यस्ता इन्जिन रहित तथा विद्युतीय माध्यमबाट सञ्चालन हुने साना सवारीको दर्ता, नवीकरण र बार्षिक करको रुपमा केही साधन परिचालन हुने सम्भावना रहेको देखिन्छ ।

### छ. विज्ञापन कर

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ दफा ४ अनुसार सार्वजनिक स्थलबाट देखिने गरी होर्डिङ वोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहबाट अनुमति लिनु पर्ने उल्लेख छ । साथै सोही दफाको उपदफा (६) मा विज्ञापन सम्बन्धी निवेदन, दस्तुर, अवधि लगायतका विषयहरु सम्बन्धित स्थानीय कानून वमोजिम हुने समेत उल्लेख गरिएको छ । यस शीर्षक अन्तर्गत संकलित रकमको ४०% सम्बन्धित प्रदेश सरकारलाई बाँडफाँड गरी प्रदेश संचित कोषमा दालिखा गर्नु पर्दछ ।

गण्डकी प्रदेशको आर्थिक ऐन २०७७ दफा ५ अनुसार विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने, असुल उपर गर्ने र प्रदेश कानून वमोजिम बाँडफाँड गर्नुपर्ने उल्लेख भएको छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकामा हालसम्म विज्ञापन कर शीर्षकमा अनुमान तथा प्राप्त भएको देखिदैन । आर्थिक ऐन २०७७ अनुसूची ७ अनुसार विज्ञापन करको दर विज्ञापनको किसिम अनुसार प्रति वर्ग फुटका आधारमा निर्धारण भएको पाइन्छ । साथै मदिरा, धुम्रपान जस्ता वस्तुको विज्ञापनमा

२५% थप र सरकारी तथा चेतनामूलक सामग्री निःशुल्क हुने व्यवस्था गरिएको छ । आ.व.२०७७/७८ का लागि अनुमान गरिएको पाइदैन ।

**करको सम्भावना :** यस गाउँपालिकाको भच्चेक, वालुवा, ढोडनी, चनौटे र भ्याल्ला जस्ता वजार क्षेत्रमा विभिन्न विज्ञापन सामग्री राख्ने स्थान रहेको र भविष्यमा झन बढोत्तरी हुदै जाने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** गाउँपालिका क्षेत्रमा रहेका व्यापारिक प्रयोजनका विज्ञापन सामग्रीहरुको लगत राखी सोको नियमन र आर्थिक ऐनमा तोकिए वमोजिम कर असुल गर्नु पर्ने देखिन्छ ।

### ज. घरजग्गा रजिष्ट्रेशन दस्तुर :

गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका घरजग्गा एक व्यक्तिको स्वामित्वबाट अर्को व्यक्तिको स्वामित्वमा हस्तान्तरण गर्दा लिने र दिने व्यक्तिबाट प्रदेश आर्थिक ऐनमा तोकिए बमोजिम असूल गरिएको राजस्वको ६० प्रतिशत प्राप्त गर्ने गर्दछ । स्थानीय सरकार सञ्चालन ऐनमा यस्तो स्वामित्व हस्तान्तरणको कार्य गाउँपालिकाले नै गर्ने उल्लेख गरेता पनि हाल गाउँपालिकामा क्षमता पर्याप्त नरहेको र संघीय सरकार मातहत रहेको जिल्ला मालपोत कार्यालयबाट घरजग्गाको अभिलेख समेत हस्तान्तरण भइ नसकेकोले चालु आर्थिक बर्षमा पनि जिल्ला मालपोत कार्यालयले नै प्रदेश कानूनमा तोकिए बमोजिम दस्तुर असूल उपर गर्ने गरेको छ र असूल भएको रकम प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले मासिक रुपमा सम्वन्धित स्थानीय तह र प्रदेश सरकारको सञ्चित कोषमा दाखिला हुनेगरी पठाउने गरेको छ ।

अजिरकोट गाउँपालिकाले घरजग्गा रजिष्टेशन शुल्क वापत आ.व. २०७५/७६ र आ.व. २०७६/७७ मा अनुमान गरेको र प्राप्त गरेको विवरण देखिदैन तर आ.व. २०७७/७८ मा रु. ३ लाख प्राप्त हुने अनुमान गरिएको छ ।

यसरी घरजग्गा रजिष्ट्रेशनको अंक निर्धारण गर्दा प्रत्येक जग्गाको न्यूनतम मूल्यांकन निश्चित गर्न मालपोत नियमावलीको प्रावधान बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय समितिको प्रमुख, प्रमुख कर अधिकृत वा कर कार्यालय नभएको स्थानमा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख, नापी शाखाको प्रमुख, उद्योग वाणिज्य संघको प्रतिनिधि, प्रमुख नापी शाखा र मालपोत कार्यालयको प्रमुख सदस्य सचिव रहेको समितिले बार्षिक रुपमा गरेको न्यूनतम मूल्यांकन अनुसार जग्गाको थैली निश्चित हुने गरेको छ । गाउँपालिकाले यस्तो मूल्यांकन वास्तविक रुपमा कारोबार हुने गरेको मूल्य भन्दा फरक नपरोस भन्नाका लागि आफ्नो गाउँपालिकाको लगत तयार गरी मालपोत कार्यालयमा अद्यावधिक गराउने गर्नु पर्दछ ।

**झ. अन्य कर :** अन्य करका सम्बन्धमा ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुंगा, आदि प्राकृतिक वस्तुको निकासी शुल्क र दस्तुर संकलन गर्ने बिषय अत्यन्त महत्वपूर्ण रहेको छ । यस सन्दर्भमा गाउँपालिकाले नदिले बगाएर ल्याएका र दहमा जमेर बसेका यस्ता वस्तुहरु र निर्माण सामाग्रीहरुको संकलन तथा निकासी गर्न पाउने व्यवस्था रहेकोले मन्त्रालयले जारी गरेको मापदण्डलाई पालना गर्दै वातावरणीय प्रभाव मूल्यांकन वा प्रारंभिक वातावरणीय परीक्षण गरी बिक्री तथा निकासी गर्दा कर लगाउन सक्ने व्यवस्थालाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

यसैगरी गाउँपालिकालाई स्थानीय बजार तथा हाट बजार व्यवस्थापन गर्ने अधिकार रहेको सन्दर्भमा नियमित बजार व्यवस्था हुन नसक्ने स्थानहरुमा र कृषि उत्पादन बढी हुने स्थानहरुमा साप्ताहिक

वा पाक्षिक हाट बजार सञ्चालन गर्ने र यसमा सहभागी हुने व्यवसायीहरुबाट हाट बजार कर संकलन गर्ने अभ्यास गर्न सकिन्छ । यसको लागि गाउँपालिकाका वडाहरुले आफ्नो स्थानमा सार्वजनिक खाली जग्गा वा हाटबजार सञ्चालन गर्ने स्थानको खोजीगरी बजारको लागि आवश्यक न्यूनतम पूर्वाधार (सफाई गर्ने, पानी परेमा ओत लाग्ने र बिक्री हुन नसकेका सामानहरु तत्काल सुरक्षित रुपमा राख्ने र शौचालय तथा खानेपानीको प्रवन्ध गर्नुपर्ने हुन्छ ।

## ३.३.२ गैरकर राजश्व

गाउँपालिकाको आन्तरिक राजश्वको महत्वपूर्ण स्रोत करका अलावा सेवा शुल्क, दस्तुर, विक्रीबाट प्राप्त आय लगायतका गैरकर पनि रहेको छ । यस गाउँपालिकामा यस्ता गैरकरका स्रोत परिचालनबाट पनि प्रसस्त साधन परिचालन गर्न सकिने देखिन्छ ।

### क. अन्य विक्रीबाट प्राप्त (प्राकृतिक एवं खानीजन्य वस्तु)

संघीय कानूनका रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२क मा खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री गाउँपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । यसमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, वालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने र त्यसरी बिक्री गरिएको रकम गाउँपालिकाको संचित कोषमा दाखिला गर्ने व्यवस्था गरिएको छ ।

वन ऐन, २०७६ ले वन पैदावारको परिभाषा गर्दै वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका काष्ठ पैदावार, गैरकाष्ठ वन पैदावार वा चट्टान, माटो, नदिजन्य र खनिज पदार्थलाई सम्झनु पर्छ भनी व्यवस्था गरेकोले र नेपाल सरकारले गत श्रावणमा जारी गरेको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, व्यवस्थापन तथा विक्री सम्बन्धी मापदण्ड, २०७७ ले सार्वजनिक खोला, नालाको आफ्नै निर्णयले, खानीक्षेत्रको सम्वन्धित निकायबाट अनुमति प्राप्त गरेपछि आफ्नै निर्णयले र वन तथा चुरेक्षेत्रको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, संकलन र विक्री गर्दा सम्वन्धित निकायको सहमतिमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित विधि अनुसार गर्नुपर्ने उल्लेख गरिएको छ । यसरी उत्खनन् र विक्री वितरणबाट प्राप्त आयको ४० प्रतिशत सम्वन्धित प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने प्रावधान रहेको छ ।

यसैगरी गत २०७७ असार १ नेपाल र प्रकाशित वातावरण संरक्षण नियमावली, २०७७ अनुसार खानीको हकमा दैनिक ५०० घन मीटरसम्म र खोलाको हकमा जतिसुकै भएपनि ढुंगा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् गर्न प्रारम्भिक वातावरणीय परीक्षण मात्र गर्नुपर्ने र यस सम्वन्धी अध्ययन तथा स्वीकृति कार्यको टुंगो स्थानीय तहले नै लगाउन सक्ने गरी व्यवस्था गरिएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृति गर्दा के के बिषयलाई प्राथमिकता दिइ विश्लेषण गर्ने भनी अभिमुखीकरण पनि गरेको छ ।

तर उपर्युक्त संघीय ऐनहरुमा रहेको व्यवस्थाको प्रतिकूल हुनेगरी गण्डकी प्रदेश आर्थिक ऐन २०७७ दफा ८ वमोजिम वन क्षेत्र तथा निजी जग्गाका रोडा, गेग्रान, स्लेट ढुंगा, गिट्टी ढुंगा, चट्टान ढुंगा, कटिंग ढुंगा, चिप्स, इट्टा पार्ने माटो, अन्य साधारण माटो, वालुवा, चुनढुंगा, नदी तथा खोलाले बगाएर ल्याएको काठ, कुकाठ, जराजुरी जस्ता दहत्तर, बहत्तरका साथै खानी तथा नदीजन्य पदार्थ उत्खनन् र संकलनमा अनुसूची ६ वमोजिम प्राकृतिक स्रोत शुल्क उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका डिभिजन कार्यालयले संकलन गरी प्रदेश संचित कोषमा दाखिला गर्ने उल्लेख गरेको छ । यसरी हेर्दा संघीय कानून र प्रदेश कानूनमा फरक फरक प्रावधान रहेको

देखिएकोले यसमा संवैधानिक अदालतबाट संघीय कानूनसँग बाझिएको हदसम्म प्रदेश ऐन खारेज हुने देखिन्छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकाले खानीजन्य वस्तु (ढुंगा, गिट्टी, वालुवा, स्लेट, माटो) तथा प्राकृतिक स्रोत शीर्षक अन्तर्गत आ.व.२०७५/७६ मा रु.३,७७,१८६ प्राप्त भएको छ भने आ.व.२०७६/७७ मा रु.२२ लाख अनुमान गरिएकोमा रु.६५ हजार मात्र असुल भएको पाइन्छ । यसो हुनुमा गत आर्थिक बर्षमा कोरोना महामारीको कारणले राष्ट्रव्यापी रुपमा भएको बन्दाबन्दीको असरले भएको भन्ने भनाई रहेको छ । गाउँपालिकाले यस शीर्षकमा आ.व.२०७७/७८ का लागि रु.२० लाख तथा अन्य विक्री शीर्षकमा रु. ३ लाख ५० हजार गरी कुल २३ लाख ५० हजार अनुमान गरिएको छ ।

**स्रोतको सम्भावना :** यस गाउँपालिका स्थानीय पूर्वाधार विकासको क्रममा रहेको हुनाले निर्माण सामग्रीको माग अत्यधिक हुने देखिन्छ । यहाँका चेपे, दरौंदी आदि विभिन्न नदी तथा खोलाहरु र खानीक्षेत्रबाट निर्माणजन्य प्राकृतिक तथा खानीजन्य वस्तुको उत्पादन र विक्री तथा उपयोगको सम्भावना पर्याप्त रहेको देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** गाउँपालिका अन्तर्गतका खानीजन्य तथा प्राकृतिक वस्तुहरुको परिमाण, गुणस्तर र वातावरणीय पक्षका विषयमा अध्ययन गरी सोको आधारमा परिचालनका लागि पहल गर्नुपर्ने र हालै नेपाल सरकारले जारी गरेको ढुंगा गिट्टी बालुवा उत्खनन् तथा विक्री वितरण सम्वन्धी मापदण्ड, २०७७ बमोजिम वातावरणीय परीक्षण तथा उत्खनन्, व्यवस्थापन र बिक्री वितरण गर्न आवश्यक सुधार समेत गर्नुपर्ने देखिन्छ । कानूनको मनसाय अनुसार गाउँपालिकाले आफ्नै आर्थिक ऐन मार्फत यसको दर निर्धारण गर्नुपर्ने र प्रारम्भिक वातावरणीय परीक्षण पनि आफैले स्वीकृत गर्नुपर्ने देखिन्छ । अब गाउँपालिकाले गण्डकी प्रदेश सरकारले आर्थिक ऐन २०७७ लाई भन्दा आफ्नै ऐनमा व्यवस्था गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

### ख. बहाल विटौरी शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५९ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल विटौरी शुल्क लगाउन सक्ने व्यवस्था गरेको छ भने दफा ९७ गाउँपालिकाले आफ्नो क्षेत्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रवन्ध गर्नुपर्ने जिम्मेवारी दिएको छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकाले आ.व.२०७६/७७ मा सम्पत्ति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर शीर्षक अन्तर्गत रु.२ लाख ४० हजार प्राप्त हुने अनुमान गरेकोमा रु.२० हजार प्राप्त भएको देखिन्छ । आर्थिक ऐन २०७७ अनुसूची ९ मा बहाल विटौरी करको दर प्रति वर्गफिट स्थान अनुसार रु.१ देखि ३ सम्म निर्धारण गरिएको छ । आ.व.२०७७/७८ का लागि अनुमान गरिएको देखिदैन । यसैगरी आर्थिक ऐन २०७७ अनुसूची ३ बहाल कर अन्तर्गत गाउँपालिकाको स्वामित्वमा रहेको व्यवस्थित सटर, पसल, कबल, भवन, खेतीयोग्य जमिन वा अन्य जमिन लिजमा दिँदा प्रचलित कानून बमोजिम प्रतिस्पर्धात्मक विधिबाट लिजमा वा ठेक्कामा लगाउन सकिने उल्लेख भएको छ ।

**शुल्कको सम्भावना :** बहाल विटौरी शुल्कको सम्भावना भएका हाट, बजार तथा सडक मापदण्ड भित्र परेका वा सडकको राइट अफ वेमा बनेका तथा अन्य सार्वजनिक जग्गामा बनेका घर लगायतका संरचनाहरुलाई सो मापदण्डको पालना गर्दा भत्काउनु पर्ने हुन्छ । यसरी भत्काउन समय लाग्ने हुनाले नभत्काउञ्जेल सम्म त्यस्ता संरचनालाई स्थानीय कर अर्थात बहाल बिटौरी करको

दायरामा ल्याउनु पर्ने भएकोले यस्ता सरकारी जग्गामा बनेका संरचनाहरुको पहिचान, लगत तयारी गरी गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भएको दर वमोजिम राजश्व असुलीको सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** सार्वजनिक, ऐलानी, पर्ति र सरकारी तथा सामुदायिक जग्गाको स्वामित्व नेपाल सरकारको हुने भएता पनि यसको संरक्षण, मर्मत सम्भार र अन्य प्रवन्ध गाउँपालिकाले गर्नुपर्ने भएकोले गाउँपालिका क्षेत्रभित्रका यस्ता जग्गाहरुको खोजीगरी लगत तयार गर्नुपर्ने हुन्छ । यसैले गाउँपालिकाले सर्वप्रथम आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको लगत विवरण तयार गर्ने र आर्थिक ऐन २०७७ मा निर्धारित दर वमोजिम राजश्व असुली गर्नुपर्ने देखिन्छ । दर्ता भएका जग्गामा मालपोत सम्पत्ति कर लगायत लाग्ने तर दर्ता नगरी सार्वजनिक जग्गामा अतिक्रमण गरी बनेका संरचना वा भोग गरेका जग्गा वालाले लाभ चै लिने तर कुनै पनि तहको सरकारलाई कर नतिर्ने हुनाले यिनीहरुलाई बहाल बिटौरी शुल्कको दायरामा ल्याउन खोजिएको हो । सार्वजनिक जग्गामा बनेका संरचनाहरुमा घरको क्षेत्रफल मापन गरी अन्य घरलाई लागेको सम्पत्ति कर सरह र भोगचलन गरेको जग्गाको क्षेत्रफल गणना गरी मासिक रुपमा प्रति आना रु १० सम्म बहाल बिटौरी शुल्क निर्धारण गरी असूल गर्न सकिन्छ । तर सार्वजनिक जग्गामा भूमिहिन, सिमान्तकृत व्यक्तिले समेत बसोबास गर्न सक्ने भएकोले त्यस्ता व्यक्तिलाई गरिबीको प्रमाणपत्र प्राप्त भएको आधारमा गाउँपालिकाले आर्थिक ऐनमा व्यवस्था गरी यसरी लाग्ने शुल्कको ९० प्रतिशतसम्म छुट दिन सक्नेछ । सार्वजनिक जग्गामा संरचना बनाई वा नबनाई भोगचलन गरेको आधारमा मात्र दर्ताको सिफारिस गर्न सकिने छैन ।

### ग. नक्सापास दस्तुर

स्थानीय सरकार सञ्चालन ऐनको दफा २७ मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने कुरा उल्लेख गर्दै दफा ३३ (४) मा भवन निर्माण गर्ने अनुमति दिँदा लाग्ने दस्तुर गाउँपालिकाले तोकेवमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** आर्थिक ऐन २०७७ अनुसार अजिरकोट गाउँपालिका क्षेत्रभित्र निर्माण हुने घर/भबन/टहरा एवं अन्य संरचनाहरु निर्माण गर्दा लाग्ने नक्सापास दस्तुर बजार क्षेत्र, निश्चित सडकसँग जोडिएका तथा संरचनाको किसिम, तला आदिका आधारमा दर निर्धारण भएको छ । आ.व.२०७७/७८ का लागि नक्सा पास दस्तुर शीर्षकमा अनुमान गरिएको छैन तर सिफारिस लगायत दस्तुरमा एकमुष्ट रु.८ लाख अनुमान गरिएकोले नक्सा पास पनि यसै अन्तर्गत रहेको देखिन्छ ।

**दस्तुरको सम्भावना :** यस गाउँपालिकामा बजारीकरण हुँदै गएको तथा आगामी दिनमा पक्की घरहरु निर्माण हुँदै जाने सम्भावना बढ्दै गएको छ । यसका साथै विगत २०७२ सालको भूकम्प पछि बनेका सबै संरचना तथा अन्य भवन लगायतका संरचनालाई राष्ट्रिय भवन मापदण्ड अनुसार गाउँपालिकाको आफ्नै भवन मापदण्ड बनाई नियमित गर्ने कार्यको थालनी समेत तत्कालै शुरु गर्नुपर्ने र यस क्षेत्रमा विपत जोखिमका दृष्टिले सम्वेदनशीलतालाई दृष्टिगत गरी भवन निर्माण मापदण्ड पालना गर्नु गराउनु पनि जरुरी देखिएको छ । यसरी नक्सापासलाई अनिवार्य गरी सोको लागि प्राविधिक सेवा दिए वापत तथा विगतमा सम्पन्न भएका निर्माणलाई नियमित गर्दा दस्तुर आम्दानी हुने देखिन्छ ।

२०७२ सालको भूकम्प पछि बनेका सबै घरहरुको नक्सा राष्ट्रिय भूकम्प पूननिर्माण प्राधिकरणबाट खटिएका इन्जिनियरबाट प्रमाणित भएका नक्साहरु गाउँपालिकामा नै उपलब्ध रहेकाले गाउँपालिकाले भवन निर्माण मापदण्ड स्वीकृत गरी सबै घरहरुलाई नियमित गराउन सूचना जारी

गर्नसक्ने देखिन्छ । यसको लागि आगामी आर्थिक बर्षको आर्थिक ऐनमा नक्सा नियमित गराउने बिषय र यसमा लाग्ने दस्तुरको बारेमा एउटा छुट्टै बुँदा राखी जारी गर्नुपर्ने देखिन्छ । यसो गर्न सकिएमा गाउँपालिकाले यस शीर्षकबाट राजस्व आर्जन गर्नसक्नुको अलावा सुरक्षित आवासको अभिलेख समेत गाउँपालिकामा राख्न सकिने देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** गाउँपालिकाको आफ्नै भवन मापदण्ड तर्जुमा गरी गाउँसभाबाट स्वीकृत गर्ने र यही व्यवस्था अनुसार निर्माण हुने र निर्माण भईसकेका भवन तथा संरचना सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने ।

### घ. व्यवसाय दर्ता/नवीकरण शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) ञ (६) मा स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण लगायतको अधिकार स्थानीय तहलाई रहेको छ । यसै गरी सहकारी ऐन २०७४ ले सहकारीको दर्ता तथा नवीकरण गर्ने अधिकार पनि गाउँपालिकालाई दिएको छ । यसरी व्यवसाय तथा सहकारी दर्ता, अनुमति तथा नवीकरण गर्दा गाउँपालिकालाई शुल्क प्राप्त हुने गर्छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकामा व्यवसाय दर्ता/नवीकरण शुल्क शीर्षक अन्तर्गत आ.व.२०७६/७७ मा रु.२ लाख प्राप्त हुने अनुमान गरेकोमा रु.२ लाख २ हजार ५४१ प्राप्त भएको देखिन्छ । आ.व.२०७७/७८ का लागि यस शीर्षक अन्तर्गत प्राप्त हुने अनुमान गरिएको छैन । साथै गाउँपालिकामा उपलब्ध सहकारी, संघ संस्था, होमस्टे लगायत व्यवसायको दर्ता/नवीकरण शुल्कको दर तोकेको पाइन्छ ।

**शुल्कको सम्भावना :** यहाँ विभिन्न ७१३ भन्दा बढी व्यापार व्यवसायहरु सञ्चालनमा रहेको हुनाले व्यवसाय करसँग दोहोरो नपर्ने गरी खासगरी सहकारी, संघ संस्था तथा उद्योगहरुलाई वार्षिक रुपमा दर्ता/नवीकरण गरी व्यवसाय दर्ता/नवीकरण शुल्क उठाउन सकिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** गाउँपालिका क्षेत्रभित्रका सहकारी, संघसंस्था, उद्योग व्यवसायको दर्ता तथा नवीकरण प्रक्रियालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी लगत तयार गर्ने, प्रत्येक व्यवसायले देखिने गरी गाउँपालिकाबाट प्रदान गरिने व्यवसाय दर्ता प्रमाण पत्र राख्न अनिवार्य गर्ने, स्वीकृति वमोजिम कार्यान्वयन तथा नियमित अनुगमन गर्ने ।

### ङ. सिफारिस तथा प्रमाणित दस्तुर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) घ (७) मा गाउँपालिकाले प्रचलित कानून वमोजिम गर्ने सिफारिस तथा दफा १२ (ङ) मा वडाबाट सिफारिस तथा प्रमाणित गर्ने ३६ वटा विषयहरु उल्लेख भएका छन् । यी सिफारिस तथा प्रमाणित गरे वापत गाउँपालिकालाई दस्तुर प्राप्त हुन्छ ।

**विद्यमान अवस्थाः** यस गाउँपालिकामा सिफारिस तथा प्रमाणित दस्तुर शीर्षक अन्तर्गत आ.व.२०७५/७६ मा रु.४ लाख २४ हजार प्राप्त गरेको तथा आ.व.२०७६/७७ मा रु.३ लाख प्राप्त हुने अनुमान गरेकोमा करिव रु.३ लाख १३ हजार रकम प्राप्त भएको देखिन्छ । साथै आ.व.२०७७/७८ का लागि रु. ५ लाख २० हजार राजश्व प्राप्त हुने अनुमान गरिएको पाइन्छ ।

यसैगरी प्रमाणित दस्तुर शीर्षक अर्न्तगत आ.व.२०७६/७७ मा रु.१ लाख प्राप्त हुने अनुमान गरेकोमा करिव रु.३ लाख ७१ हजार रकम प्राप्त भएको देखिन्छ । साथै आ.व.२०७७/७८ का लागि रु. २ लाख ८० हजार राजश्व प्राप्त हुने अनुमान गरिएको पाइन्छ ।

**दस्तुरको सम्भावना :** गाउँपालिका तथा वडा कार्यालयबाट नियमित सिफारिस गर्नुपर्ने भएकाले सिफारिस दस्तुरबाट नियमित रुपमा वार्षिक राजश्व प्राप्त हुने हुन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** अंगीकृत नागरिकता सिफारिस वंशज सरहभन्दा बढी गर्न उपयुक्त हुन्छ । साथै लक्षित समुदायलाई निश्चित प्रयोजनका लागि गरिने सिफारिस दस्तुरमा छुट तथा मिनाहा गर्ने व्यवस्था आर्थिक ऐनमा उल्लेख गर्न उपयुक्त हुन्छ ।

### च. व्यक्तिगत घटना दर्ता (विलम्व) शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) च (३) मा गाउँपालिकाले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, वसाई सराई दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन पर्दछ । त्यसैगरी राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन २०७६ को दफा १७ (२) अनुसार गाउँपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्ने अधिकार प्राप्त कर्मचारीले स्थानीय पञ्जिकाधिकारीको रुपमा कार्य गर्नुपर्ने व्यवस्था छ । सो ऐनको दफा १९ (३) मा घटना घटेको ३५ दिनभन्दा पछि पञ्जीकरणका लागि आएमा तोकिए वमोजिम विलम्व शुल्क लिने व्यवस्था रहेको छ । उक्त विलम्व शुल्क आन्तरिक राजश्वका रुपमा गाउँपालिकालाई प्राप्त हुन्छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकामा व्यक्तिगत घटना दर्ता शुल्क शीर्षक अन्तर्गत आ.व.२०७६/७७ मा रु.१ लाख प्राप्त हुने अनुमान गरेकोमा करिव रु.३ लाख ३२ हजार प्राप्त भएको देखिन्छ । साथै आ.व.२०७७/७८ का लागि राजश्व प्राप्त हुने अनुमान गरिएको छैन ।

**शुल्कको सम्भावना :** व्यक्तिगत घटना दर्ता शुल्क गाउँपालिकाको न्यून तर प्रायः हरेक वर्ष आय हुने शीर्षक अन्तर्गत पर्दछ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** व्यक्तिगत घटना दर्ता विलम्व शुल्कबाट प्राप्त आयको उचित रुपमा लेखा राख्न तथा यसको दर स्पष्ट रुपमा निर्धारण गर्न उपयुक्त हुने देखिन्छ । विपन्न तथा सिमान्तकृत समुदायलाई विलम्ब शुल्कमा विशेष व्यवस्था गर्न सकिन्छ ।

### छ. पर्यटन शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (१) मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लायर, र्‍याफ्टिङ, प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकामा पर्यटन शुल्क शीर्षक अन्तर्गत आ.व.२०७६/७७ मा रु.१ लाख प्राप्त हुने अनुमान गरेकोमा रु. १९ हजार ३०० रकम प्राप्त भएको देखिन्छ । साथै आ.व.२०७७/७८ का लागि अनुमान गरिएको पाइदैन । तर आर्थिक ऐन २०७७ दफा १० मा अजिरकोट गाउँपालिका भित्र रहेका उद्यान, पार्क, संग्रहालय जस्ता पर्यटकीय क्षेत्रमा गण्डकी प्रदेश सरकारले आर्थिक ऐनमा तोके अनुसारको प्रवेश शुल्क लाग्नेछ भन्ने व्यवस्था रहेको छ ।

त्यसैगरी गण्डकी प्रदेश आर्थिक ऐन २०७७ दफा ७ मा प्रदेशले पर्यटन शुल्क असुल गर्ने तथा अनुसूची ५ मा सोको दर उल्लेख छ ।

**शुल्कको सम्भावना :** यस गाउँपालिकाको भौगोलिक अवस्था र उपलब्ध ताल, पोखरी, लेक, बेँसी र सामुदायिक वन तथा अविरल बग्ने दरौंदी तथा चेपे नदि र यीनका सहायक नदिहरुमा हाइ अल्टिच्युड ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लायर, र्‍याफ्टिङ, प्याराग्लाइडिङ जस्ता विभिन्न सहासिक पर्यटनका विद्याहरु सञ्चालन गर्न सकिने सम्भावना रहेको देखिन्छ । यसैगरी नागेपोखरी - निम्चे पोखरी - दुध पोखरी हुँदै लमजुङ जिल्लाको लिपे लेक जाने पर्यटकीय पदमार्ग र निम्चे पोखरी - नारदपोखरी - नागेपोखरी हुँदै चुमभ्याली जाने पर्यटकीय पदमार्गको विकास, अजिरकोट,

नागे पोखरी दुध पोखरी आदिस्थानमा धार्मिक पर्यटन र ऐतिहाँसिक अध्ययन जस्ता पर्यटकीय सम्भावना रहेको यस गाउँपालिकामा विभिन्न पर्यटकीय स्थलहरु रहेको तथा होमस्टे र होटलहरु समेत रहेकाले र वार्षिक रुपमा आन्तरिक तथा बाह्य पर्यटक आउने गरेकाले पर्यटन शुल्कको सम्भावना रहेको छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** गाउँपालिकाको भूगोलको आधारमा पर्यटन प्रवर्द्धन गर्न सकिने भएकोले गाउँपालिकाले तयार गरेको गुरु योजनाको कार्यान्वयन गर्दै आवश्यकता अनुसार थप अध्ययन तथा विश्लेषण गर्दै अगाडी बढ्नुपर्ने देखिन्छ । यसको लागि संघीय तथा प्रदेश सरकारले समेत सहयोग प्राप्त गर्न पहल र सहजीकरण गर्ने र निजीक्षेत्रसंग हातेमालो गर्दै जानु उपयुक्त हुन्छ । गाउँपालिकाले पर्यटन पूर्वाधार विकासमा सहकार्य तथा सहजीकरण गर्ने र प्रवर्द्धन गरी स्थानीय रोजगारी सिर्जनाका लागि पहल गर्नुपर्ने तथा शुल्क दोहोरो नपर्ने कुराको सुनिश्चित गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा छलफल गर्नुपर्ने देखिन्छ ।

### ज. “घ” बर्गको निर्माण व्यवसायी इजाजत दर्ता तथा नवीकरण दस्तुर :

स्थानीय सरकार सञ्चालन ऐनको प्रावधान बमोजिम घ बर्गका निर्माण व्यवसायीको इजाजत पत्र दर्ता तथा नविकरण गर्ने कार्य स्थानीय तहले गर्ने र यस गाउँपालिकाले पनि यसरी इजाजत पत्र दर्ता तथा नविकरण गर्दै आएको छ । गाउँपालिकाले “घ” वर्गको निर्माण व्यवसायीलाई दर्ता शूल्क रु २० हजार, वार्षिक नविकरण दस्तुर रु ५ हजार र विलम्ब दस्तुर प्रतिवर्ष थप रु ५ हजारका दरले र प्रमाणपत्रको प्रतिलिपी लिनको लागि रु ३ हजार दस्तुर लिने गरेको छ ।

गाउँपालिकामा रहेका ६ वटा निर्माण व्यवसायीले निर्माण व्यवसायी इजाजत तथा नविकरण गराएका छन । प्रत्येक वडामा सडक तथा अन्य निर्माण कार्य सम्पादन भइरहेको सन्दर्भमा यसतर्फ थप आकर्षण समेत रहेको देखिन्छ । यसरी निर्माण व्यवसायीबाट राजस्व प्राप्त हुने गरेता पनि छुट्टै शीर्षकमा राजश्व प्राप्त हुने अनुमान गरिएको भने देखिदैन ।

### झ. सेवा शुल्क (फोहरमैला व्यवस्थापन शुल्क, पार्किङ शुल्क, स्थानीय पूर्वाधार उपयोग शुल्क, एम्बुलेन्स सेवा शुल्क, अन्य सेवा शुल्क)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (२) मा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको (यस उपदफाको (क) देखि (च) सम्मका) कुनै सेवा उपयोग गरेवापत सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकामा सेवा शुल्क अन्तर्गत शिक्षा क्षेत्रको आम्दानी शीर्षक अन्तर्गत आ.व.२०७६/७७ मा रु.५० हजार प्राप्त हुने अनुमान गरेकोमा प्राप्त नभएको र परीक्षा शुल्क शीर्षकमा रु.५० हजार अनुमान गरेकोमा रु.४७ हजार ६ सय प्राप्त भएको देखिन्छ । त्यसैगरी अन्य प्रशासनिक सेवा शुल्क शीर्षकमा आ.व. २०७५।०७६ मा रु. ८ लाख ५२ हजार १५१ प्राप्त भएको छ र आ.व. २०७६।०७७ मा रु.५० हजार प्राप्त हुने अनुमान गरेकोमा ४ लाख ९३ हजार ३९३ प्राप्त भएको देखिन्छ । गाउँपालिकामा रहेका बजार क्षेत्रहरु भच्चेक, बालुवा, चनौटे आदि स्थानमा रहेका बजार क्षेत्रबाट प्रसस्त फोहोर मैला उत्पादन हुने र स्थानीय खोल्सा खाल्सी तथा बाटोको किनारामा फोहोरमैला विसर्जन हुने गरेको देखिन्छ । यसको सरसफाईमा शुल्क सहितको सेवा दिन गाउँपालिका अगाडि बढेको देखिदैन ।

यसैगरी गाउँपालिकामा विभिन्न किसिमका दुइपांग्रे र चारपांग्रे सवारी साधनको अलावा ढुवानी निमित्त प्रयोग हुने ट्याक्टर, ट्रक र ठूला सवारी साधनहरु बस, ट्रक, टिपरहरु रहेका छन् । यी सवारी साधनहरु स्थानीय सडकहरुमा गुड्ने गरेका र राती तथा कहिले काँही दिउसो पनि सडक किनारामा पार्किङ गर्ने गरिएको छ । यी सवारी साधनहरु पर्किङ गर्ने व्यवस्थित तथा तोकिएको स्थानको अभाव छ भने गाउँपालिकाले हालसम्म पनि पार्किङ शुल्क उठाएको देखिदैन ।

**शुल्कको सम्भावना :** गाउँपालिकाले निर्माण तथा खरिद गरेका भौतिक पूर्वाधार सेवा दिए वापत शुल्क प्राप्त गर्न सकिने सम्भावना देखिन्छ । गाउँस्तरका निश्चित सडकहरु, गाउँपालिकासँग भएको बुल्डोजर आदिमा उपभोगकर्ताबाट सेवाशुल्क लगाउने सम्भावना देखिन्छ । गाउँपालिकाले प्रदान गर्ने पशु स्वास्थ्य सेवा जस्ता सेवालाई व्यवस्थित र अभिलेखीकरण प्रयोजनका लागि न्यूनतम सेवा शुल्क लिन सकिन्छ । एम्वुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि तर्जुमा भई कोष स्थापना लगायतको व्यवस्था भएता पनि यसको सञ्चालन खर्च पुग्ने गरी सम्वन्धित उपयोगकर्ताबाट साधन परिचालन गर्ने नीति लिनु उपयुक्त हुने देखिन्छ । फोहोर मैला व्यवस्थापन र पार्किङ सेवा दिए वापत शुल्क लिने परिपाटी बसाउन सकिएमा बजार क्षेत्रका स्थानीय वासिन्दा र सवारी धनीहरु पनि सेवा लिएर शुल्क दिन तत्पर हुन्छन् भने गाउँपालिकालाई पनि सेवा बृद्धि गर्न पृष्ठपोषण प्राप्त हुन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** गाउँपालिकाले स्थानीय वासिन्दालाई आवश्यक सेवाहरु पहिचान गरी सोका लागि आवश्यक पूर्वाधार विकासमा लगानी गर्ने, निर्मित तथा निर्माण हुने स्थानीय पूर्वाधार उपयोग वापत सेवा शुल्कको दर निर्धारण, स्वीकृति, सेवा शुल्क संकलन गर्ने विधि निर्धारण तथा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने । साथै कुनै शीर्षकमा उल्लेख्य आय हुने भएमा सोको छुट्टै शीर्षकमा आम्दानी जनाउने गर्नाले राजश्व प्रशासनमा सहज हुन्छ । गाउँपालिकासँग असम्बन्धित शिक्षा क्षेत्रको आम्दानी, परीक्षा शुल्क जस्ता शीर्षकको प्रयोग गर्दा ध्यान दिनुपर्ने देखिन्छ ।

### ञ. न्यायिक दण्ड, जरिवाना, जफत

संविधान तथा प्रचलित कानूनको कार्यान्वयन, नियमन, स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ८ वमोजिमको न्यायिक कार्यसम्बन्धी व्यवस्था कार्यान्वयन, खरिद कार्य आदि क्रममा गाउँपालिकाले दण्ड, जरिवाना र जफत गर्नुपर्ने हुनसक्छ ।

**विद्यमान अवस्था :** यस गाउँपालिकामा दण्ड, जरिवाना, जफत शीर्षक अन्तर्गत आ.व. २०७५/७६ मा रु.१० हजार प्राप्त गरिएको तथा आ.व. २०७६/७७ मा रु.२० हजार प्राप्त हुने अनुमान गरेकोमा रु.१८ हजार प्राप्त भएको छ । यसैगरी प्रशासनिक दण्ड, जरिवाना, जफत शीर्षक अन्तर्गत आ.व. २०७६/७७ मा रु.५० हजार अनुमान गरेकोमा रु.३ लाख ६६ हजार प्राप्त भएको छ तथा चालु आ.व.२०७७/७८ का लागि रु.५० हजार अनुमान गरिएको पाइन्छ ।।

**आयको सम्भावना :** दण्ड, जरिवाना, जफत शीर्षक वापत प्राप्त हुने आयमा न्यूनीकरण गर्ने चाहना गाउँपालिकाले सदैव राख्ने गर्दछ र यस शीर्षकमा प्राप्त हुन सक्ने आयको प्रक्षेपण गर्न पनि कठिन हुन्छ । तर पनि दण्ड, जरिवाना शीर्षकमा प्रायः वर्षहरुमा आय प्राप्त हुने गर्दछ भने कतिपय दण्ड जरिवानाहरु सम्बन्धित शीर्षक मै हुने गर्दछ । त्यसैले पनि यस शीर्षकमा आयको प्रक्षेपण नगरी यदि प्राप्त भएमा अन्य शीर्षकबाट आम्दानी गर्ने गरेको हुनसक्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** नेपाल सरकारबाट स्वीकृत आम्दानीका शीर्षक अन्तर्गत दण्ड, जरिवाना, जफत शीर्षक रहेको हुनाले गाउँपालिकाले विगत वर्षहरुको आधारमा अनुमान गर्नुका साथै दण्ड जरिवानाका दरहरु पनि निर्धारण गरी राख्दा जनतालाई कानून पालनामा सजगता पनि बृद्धि हुन जान्छ ।

## ट. सामुदायिक वनबाट प्राप्त रकम

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गर्नुपर्ने र त्यसबाट भएको आम्दानीको १०% सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।

यसैगरी वन ऐन, २०७६ को दफा १८(५) मा सामुदायिक वन उपभोक्ता समूहले समूहको चाहाना र आवश्यकताको आधारमा वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समूहले सम्वन्धित स्थानीय तहको परामर्शमा सामुदायिक वनको कार्ययोजना बनाउन वा आवश्यकता अनुसार संशोधन गर्न सक्ने प्रावधान रहेको छ । यसैगरी सोही ऐनको दफा २२ मा सामुदायिक उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको बार्षिक आयबाट कम्तिमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण, व्यवस्थापन कार्यमा खर्चगरी बाँकी रहेको रकमको कम्तिमा ५० प्रतिशत रकम सम्वन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ र बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिने उल्लेख छ ।

उपर्युक्त स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था र वन ऐनको व्यवस्था एक अर्कामा बाझिएको हो की भन्ने देखिएता पनि सामुदायिक वन समूहसँग सहमति गरी दुबैलाई फाइदा हुनेगरी व्यवस्थापन गर्न सकिने देखिन्छ । यस अनुसार सामुदायिक वन समूहले गाउँपालिकाको परामर्शमा स्वीकृत गरेको कार्य योजना बमोजिम भएको आम्दानीको १० प्रतिशत स्थानीय सरकार सञ्चालन ऐनको प्रावधान बमोजिम स्थानीय सरकारको खातामा दाखिला गर्ने र बाँकी ९० प्रतिशतलाई शतप्रतिशत मानी त्यसको २५ प्रतिशत वनको विकासमा, ५० प्रतिशत गाउँपालिकाको समन्वयमा गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकासमा खर्च गर्ने र बाँकी रकम समूहको हितमा खर्च गर्ने गर्दा सबै कानूनका प्रावधानलाई कार्यान्वयन गर्न सकिने हुन्छ । यसमा स्थानीय तहले यसरी सामुदायिक वन समूहबाट प्राप्त गरेको रकम सामुदायिक वनको हितमा र वातावरणीय संरक्षणमा मात्र खर्च गर्न पाउने प्रावधान अगाडि सारेर सामुदायिक वन समूहहरुसँग छलफल गरी सहमति गर्नु उपयुक्त हुन्छ ।

**विद्यमान अवस्था :** सामुदायिक वनबाट गाउँपालिकालाई रकम प्राप्त हुने प्रावधान स्थानीय सरकार सञ्चालन ऐनमा २०७५/११/१९ मा भएको केही नेपाल ऐन संशोधनबाट भएको हुनाले यस शीर्षकमा विगतमा आम्दानी भएको थिएन । साथै आ.व.२०७७/७८ का लागि पनि गाउँपालिकाबाट यस शीर्षकमा रकम प्राप्त हुने अनुमान गरेको देखिदैन ।

**आयको सम्भावना :** यस गाउँपालिकामा ३८ वटा सामुदायिक वन रहेका र ती वनबाट टिमुर, टुसा संकलन गरी बजारमा विक्री हुने गरेकोले त्यस्तो क्रियाकलापलाई पनि व्यवस्थित गरी सामुदायिक वनको आम्दानीमा जोड्न सकिने देखिन्छ । यसैगरी लेकतिरको सामुदायिक वनभित्र वनमा गोठले चर्चेका जग्गाको उपयोग र वडा नं. १ र २ का सामुदायिक वनमा जडिवुटीहरु संकलन गरी सामुदायिक वनको आम्दानी बढाउन गाउँपालिकाले लगानी गर्ने र सामुदायिक वनहरुको कूल आम्दानीबाट १० प्रतिशत रकम गाउँपालिकाको कोषमा दाखिला गर्न लगाउने गर्न सक्ने देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** गाउँपालिकाको क्षेत्रमा रहेका सबै ३८ वटा सामुदायिक वनको अभिलेखीकरण गर्ने, कार्य योजना तर्जुमा गर्न प्राविधिक सहयोग उपलब्ध गराउने, वन संरक्षण र विकास, जडिबुटी खेती तथा पर्यापर्यटन सम्वन्धी क्रियाकलापहरुको व्यवस्थापन गर्न सहयोग तथा सहजीकरण गर्ने, वन संरक्षण तथा उपयोग सम्वन्धी कार्यविधि स्वीकृत गरी लागु गर्नुपर्ने देखिन्छ ।

**ठ. जग्गा एकीकरण तथा वस्ती विकासः** अजिरकोट गाउँपालिकाको बजार क्षेत्रमा हाल प्रशस्त घरहरु निर्माण भइरहेका छन् भने भूकम्प प्रभावित भएका लेक र डाँडाको जोखिम क्षेत्रका बासिन्दालाई समथर र जोखिम कम भएका क्षेत्रमा सार्नुसमेत परेको छ । यस दृष्टिकोणले भच्चेक, बालुवा, चनौटे लगायतका पिच सडक जोडिएका बजार क्षेत्रको आसपासमा गाउँपालिकाले जग्गा एकीकरण गरी वस्ती विकास योजना लागुगर्न सकिने र यसबाट विकसित सुविधायुक्त घडेरी विक्री गरी राजस्व परिचालन गर्न सकिने देखिन्छ । यस्तो वस्ती विकासको कार्यमा खेती कम हुने, सडक लगायत पूर्वाधार सजिलै पुर्‍याउन सकिने र वस्ती विकास गर्दा अन्य सुविधाको जोहो समेत गर्न सकिने करिब २।३ सय रोपनी जग्गाको क्षेत्रलाई एकिकरण गरी जग्गावालासँग जग्गा प्राप्त गर्ने र पुर्वाधार विकासको निमित्त सोही जग्गाको ३० देखि ३५ प्रतिशत जग्गा गाउँपालिकाले प्राप्त गर्ने र जग्गा विकास पश्चात ६५ देखि ७० प्रतिशत जमीन विकसित घडेरीको रुपमा सम्वन्धित जग्गाधनीलाई नै फिर्ता दिने गरी कार्ययोजना बनाउन सकिन्छ । यसो गर्दा जोखिम रहित वस्ती विकास हुने र जग्गावालालाई पनि विकसित घडेरीको रुपमा फिर्ता हुने हुँदा फायदा नै हुने हुनाले जनसमर्थन समेत प्राप्त हुने देखिन्छ ।

यसरी अजिरकोट गाउँपालिकामा आन्तरिक राजश्वका विभिन्न शीर्षकहरुमा थप साधन परिचालन हुने सम्भावना रहनुका साथै आगामी दिनमा औद्योगिक ग्राम निर्माण तथा सञ्चालन गरी त्यहाँका उद्योग व्यवसायलाई स्थानीय कर तथा सेवा शुल्कमा विशेष छुट प्रदान गरी उद्योगी व्यवसायीलाई आकर्षित गर्ने, स्थानीय हाट बजार तथा कृषि संकलन केन्द्रहरुको विकास तथा आर्थिक विकास र रोजगारी सिर्जनामार्फत आन्तरिक राजश्वका स्रोतहरुको दायरा बृद्धि गर्ने सम्भावना पर्याप्त रहेको देखिन्छ । यसबाट विपन्न तथा सिमान्तकृत समुदाय, महिला, वालवालिकामा हुने जेखिम न्यून हुने, रोजगारीको अवसर सिर्जना हुने र जीवनस्तरमा सुधार गर्न सहयोग पुग्ने हुन्छ ।

# परिच्छेद - चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

गाउँपालिकाले राजश्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई यस परिच्छेदमा छोटकरीमा व्याख्या गरिएको छ । यसबाट गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधारका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न मद्दत पुग्ने छ ।

## ४.१ राजश्व परिचालन सम्बन्धी नीति

गाउँपालिकाले आन्तरिक राजश्व परिचालन सम्बन्धमा लिएका नीतिहरु यसप्रकार रहेका छन् :

- आन्तरिक आयका क्षेत्रहरू पहिचान र परिचालन गरी आन्तरिक आयलाई क्रमशः वढवा दिदै लगिनेछ ।
- राजश्वका थप क्षेत्र पहिचान गरी राजस्व वृद्धि गर्ने नीति लिइनेछ । गाउँपालिकाको राजस्व सुधार कार्य योजना तयार गरी लागु गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने अजिरकोटबासीहरुको क्षमता, स्थानीय स्रोत र अन्य गाउँपालिकाको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमका आधारमा करका दरहरु निर्धारण गरिनेछ ।
- कोभिड १९ का कारण कर तथा गैरकर राजस्वमा पर्नसक्ने असरलाई आंकलन गरी आन्तरिक आय अनुमानलाई यथार्थपरक वनाइनेछ ।
- गाउँपालिकाको राजस्व प्रशासनलाई सुधार गर्दै लगिनेछ ।
- “राजस्व संकलन- भार होइन, समृद्धिको आधार हो” भन्ने जागरण गराउन राजश्व सचेतना अभियान सञ्चालन गरिनेछ ।
- अजिरकोट गाउँपालिका क्षेत्रभित्रका उत्कृष्ट करदातालाई पुरस्कृत गर्दै आन्तरिक आय प्रवर्द्धनका कार्यक्रमहरु लागु गरिनेछ । महिला, विपन्न तथा सीमान्तकृत समुदायलाई करमा छुट तथा प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- यस गाउँपालिकाले कर प्रणालीलाई सवल, सक्षम र प्रभावकारी तुल्याउन करको दायरा आवद्ध नभएका सबै व्यवसायीहरुलाई करको दायरामा ल्याउने, सम्पत्ति कर, भूमिकर (मालपोत), नक्सा पास असुलीका लागि कडा नीति अवलम्बन गरिने र घरवहाल करलाई स्वयम् घोषणाको नीति अवलम्बन गर्दै गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गरिनेछ ।
- गाउँपालिकाको राजश्व परामर्श समिति, राजश्व शाखालाई सुदृढ र सक्षम बनाइनेछ ।
- गाउँपालिकाको राजस्व अभिवृद्धिमा टेवा पुऱ्याउन स्थानीय उद्योगी, व्यापारी (उद्योग वाणिज्य संघ) सँग समन्वय गरिनेछ ।

*स्रोत : अजिरकोट गाउँपालिका बजेट २०७७/७८ समेत*

## ४.२ आय संकलनको संस्थागत क्षमता

### ४.२.१ स्थानीय राजश्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजश्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजश्व सम्बन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन

र सोको परिपालना सम्बन्धी परामर्श, राजश्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजश्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ । यस गाउँपालिकामा स्थानीय राजश्व परामर्श समितिको गठन देहाय अनुसार भएको छ ।

**तालिका ८ : राजश्व परामर्श समितिको विवरण**

| क्र.सं. | नम | पद | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| १ | श्री चन्द्रमाया गुरुङ | उपाध्यक्ष, गाउँपालिका | संयोजक |
| २ | श्री लोकेन्द्र ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | श्री तयराज गुरुङ वडा नं ३ | कार्यपालिका सदस्य (वडा अध्यक्ष) | सदस्य |
| ४ | श्री सरस्वती धिताल | कार्यपालिका सदस्य, वडा नं. २ | सदस्य |
| ५ | श्री रेशम गुरुङ | अध्यक्ष, उ.वा.संघ, अजिरकोट इकाई | सदस्य |
| ६ | श्री शैलेश गुरुङ | अध्यक्ष बजार व्यवस्था समिति | सदस्य |
| ७ | श्री सन्दीप पौडेल | गाउँपालिकाको राजश्व शाखा प्रमुख | सदस्य सचिव |

अजिरकोट गाउँपालिकाको राजश्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि गाउँपालिका उपाध्यक्ष श्री चन्द्रमाया गुरुङको संयोजकत्वमा राजश्व परामर्श समितिको बैठक गरी राजश्वको दर निर्धारण सिफारिस, वार्षिक राजश्व अनुमान आदि निर्णय गर्ने गरेको पाइन्छ ।

### ४.२.२ गाउँपालिकाको राजश्व प्रशासन

गाउँपालिकाको राजश्व प्रशासनलाई अझ प्रभावकारी बनाउने नीति चालु बजेटमार्फत पनि गाउँपालिकाले लिएको छ । यसको प्रभावकारिताका लागि गर्नुपर्ने कार्यहरुमा जनशक्ति व्यवस्थापन, राजश्व शाखाको संस्थागत विकास, राजश्व सम्वन्धी कार्ययोजना तर्जुमा, मालपोत कार्यालयबाट स्थानीय जग्गाको लगत अद्यावधिक, करदाताहरुको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरुको पहिचान गर्नुपर्ने रहेको छ । यसैगरी राजश्व प्राप्त हुने पूँजीगत निर्माण, पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन, ऐतिहासिक स्थलहरुको प्रचार प्रसारका साथै होमस्टे विकास र प्रवर्द्धन गर्नुपर्ने छ । वडास्तरमा काम गर्ने कर्मचारीलाई प्रभावकारी सेवा प्रवाह र राजश्व संकलन कार्यमा परिचालन गर्नुपर्ने हुन्छ ।

साथै गाउँपालिका तथा वडा कार्यालयका राजश्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरुलाई राजश्व र आयका शीर्षकका विषयमा अभिमुखीकरण र अभिलेख व्यवस्थापन सम्बन्धी क्षमता विकास महत्वपूर्ण हुने देखिन्छ ।

## ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन

**तालिका ९ : राजश्व परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| क. | **कर तर्फ** | | | |
| १ | सम्पत्ति कर (घरजग्गा कर) | संभावना भएको | संकलन भएको | निर्धारण भएको तर पुनरावलोकन गर्नुपर्ने |
| २ | भूमि कर (मालपोत) | संभावना भएको | संकलन भएको | निर्धारण भएको तर पुनरावलोकन गर्नुपर्ने |

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| ३ | साना सवारी कर (अटोरिक्सा, इरिक्सा) | न्यून सम्भावना भएको | संकलन नभएको । | दर निर्धारण भएको |
| ४ | घर जग्गा बहाल कर | केही सम्भावना भएको | संकलन भएको । | दर निर्धारण भएको |
| ५ | व्यवसाय कर | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको |
| ६ | जडिबुटी, कवाडी र जीवजन्तु कर | केही सम्भावना भएको | संकलन नभएको । | दर निर्धारण भएको |
| **ख.** | **अन्य राजस्व** | | | |
| १ | ढुङ्गा, गिट्टी, वालुवा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको (आर्थिक ऐन २०७७ मा नभएको) |
| २ | नक्सापास दस्तुर | सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण भएको । |
| ३ | व्यक्तिगत घटना दर्ता/विलम्ब शुल्क | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको । |
| ४ | वहाल विटौरी शुल्क | सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण भएको । |
| ५ | पार्किङ्ग शुल्क | सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण भएको । |
| ६ | फोहरमैला व्यवस्थापन शुल्क | सम्भावना नभएको । | संकलन नभएको । | दर निर्धारण भएको । |
| ७ | स्थानीय खानेपानी महसुल | सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण नभएको । |
| ८ | स्थानीय विद्युत महसुल | सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण नभएको । |
| ९ | मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण भएको । |
| १० | निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क | उद्यान, हाटबजार, पर्यटकीय पूर्वाधार, कृषि बजार केन्द्र र वधशाला, आदि सम्भावना भएको | संकलन नभएको । | दर निर्धारण नभएको । |
| ११ | मूल्यांकन सेवा शुल्क | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको । |
| १२ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर | सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण भएको । |
| १३ | ढुङ्गा, गिट्टी, वालुवा, माटो, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण नभएको । |
| १४ | वडा मार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको । |
| १५ | दण्ड जरिवाना | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको । |
| १६ | होमस्टे नवीकरण | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको । |
| १७ | सहकारी दर्ता र नवीकरण | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको । |
| १८ | सामाजिक संस्था दर्ता र नवीकरण | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको । |
| १९ | सामुदायिक वनको आम्दानी | सम्भावना भएको । | संकलन नभएको । | कानूनले तोकेको |

*स्रोत : अजिरकोट गाउँपालिका, राजश्व परामर्श समिति प्रतिवेदन तथा आर्थिक ऐन २०७७*

## ४.४ राजश्व परिचालनमा रहेका सवालहरू

संविधान तथा कानून प्रदत्त गाउँपालिकाको वित्तीय अधिकार अनुरुप राजश्व परिचालनमा सुधार ल्याउन योजनाबद्ध प्रयास अपरिहार्य देखिन्छ । राजश्व परिचालनका मुख्य सवालहरु, नीतिगत व्यवस्था, दक्ष कर प्रशासन, करको दर, दायरा, क्षेत्र विस्तार तथा बक्यौता असुली आदि सम्बन्धी रहेका छन् । यस गाउँपालिकाले सम्बोधन गर्नुपर्ने राजश्व परिचालनका प्रमुख सवालहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### (क) कानुनी तथा नीतिगत

गाउँपालिकाको राजश्व अधिकार सम्बन्धी प्रावधानहरुको प्रभावकारी कार्यान्वयन र राजश्व परिचालनका लागि आवश्यक आर्थिक ऐन, विभिन्न कार्यविधिहरु समयमै गाउँसभाबाट पारित भएको भए पनि कार्यान्वयन पक्ष अझ सुदृढ गर्नुपर्ने देखिन्छ । गाउँपालिकाले लिएका राजश्व सम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन महत्वपूर्ण हुने देखिन्छ । गाउँपालिका र अन्य तहका सरकार वीच दोहोरो परेका करहरुका सम्बन्धमा वार्ता तथा अन्तर्क्रिया गरी स्पष्ट पार्न पनि आवश्यक देखिन्छ ।

**कानूनी द्विविधाः** कतिपय कानूनहरू एक अर्कामा तालमेल नभएका कारण पनि स्थानीय तहलाई आन्तरिक आयमा समस्याहरू सृजना भएका छन् । उदाहरणका लागि स्थानीय सरकार सञ्चालन एनको दफा ६२ (ख) ले सामुदायिक बन उपभोक्ता समितिले वन पैदावार विक्रि गरेबापत प्राप्त हुने रकमको दश प्रतिशत स्थानीय तहमा जम्मा गर्नु पर्ने व्यवस्था छ भने बन ऐन, २०७६ मा यस सम्बन्धमा कुनै उल्लेख नगरी दफा २२ मा उपभोक्ता समितिले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तिमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा ५० प्रतिशत सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सशक्तीकरण, गरिवी न्यूनीकरण, उद्यमशिलता विकास लगायतका कार्यमा खर्च गर्ने प्रावधान रहेको छ ।

यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(घ) को घ बमोजिम लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन सम्वन्धी अधिकार स्थानीय तहमा रहेकोमा संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४(२) मा अनुमति लिनु पर्ने बाहेकका उद्योगहरुको दर्ता नवीकरण लगायतका कार्यहरु प्रदेश सरकारवाट हुने भनी उल्लेख भएको र प्रदेशको औद्योगिक व्यवसाय ऐन, २०७६ ले स्थानीय तहको उक्त अधिकार संकुचित गरेकोले प्राप्त गर्ने सेवा शुल्कमा असर पर्नगएको छ ।

यसरी कानूनहरूका बीच तालमेल नहुंदा स्थानीय तहलाई आन्तरिक आय प्राप्तिमा समस्याहरू आउने गरेकोछ ।

### (ख) स्रोतको आधारहरुको विश्लेषण

**स्थानीय आर्थिक विकास :** अजिरकोट गाउँपालिकाको आर्थिक विकासको सम्भावना भएका क्षेत्रहरु कृषि, पशुपालन, पर्यटन, साना तथा घरेलु उद्योग, आर्थिक विकास केन्द्रीत पूर्वाधार विकासका जस्ता क्षेत्रमा गाउँपालिकाको बार्षिक कार्यक्रमका माध्यमबाट लगानी वृद्धि गर्नु पर्दछ । यसबाट स्थानीय आर्थिक विकासमा व्यवसायिकता, आयआर्जन, स्थानीय कच्चा पदार्थको उत्पादन, प्रशोधन, बजारीकरण र रोजगारी सिर्जनामा योगदान पुग्दछ । निजी क्षेत्रको लगानी र उद्यमशीलता आकर्षित भई जनताको आम्दानीमा बृद्धि हुन गई कर तिर्ने क्षमतामा सुधार हुने हुँदा गाउँपालिकाको राजश्व बृद्धिमा सहयोग पुग्ने हुन्छ । अजिरकोटमा देहायका सम्भावना रहेका छन् :

**पर्यटनः** अजिरकोट गाउँपालिका पर्यटकीय संभावना प्रशस्त रहेको छ । खासगररी लमजुङ् जोड्ने पदमार्गको विकास, धार्चे हुदै मनास्लु क्षेत्र जोड्ने पदमार्ग विकास हुन सकेमा यस क्षेत्रमा होटल, लज, रिसोर्ट र होमस्टेको विकास भै स्थानीय आर्थिक कृयाकलापमा विस्तार हुने, फलतः राजश्वमा समेत यस क्षेत्रको योगदान बढ्ने हुन्छ ।

**औद्योगिक ग्रामः** अजिरकोट गाउँपालिकामा औद्योगिक ग्रामको स्थापना गर्न सकिने प्रशस्त संभावना रहेको क्षेत्र हो । यसले स्थानीय उत्पादनमा आधारित उद्योगको विकास गर्न सहयोग पुग्नका साथै स्थानीय रोजगारी र आर्थिक कृयाकलाप बढ्ने र यसले स्वभाविक रुपमा करको दायरा विस्तारमा समेत सहयोग पुग्न सक्दछ ।

**हाट बजारः** अजिरकोट गोरखाको त्यस भेग र लमजुङ सम्मको केन्द्र पर्ने भएकाले भच्चेक, बालुवा र अन्य केही महत्वपूर्ण केन्द्रमा कृषि तथा पशुजन्य साप्ताहिक हाट बजार विकास गरी आन्तरिक आय बढाउन सकिन्छ। यसका निमित्त सार्वजनिक पर्ति जग्गाको व्यवस्था, पूर्वाधार निमार्ण र प्रचार प्रशार उत्तिकै महत्वपूर्ण हुन्छ ।

यस्ता भविष्य लक्षित क्षेत्रमा लगानी तथा पूर्वाधार विकासमा ध्यान दिन सकेमा गाउँपालिकाको आय स्रोतकै विस्तार गर्न सहयोग पुग्न सक्दछ ।

### (ग) दर विश्लेषण

राजश्वको दर निर्धारण गर्दा समान स्तरका करदाताहरुलाई समान व्यवहार हुने गरी तथा समान तहका स्थानीय सरकार वीच न्यून अन्तर हुने विषयमा ध्यान दिन आवश्यक हुन्छ । स्थानीय करका आधारहरु पर्याप्त राजस्व संकलन गर्न सकिने खालको हुनु पर्दछ । अर्थात संकलित राजश्व भन्दा संकलन गर्दा लाग्ने खर्च बढी हुने खालको हुनु हुँदैन ।

अजिरकोट गाउँपालिकाको करका दरहरुलाई हेर्दा सम्पत्ति करको दर रु.५० हजार सम्म सम्पत्ति भएकालाई रु.२५ भन्ने भएकाले रु.१ लाखसम्मको लागि रु.५० गर्नु उपयुक्त देखिन्छ । साथै सम्पत्तिको मूल्यांकनको दर रु.५० हजारको फरक गर्न कठिन हुने भएकाले कम्तिमा रु.१ लाख हुन उपयुक्त हुने । त्यसैगरी मालपोतको न्यूनतम दर रु.१५ रहेको छ । १ रोपनीभन्दा कम जमिन हुनेले रु.१५ तिर्नुपर्ने हुन्छ । सोको उठाउँदा लाग्ने लागत पनि नउठ्ने भएकाले न्यूनतम रु.३० गर्न उचित हुने देखिएको । साथै स्थानीय उत्पादनका आधारमा दर निर्धारण गर्दा करदातालाई पनि मर्का नपर्ने र गाउँपालिकालाई पनि राजश्व प्राप्त सहज रुपमा हुने हुन्छ ।

घरजग्गा रजिष्टेशन दस्तुर अन्तर्गत मालपोतको मूल्यांकन र स्थानीय चलनचल्तीको रकम ज्यादै फरक भएका सो परिमार्जनका लागि पहल गर्दा राजश्वमा बृद्धि हुने अवस्था सिर्जना हुन्छ ।

### (घ) राजश्व प्रशासन

**संगठन, क्षमता र पूर्वाधार सम्बन्धी :** यस गाउँपालिकाको संगठन संरचना अनुसार १ जना सहायक पाँचौ तहका कर्मचारीको दरबन्दी सिर्जना भएको र सो दरवन्दीमा कर्मचारीको व्यवस्थापन भई कार्यरत रहेका छन् । कर्मचारीहरुलाई क्षमता विकास तालिम, प्रविधिमा आधारित राजश्व अभिलेख तथा सूचना प्रणाली, सक्षम राजश्व शाखाको व्यवस्था हुन आवश्यक छ । साथै वडा कार्यालयहरुको समेत क्षमता अभिबृद्धि गरि वडा कार्यालयहरु मार्फत राजश्व संकलनको व्यवस्थित विद्युतीय प्रणालीको स्थापना भएमा राजश्व असुली प्रभावकारी हुन सक्ने देखिन्छ ।

वडा कार्यालयहरुबाट असूल भएको राजस्व गाउँपालिकामा दाखिला गर्दा एकमुष्ट दाखिला गर्ने गर्दा कुन शीर्षकबाट उठेको राजस्व हो त्यसको लेखांकन गर्न समस्या परेको देखिन्छ । त्यसैले वडाबाट राजस्व बुझ्दा आर्थिक प्रशासन वा राजस्व शाखाले निम्न बमोजिमको फाराममा विवरण भर्न लगाई

राजस्व प्राप्ति गर्दा हिसाव मिलान र अभिलेख गर्न स्पष्ट हुने देखिन्छ । यस्तो फाराम २ प्रति बनाई एक प्रति आर्थिक प्रशासन शाखा वा राजस्व शाखामा राख्ने र एक प्रति सम्वन्धित वडामा रकम बुझेको निस्सा सहित फिर्ता गर्नु पर्छ । राजस्व शाखा वा आर्थिक प्रशासन शाखाले यही फारामको आधारमा शीर्षकगत राजस्व खातामा आम्दानीको अभिलेख गर्नु पर्छ र एक प्रति रकम बैंक दाखिला गर्ने गोश्वारा भौचरमा समेत समावेश गर्नु पर्छ ।

**अजिरकोट गाउँ कार्यपालिकाको कार्यालय**

**भच्चेक बजार, गोरखा**

**वडाबाट संकलन गरिएको राजस्व बुझ्ने फाराम**

**वडा नं :    राजस्व बुझ्ने वडा सचिव वा कर्मचारीको नामः    मितिः**

| सिनं | काटिएको रसिद नं | रसिद काटिएको मिति | राजस्वको शीर्षक | राजस्व बुझाउने व्यक्ति वा संस्थाको नाम | संकलन गरिएको राजस्व रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा रसिद संख्या | | | | जम्मा रकम | |
| जम्मा रकम अक्षरमा : | | | | | |
| रकम बुझिलिनेको दस्तखत र मिति : | | | | | |

**अभिलेख व्यवस्थापन तथा स्रोतहरुको प्राथमिकीकरण :** गाउँपालिकाका सम्भाव्य राजश्वका स्रोतहरु (कर, शुल्क तथा दस्तुर) को पहिचान गरी दायरा फराकिलो बनाउने तथा दर निर्धारण गरी सामयिक रुपमा यस्तो दरलाई अद्यावधिक गर्दै जानुपर्दछ । गाउँपालिकाबाट राजश्वका नयाँ स्रोतहरु पहिचान तथा कार्यान्वयनका लागि आवश्यक लगानी तथा प्राथमिकीकरणका आधारमा अध्ययन, अनुसन्धान तथा सम्भावना विश्लेषण गर्दै नयाँ स्रोतहरुको पहिचान र परिचालन तथा बर्तमान स्रोतहरुको दायरा विस्तार गर्दै आन्तरिक राजश्वलाई दिगो बनाउन आवश्यक हुन्छ । यस कार्यको लागि दक्ष जनशक्तिको व्यवस्थापन र जनताको सहयोग अपरिहार्य हुन्छ ।

**आन्तरिक नियन्त्रणः** राजस्व असुलीका लागि जारी गरिने रसीदको नियन्त्रण जरुरी हुन्छ । कति प्रति रसीद छपाई भएको हो प्रमुख प्रशासकिय अधिकृतबाट सबै प्रति प्रमाणित गराई त्यसको जानकारी राजस्व शाखा र लेखा शाखामा सुरक्षित रहनु पर्दछ । राजस्व शाखाले जिन्सीफाँटबाट रसिद एकमुष्ट निकासा लिई सम्बन्धित वडामा सचिवलाई वा अन्य कर्मचारीलाई सि.न. समेत प्रष्ट हुनेगरी निकासा गरिनु पर्दछ र रसीद नियन्त्रण खातामा अभिलेख राखिनु पर्दछ । त्यसको विवरण लेखा शाखामा समेत पठाइनु पर्दछ । लेखा शाखाले सम्बन्धित कर्मचारी वा वडा सचिवबाट रकम दाखिला गरिदा जारी भएको रसीदको एक प्रति अधकट्टी सहित भिडाई रकम बुझ्ने । सम्बन्धित कर्मचारीले रकम दाखिला गर्दा गाउँपालिकाबाट जारी भएको राजस्व शीर्षकगत छुट्टिने फारममा राजस्व विवरण भरी दाखिला गरिनु पर्दछ । आ.ले.प. शाखाले समेत रसीद नियन्त्रण प्रक्रियालाई सुक्ष्म

रुपमा हेर्ने । यसरी प्राप्त रकमलाई गाउँपालिकाको गोश्वारा खातामा शीर्षक अनुसार चढाई मासिक रुपमा प्रमाणित गरि राजस्वको शीर्षकगत प्रतिवेदन पठाउने व्यवस्था गरिनु पर्दछ ।

यदि राजस्वको लेखा सूत्र (SUTRA) आधारित भए सोहि बमोजिम शीर्षकगत रुपमा प्रष्ट गरी अनलाईन (Online) प्रतिवेदन पठाउने प्रणाली अवलम्बन गरिनु पर्दछ ।

**पारदर्शिता र जवाफदेहिता :** राजश्व प्रशासनलाई व्यवस्थित तथा प्रभावकारी बनाउनका लागि गाउँपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय हुनुको साथै यसको प्रक्रिया पनि पारदर्शी र नागरिकप्रति जवाफदेहीतामा आधारित हुनु पर्दछ । गाउँपालिकाको आयव्ययको विवरण आवधिक रूपमा प्रकाशन गर्नु, सङ्कलित राजश्व सार्वजनिक गर्नु पारदर्शिता अभिबृद्धिका उपयुक्त विधि हुन सक्दछ । साथै स्थानीय सञ्चार माध्यमहरुको प्रयोग गरी कर र गैरकर सम्वन्धमा सचेतना अभिवृद्धि र प्रचार प्रसार गर्न सके जनताको सहयोग प्राप्त हुन सक्दछ । गाउँपालिकाको वेभसाईटमार्फत नियमित रुपमा आय व्यय सार्वजनिक गर्नाले गाउँपालिकाप्रतिको विश्वास बढ्न गई गाउँपालिकावासी र सरोकारवालाहरुबाट सहयोग प्राप्त हुने वातावरण सिर्जना गर्न सकिन्छ ।

**समावेशिता तथा सहभागिता अभिबृद्धि :** कर प्रणालीको विकास गर्दा करको दायरा फराकिलो बनाउन र पिछडिएका जनताहरुलाई पनि समेट्न गरिव, विपन्न, एकल महिला, अपाङ्गता भएका र जोखिममा परेका व्यक्तिहरुको लागि उपयुक्त व्यवसायिक तथा प्राविधिक सीप विकास गरी निजहरुबाट सञ्चालन गरिने उद्यम व्यवसायमा विभिन्न सहुलियत तथा छुट सुबिधाको व्यवस्था गरी प्रोत्साहन गर्ने नीति लिनु महत्वपूर्ण हुन्छ ।

# परिच्छेद - पाँच : राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा प्राथमिक तथा द्वितीय स्रोतबाट संकलित सूचना विश्लेषणका आधारमा तयार पारिएको अजिरकोट गाउँपालिकाको राजश्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ ।

## ५.१ गाउँपालिकाको राजश्व सुधार कार्ययोजना

गाउँपालिकाले राजश्व सुधारका लागि लिने रणनीति, कार्यनीति र कार्ययोजनाहरु यस प्रकार रहेका छन्:

### ५.१.१ प्रभावकारी राजश्व संकलनका रणनीति तथा कार्यनीति

अजिरकोटा गाउँपालिकामा राजश्व संकलनमा खासगरी ट्र्याकमा गैसकेको र ट्र्याकमा लानुपर्ने गरी दुई किसिमका अवस्थाहरु छन् । परम्परादेखि चल्दै आएका राजश्वहरु ट्र्याकमा छन् भने नयाँ राजश्वका स्रोतहरुमा जनतालाई वानी पार्न थप पहल गर्न आवश्यक रहेको छ । साविकका ५ वटा गाविसहरु मिलाएर गठन गरिएको यस गाउँपालिकामा विद्यमान कानून प्रदत्त केही राजश्व अधिकारहरु हालसम्म प्रयोगमा ल्याउन सकिएको छैन । गाउँपालिकाका कानूनहरु पनि सामयिक परिमार्जन एवं संशोधन गर्नुपर्दछ । यी तथ्यहरुलाई समेत मध्यनजर राखी आन्तरिक राजश्व परिचालन सम्बन्धमा देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गर्न सुझाव गरिएको छ ।

१. राजश्व सम्बन्धी कानूनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने ।
२. राजश्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने ।
३. राजस्व प्रणालीलाई सरल, सहज र करदाता मैत्री बनाउने ।
४. समन्वय र सहकार्यको अभिवृद्धि गरिने ।

**तालिका १० : राजश्व सुधार सम्बन्धी रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. राजश्व सम्बन्धी कानूनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने । | १. गाउँपालिकामा राजश्वसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरु तर्जुमाका साथै तर्जुमा भइसकेका ऐन नियमलाई सुधार गरी अझ बढी व्यवहारिक बनाउदै लगिनेछ ।<br>२. कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवं विषय क्षेत्रसँग आबद्ध गराउदै गाउँपालिका तथा निजीक्षेत्रबाट थप लगानी गर्न प्रोत्साहित गरिनेछ ।<br>३. कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरुसँग परामर्श गर्ने पद्धतिको संस्थागत विकास गरिनेछ ।<br>४. जनताको कर तिर्ने तथा करको भार बहन क्षमता विश्लेषणका आधारमा कर नीतिलाई विवेकसम्मत र प्रगतिशील बनाइने छ ।<br>५. थप राजस्वका स्रोतको सम्भाव्यता अध्ययन गरी सम्भाव्य थप स्रोत पहिचानका साथै बर्तमान राजश्व स्रोतको दायरा बृद्धि गर्न यसको यकिन तथ्याङ्क संकलन गरी सम्भाव्यताका आधारमा समय सापेक्ष रुपमा करदाताहरुको संख्या बढाउदै लगिनेछ ।<br>६. राजश्वको स्रोत बृद्धि गर्ने पूँजी लगानीको सम्भाव्यता अध्ययन गरिनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| | ।<br>७. सम्पत्ति मूल्यांकन सम्वन्धी सिफारिसलाई निश्चित आधार र मापदण्डमा आवद्ध गरी एकरुपता कायम गरिने छ ।<br>८. आन्तरिक राजश्वका विभिन्न स्रोतहरुबारे सम्भावना अध्ययन, पहिचान, स्रोतहरुको यकिन तथ्याङ्क, सूचना संकलन गर्न कार्यदलहरु बनाई वडागत रुपमा परिचालन गरिनेछ । करका स्रोत अनुसारका तथ्याङ्क हरेक वर्ष अद्यावधिक गरिनेछ ।<br>९. गाउँपालिकामा पर्यटन प्रवर्द्धन गर्न पूर्वाधारहरुको विकास गरिनेछ । साथै पर्यटन विकासमा यस गाउँपालिकामा रहेका ऐतिहाँसिक धरोहर तथा प्राकृतिक संपदाको संरक्षण तथा विकास गर्न निजी क्षेत्रसँग साझेदारीको समेत पहल गरिनेछ ।<br>१०. पूर्वाधार उपयोग दस्तुर, घर बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्न दर निर्धारण गर्दा छिमेकी नगरपालिका, निजी क्षेत्र र करदातासँग समेत छलफल तथा सहकार्य गरिनेछ ।<br>११. नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।<br>१२. समयमा कर तिर्ने करदातालाई प्रोत्साहन तथा बक्यौता राख्ने करदातालाई जरिवाना लगाइने छ । |
| २. राजश्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने । | १. गाउँपालिकाको समग्र राजश्व परिचालन सम्बन्धी नीतिहरुलाई कार्यान्वयन गर्न राजश्व शाखाको सुदृढीकरण गरी क्षमताबृद्धि गरिनेछ ।<br>२. गाउँपालिकाको राजश्व शाखामा स्वीकृत संगठन संरचना अनुसारको दरबन्दी पूर्ति गरिनेछ ।<br>३. स्थानीय राजश्व परामर्श समिति तथा राजश्व शाखा र वडा कार्यालयका कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिनेछ र वडास्तरमा कर असूली गर्ने व्यवस्था मिलाईने छ ।<br>४. राजश्व शाखाका लागि आवश्यक उपकरण, सफ्टवेयर आदिको प्रबन्ध मिलाई क्रमसः वडा कार्यालयहरुसँग सूचना सञ्जालमा जोड्दै लगिने छ । स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने करदाता शिक्षा तथा सचेतना कार्यक्रम समुदाय/टोल एवं वडास्तरमा सञ्चालन गरिनेछ ।<br>५. प्रादेशिक तथा जिल्लाका अन्य स्थानीय तहसँग राजश्व परिचालन बारे ज्ञान-सीप, अनुभव आदान-प्रदान र अन्तरक्रिया गरिनेछ ।<br>६. राजश्व लेखापालनलाई कम्प्यूटरकृत गरिनेछ र विद्युतीय माध्यमबाट नै राजस्वको प्रतिवेदन र फाँटबारी बनाइने छ ।<br>७. राजस्व सम्वन्धी आन्तरिक नियन्त्रणको व्यवस्थाको लागि राजस्व रसिद नियन्त्रण खाता राखिने छ र प्रत्येक वडाबाट मासिक रुपमा स्रोत खुल्नेगरी राजस्वको प्रतिवेदन लिने प्रणाली अवलम्बन गरिने छ । |
| ३. राजस्व प्रणालीलाई | १. कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं |

| रणनीति | कार्यनीति |
|---|---|
| सरल, सहज करदाता मैत्री र पारदर्शी र समावेशी बनाउने । | सहकारी संस्थासँग सहकार्य गरिनेछ ।<br>२. कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरुमा नागरिकहरुको पहुँच पुऱ्याइनेछ ।<br>कर/राजश्व सूचना जानकारी अर्धवार्षिक एवं वार्षिक प्रतिवेदन गाउँपालिकाको वेभसाईटमा राखिने छ । साथै यस्तो सूचनाहरु गाउँपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाइने छ ।<br>३. करदाता शिक्षा, कर सम्वन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।<br>४. महिला, अपाँगता भएका व्यक्ति तथा गरिब तथा कमजोर आर्थिक अवस्थाका स्थानीय व्यवसायी तथा घरमूलीहरुलाई करमा विशेष छुटको व्यवस्था मिलाईने छ ।<br>५. कर संकलन प्रक्रियालाई सहज बनाउन बैंक तथा विद्युतीय माध्यमबाट कर भुक्तानी गर्ने प्रणालीको विकास गरिनेछ । |
| ४. समन्वय र सहकार्यको अभिवृद्धि गरिने छ । | १. पर्यटन शुल्क तथा ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक स्रोतको उत्खनन्, विक्री तथा बजार व्यवस्थाका सम्बन्धमा छिमेकका अन्य गाउँपालिका तथा नगरपालिकासँग समेत समन्वय तथा सहकार्य गरिनेछ ।<br>२. बाझिएका नीतिगत व्यवस्था संशोधनका लागि आवश्यक समन्वय गरिनेछ ।<br>३. कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थासँग सहकार्य गरिनेछ ।<br>४. राजश्वसँग सम्बन्धित विषयमा प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँग नियमित अन्तरक्रिया गरिनेछ । यसैगरी अन्य छिमेकी स्थानीय तह खासगरी बारपाक सुलिकोट गाउँपालिका, सिरानचोक गाउँपालिका र लमजुङ जिल्लाको दुधपोखरी गाउँपालिकासँग समन्वय वैठक आयोजना गरी राजश्व संकलनका सवालहरुबारे छलफल तथा समन्वय गरिनेछ ।<br>५. राजश्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइनेछ । |

### ५.१.३ राजश्व सुधार कार्ययोजना

गाउँपालिकाको सूचना तथा तथ्यांक अध्ययन र गाउँपालिकासँगको सम्पर्कका आधारमा तयार गरिएको अजिरकोट गाउँपालिकाको राजश्व सुधार कार्ययोजना यसप्रकार रहेको छ :

**तालिका ११: राजश्व सुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **क. कर तथा गैह्र कर राजश्व** | | | |
| सम्पत्ति कर | - सम्पत्ति कर कार्यान्वयन गर्न कार्यविधि तयार गर्ने तथा न्यूनतम दर रु.५० कायम गर्ने<br>- मूल्यांकन समिति गठन गरी घरजग्गा मूल्यांकनको तौरतरिका र दर निर्धारण गर्ने,<br>- करदाताको सम्पत्ति मुल्यांकनमा चित्त नबुझ्ने करदाताले उजुरी दिने र यसको छिनोफानो गर्न गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा उजुरी सुनुवाई समिति गठन गर्ने | २०७८ असार मसान्तसम्म | • राजश्व परामर्श समिति,<br>• गाउँपालिका<br>• गाउँसभा |
| | - मूल्यांकन अनुसारको करदाताको लगत तयार गरी कम्पुटर सफ्टवेयरमा सबै घरजग्गा धनीहरुको लगत तयार गर्ने | २०७८ कार्तिक मसान्तसम्म | • राजस्व शाखा |
| | - लगत अनुसार प्रत्येक घरधनीलाई सम्पत्ति करको बिल छपाइ गरी वडामार्फत घर घरमा पठाउने | २०७८ फाल्गुण मसान्तसम्म | • राजस्व शाखा |
| व्यवसाय कर | - गाउँपालिकाका सबै वडाका व्यवसायीहरुलाई व्यवसाय दर्ताका लागि सूचना जारी गर्ने | २०७८ असार मसान्तसम्म | • प्रमुख प्रशासकीय अधिकृत र वडा कार्यालयहरु |
| | - व्यसायीहरुसँग नियमित छलफल र अन्तरक्रिया गर्ने | निरन्तर | • गाउँ कार्यपालिका |
| पूर्वाधार उपयोग शुल्क | - पूर्वाधार उपयोग (सवारी वार्षिक/ पटके) महशुल दर निर्धारण गर्ने र उपयुक्त तवरले शुल्क उठाउने<br>- साझा सडकमा शुल्क लगाउन छिमेकी स्थानीय तहसँग समन्वय गर्ने | २०७८ असार मसान्तसम्म | • गाउँसभा<br>• गाउँपालिका |
| | - खानेपानी महशुल दर निर्धारण गर्ने<br>- महशुल संकलन गर्ने | २०७८ असार मसान्तसम्म | • गाउँसभा |
| घर जग्गा वहाल कर | - वडागत रुपमा घर बहालमा लगाउने घरधनीहरुको विवरण संकलन गर्ने ।<br>- घरधनीहरुसँग अन्तरक्रिया गरी स्वघोषणा गर्न लगाउने<br>- घरजग्गा बहाल कर संकलनलाई निरन्तरता दिने । | २०७७ पौष मसान्तसम्म | • राजश्व परामर्श समिति<br>• राजश्व शाखा |
| वहाल विटौरी शुल्क | - सार्वजनिक जग्गाहरुमा उपयोग बारेको विवरण तयार गर्ने<br>- सार्वजनिक जग्गाहरुको पहिचान गरी | २०७७ पौष मसान्तसम्म | • गाउँ कार्यपालिका<br>• राजश्व परामर्श समिति |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | नापनक्सा अद्यावधिक गर्ने<br>- वहाल विटौरी कर असुल गर्ने | | |
| | - सार्वजनिक जग्गाहरुमा बसपार्क, कृषि हाटबजार, संकलन केन्द्र, शौचालय निर्माण गरी बहालमा लगाउने | आ.व. २०७८./०७९ देखि | • गाउँ कार्यपालिका |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | - महिला पुरुष छुट्टिने गरी घरजग्गाको अभिलेख राख्ने<br>- प्रदेश सरकारबाट महशुल दर निर्धारण भए बमोजिम घरजग्गा रजिष्ट्रेशन दस्तुर उठाउने/मालपोत कार्यालयबाट प्राप्त गर्ने | २०७८ श्रावण | • गाउँ कार्यपालिका |
| प्राकृतिक स्रोत बिक्रि | - जडिबुटीको पहिचान तथा उपादेयताबारे पदाधिकारी तथा कर्मचारीहरुलाई तालिम प्रदान गर्ने<br>- प्राकृतिक स्रोतहरुको बिक्री मुल्य निर्धारण गर्ने, संकलन गर्ने | २०७८ असार मसान्तसम्म | • गाउँपालिका र सम्बन्धित शाखा |
| | - ढुंगा, गिट्टी, बालुवा उत्खनन्/ संकलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण अद्यावधिक गर्ने | २०७८ असार मसान्तसम्म | • गाउँपालिका, वडा कार्यालय, प्राविधिक शाखा |
| प्राकृतिक स्रोत तथा कृषि उपजको व्यवसायिक उपयोग | - व्यवसायिक उपयोग हुने परिमाण निर्धारण गर्ने<br>- करको दर निर्धारण गर्ने<br>- कृषि उपजको संकलन केन्द्र तथा पशु हाटहरु स्थापना गर्ने<br>- सहकारी संस्थाहरुलाई सुदृढीकरण गर्ने | २०७८ असार मसान्तसम्म | • गाउँपालिका र राजश्व शाखा |
| व्यवसाय रजिष्ट्रेसन दस्तुर | - वडागत रुपमा दर्ता गर्नुपर्ने संघसंस्थाहरुको विवरण संकलन गर्ने<br>- वर्गीकरण अनुसार व्यवसाय दर्ता तथा नवीकरण दस्तुर असुल गर्ने | २०७७ चैत्र मसान्त | • गाउँपालिका, वडा कार्यालय, राजश्व शाखा |
| अचल सम्पत्ति मूल्यांकन शुल्क | - घरजग्गा मूल्याङ्कन र अचल सम्पत्ति मूल्यांकन गरी हरेक घरपरिवारको अभिलेख अद्यावधिक गर्ने | २०७८ असार मसान्तसम्म | • वडा कार्यालय |
| पर्यटन सेवा शुल्क | - पर्यटकीय स्थलहरुमा प्रवेश व्यवस्थित गर्ने<br>- पर्यटकीय सेवाहरुको व्यवस्थापन गरी शुल्क लगाउने | २०७८ असार मसान्तसम्म | • गाउँ कार्यपालिका, योजना शाखा |
| नक्सा पास दस्तुर | - नक्सापास सम्बन्धमा जनचेतना जगाउने<br>- प्राविधिक जनशक्तिको क्षमता विकास गर्ने<br>- नक्सापास तथा अभिलेखन कार्य गर्ने । | निरन्तर | • प्रमुख प्रशासकीय अधिकृत र प्राविधिक शाखा |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
| --- | --- | --- | --- |
| पानी मुहान दर्ता गर्ने | - पानी मुहान दर्ता गर्ने बारे सरोकारवालाहरुलाई जानकारी गराउने | २०७८ असार मसान्तसम्म | • वडा कार्यालय |
| सामुदायिक वन | - | | • |
| **ख. आयआर्जन हुने पूँजीगत लगानीका क्षेत्र** | | | |
| पूर्वाधार निर्माण गर्ने | - सडकहरुको स्तरोन्नति तथा कालोपत्रे गर्ने<br>- होमस्टेहरुको स्तरोन्नति र विस्तार गर्ने<br>- वसपार्क, ढल निकास तथा प्रशोधन आदि पूर्वाधारहरुको विकास गर्ने | २०७८ श्रावण देखि | • गाउँपालिका र प्राविधिक शाखा |
| धार्मिक तथा पर्यटकीय स्थल विकास, संरक्षण तथा प्रवर्द्धन | - गाउँपालिकामा रहेका थप धार्मिक तथा पर्यटकीय स्थलहरुको क्रमशः प्रवर्द्धनका लागि पर्यटकीय प्याकेजको रुपमा विकास गर्ने | आ.व. २०७८/७९ | • गाउँ कार्यपालिका, निजी क्षेत्र |
| **ग. मानवीय क्षमता विकास तथा राजश्व प्रशासन** | | . | |
| मानवीय क्षमता विकास | - राजश्व शाखाको दरबन्दी अनुरुप जनशक्ति व्यवस्थापन गरी राजश्व संकलनमा शाखालाई जिम्मेवार बनाउने<br>- गाउँपालिकाका राजश्व अधिकारका क्षेत्रमा गाउँ कार्यपालिकाका पदाधिकारीहरुलाई अभिमुखीकरण गर्ने<br>- राजश्व परामर्श समितिका पदाधिकारीहरुलाई असल अभ्यासबारे जानकारी दिने कार्यक्रम आयोजना गर्ने<br>- गाउँपालिका तथा वडा कार्यालयका कर्मचारीहरुलाई कर तथा राजश्व प्रशासन, अभिलेखन र सफ्टवेयर बारे तालिम प्रदान गर्ने<br>- व्यवसायीहरुलाई कर सम्बन्धी अभिमुखीकरण गर्ने<br>- करदाता प्रोत्साहन तथा दण्डको व्यवस्था लागु गर्ने | नियमित | • गाउँपालिका |
| तथ्याङ्क तथा सूचना व्यवस्थापन | - सबै किसिमका (घरजग्गा कर, व्यवसाय कर, बहाल विटौरी कर, घर बहाल कर) करदाताहरुको तथ्याङ्क, सूचना संकलन गरी करदाताको व्यक्तिगत फाईल (विवरण) तयार गर्ने<br>- महशुलयोग्य पूर्वाधारहरु (सडक, खानेपानी, बसपार्क आदि) को अभिलेख तयार गर्ने | २०७८ श्रावण देखि | • वडा कार्यालय, राजश्व शाखा, प्राविधिक शाखा |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| राजश्व संकलन तथा अभिलेख | - राजश्व अभिलेख सम्बन्धी एकीकृत (अनलाईन) सफ्टवेयर तयार पार्ने<br>- करदाताको विवरण सबै वडा तथा गाउँपालिका कार्यालयको सोही सफ्टवेयरमा इन्ट्री गर्ने<br>- राजश्व प्रशासनमा सफ्टवेयर तथा कम्प्युटरकृत प्रणाली मार्फत सेवा दिने<br>- राजश्व संकलन अभियान सञ्चालन गर्ने | नियमित | • गाउँ कार्यपालिका र वडा कार्यालयहरु |
| सूचना तथा पारदर्शिता | - स्थानीय सञ्चार माध्यमबाट करदाताहरुलाई कर तिर्न प्रोत्साहित गर्ने सम्बन्धी सूचना सम्प्रेषण गर्ने ।<br>- गाउँपालिका र वडामा करको दररेट सहित नागरिक बडापत्र राख्ने<br>- राजश्व संकलनको विवरण त्रैमासिक एवं अर्धवार्षिक रुपमा प्रकाशन गर्ने | नियमित | • प्रमुख प्रशासकीय अधिकृत,<br>• वडा सचिवहरु |
| अनुगमन | - अनुगमन गरी छुटेका करदातालाई करको दायरामा ल्याउने ।<br>- कर चुहावट नियन्त्रण गर्ने | नियमित | • कार्यपालिका तथा वडा कार्यालयहरु |
| करदाता तथा कर्मचारी प्रोत्साहन कार्यक्रम | - कर्मचारीलाई राजश्व असुलीको आधारमा कार्यसम्पादन मूल्यांकन गरी प्रोत्साहन गर्ने<br>- करदातालाई सम्मान (बढी कर तिर्ने, सुरुमा करतिर्ने आदिलाई) | वार्षिक रुपमा (गाउँ सभा गर्ने दिनमा) | • गाउँ कार्यपालिका प्रमुख प्रशासकीय अधिकृत |
| राजश्व प्रशासनको प्रभावकारिताका लागि बन्दोवस्ती | - गाउँपालिकामा राजश्व शाखाको लागि कार्यकक्ष, कम्प्यूटर, प्रिन्टर, विद्युत व्याकअप सहितको सुविधा उपलब्ध गराउने | २०७७ चैत्र मसान्तसम्म | • गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |

# परिच्छेद – छ : आगामी तीन बर्षको आय प्रक्षेपण

राजश्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट आगामी तीन आर्थिक वर्षहरु (आ.व २०७८/७९ - २०८०/८१) मा प्राप्त हुने राजश्व प्रक्षेपणका लागि गत वर्षहरुका यथार्थ तथा अनुमानित विवरण र बृद्धिको स्थितिलाई आधार लिई गरिएको प्रक्षेपणको विवरण यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

## ६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण

गाउँपालिकाको राजश्व सम्बन्धी संकलित तथ्यांक, माथिको राजश्व सुधार कार्ययोजना तथा विगत वर्षहरुमा भएको वार्षिक वृद्धिको अवस्था समेतलाई मध्यनजर गरी देहाय अनुसार राजश्व प्रक्षेपण गरिएको छ। यसको विस्तृत आधार अनुसूची १ मा रहेको छ।

**तालिका १२ : राजश्व प्रक्षेपणका अधार**

| राजश्व संकेत | राजस्व शीर्षक | वार्षिक सम्भाब्यता | प्रक्षेपित आय | | | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| ११३१३ | **सम्पत्ति कर** | १७२६००० | १२०८२०० | १४४९८४० | १७३९८०८ | पहिलो वर्ष सम्भाब्यताको ७०% संकलन हुने र त्यसपछि वार्षिक २०% बृद्धि हुने अनुमान |
| ११३१४ | **मालपोत (भूमिकर)** | १३५१९०४ | १०८१५२३ | १२९७८२८ | १५५७३९३ | पहिलो वर्ष सम्भाब्यताको ८०% संकलन हुने र त्यसपछि वार्षिक २०% बृद्धि हुने अनुमान |
| ११३१५ | **घरजग्गा रजिष्ट्रेशन दस्तुर बाँडफाँडबाट** | २००००० | २००००० | २२०००० | २४२००० | आगामी आ.व.मा रु.२ लाख प्राप्त भई त्यसपछि वार्षिक १०% बृद्धि हुने अनुमान |
| ११३२१ | **घर बहाल कर** | ५४०००० | ४३२००० | ४७५२०० | ५२२७२० | पहिलो वर्ष सम्भाब्यताको ८०% संकलन हुने र त्यसपछि वार्षिक २०% बृद्धि हुने अनुमान |
| ११३२२ | **बहाल विटौरी शुल्क** | ४०००० | ३२००० | ३८४०० | ४६०८० | पहिलो वर्ष सम्भाब्यताको ८०% संकलन हुने र त्यसपछि वार्षिक १०% बृद्धि हुने अनुमान |
| ११४११ | **बाँडफाँड भई प्राप्त हुने मु.अ.कर** | ६५३४४९०० | ७१,८७९,३९० | ७९,०६७,३२९ | ८६,९७४,०६२ | चालु आवमा संघीय सरकारवाट मु.अ.कर तथा आन्तरिक अन्तशुल्क बापत प्राप्त सिलिंगका आधारमा वार्षिक १०% बृद्धिहुने अनुमान |
| ११४२१ | **बाँडफाँड भई प्राप्त हुने आन्तरिक अन्तःशुल्क** | ० | ० | ० | ० | मू.अ.कर मै समावेश भएको |
| ११४५१ | **साना सवारी कर** | ५००० | ५,००० | ६,००० | ७,२०० | आगामी आ.व.मा कुल सम्भावना अनुरुप नै संकलन हुने |

| राजश्व संकेत | राजस्व शीर्षक | वार्षिक सम्भाब्यता | प्रक्षेपित आय | | | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| | | | | | | र वार्षिक २०% ले बृद्धि हुने अनुमान । |
| ११४५६ | **एकल कर प्रशासन अन्तर्गत प्रदेशबाट सवारी साधन कर बाँडफाँड गरी प्राप्त हुने** | २५७९००० | २,८३६,९०० | ३,१२०,५९० | ३,४३२,६४९ | प्रदेश सरकारवाट चालु आवका लागि बाँडफाँड भएको रकममा वार्षिक १०% बृद्धि हुने अनुमान |
| ११४७२ | **विज्ञापन कर** | ३६००० | ३६,००० | ३९,६०० | ४३,५६० | आगामी आ.व.मा कुल सम्भावना अनुरुप नै विज्ञापन कर संकलन हुने र वार्षिक १०% ले बृद्धि हुने अनुमान । |
| ११६११ | **जडिबुटी, कवाडी, जीवजन्तु कर** | १०१००० | १०१,००० | १११,१०० | १२२,२१० | आगामी आ.व.मा कुल सम्भावना अनुरुप नै संकलन हुने र वार्षिक १०% बृद्धि हुने अनुमान |
| १३३११ | **समानीकरण अनुदान (संघ)** | ११८१४०००० | ११८,१४०,००० | १२९,९५४,००० | १४२,९४९,४०० | चालु आवको अनुमान रकममा १०% ले बृद्धि हुने अनुमान |
| १३३११ | **समानीकरण अनुदान (प्रदेश)** | १३४०९००० | १३,४०९,००० | १४,७४९,९०० | १६,२२४,८९० | चालु आवको अनुमान रकममा १०% ले बृद्धि हुने अनुमान |
| १३३१२ | **सशर्त अनुदान (संघ)** | १७२१५०००० | १७२,१५०,००० | १८९,३६५,००० | २०८,३०१,५०० | चालु आवमा प्राप्त हुने रकममा १०% बृद्धि हुने अनुमान |
| १३३१२ | **सशर्त अनुदान (प्रदेश)** | ५५००००० | ५,५००,००० | ६,०५०,००० | ६,६५५,००० | चालु आवमा प्राप्त हुने रकममा १०% बृद्धि हुने अनुमान |
| १३३१७ | **समपुरक अनुदान (पूँजीगत) संघ** | १३६००००० | १३,६००,००० | १३,६००,००० | १३,६००,००० | चालु आवमा प्राप्त हुने रकम वरावर योजना अवधिभरि निरन्तर हुने अनुमान |
| १३३१७ | **समपुरक अनुदान (पूँजीगत) प्रदेश** | ५०००००० | ५,०००,००० | ० | ० | चालु आवमा प्राप्त हुने रकम वरावर योजना अवधिभरि निरन्तर हुने अनुमान |
| १३४१२ | **लागत सहभागिता** | २००००० | २००,००० | २४०,००० | २८८,००० | आगामी आ.ब.देखि नगदै जनसहभागिता संकलनको थालनी भई वार्षिक २०% बृद्धि हुने अनुमान |
| १४१५१ | **सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय** | १५००००० | १,५००,००० | १,५००,००० | १,५००,००० | गाउँपालिकाको बुल्डोजरलाई उपभोक्ता समिति तथा निर्माण व्यवसायीबाट भाडा वापत वार्षिक रु.१५ लाख प्राप्त हुने अनुमान गरिएको |
| १४१९१ | **पर्यटन शुल्क** | १००००० | १००,००० | ११०,००० | १२१,००० | गण्डकी प्रदेशले तोके वमोजिम शुल्क लगाइने उल्लेख आर्थिक ऐन दफा १० मा रहेको र गण्डकी प्रदेशले आफै उठाउने जनाएको हुनाले स्पष्ट नभएको, तथापि गत |

| राजश्व संकेत | राजस्व शीर्षक | वार्षिक सम्भाब्यता | प्रक्षेपित आय | | | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| | | | | | | आ.व.मा १ लाख अनुमान गरी करिव १९ हजार प्राप्त भएको हुँदा एकमुष्ट १ लाख नै प्राप्त हुने तथा वार्षिक १०% बृद्धि हुने अनुमान गरिएको |
| १४२१३ | **अन्य बिक्रिबाट प्राप्त रकम ( ढुंगा, गिट्टी वापत)** | ३५७६४३९ | ३,५७६,४३९ | ३,९३४,०८२ | ४,३२७,४९१ | ढुंगा, गिट्टी बिक्री बापत आगामी आ.व.मा कुल सम्भाव्यता वमोजिम तथा वार्षिक १०% बृद्धि हुने अनुमान |
| १४२१६ | **निजी धारा बापतको शुल्क** | १००००० | १००,००० | ११०,००० | १२१,००० | आगामी आ.व. देखि निजी धारामा सेवा शुल्क लगाई एकमुष्ट रु.१ लाख प्राप्त हुने तथा वार्षिक १०% बृद्धि हुने अनुमान |
| १४२१८ | **विद्युत्त सेवा शुल्क** | १००००० | १००,००० | ११०,००० | १२१,००० | आगामी आ.व. देखि लघुजलविद्युतमा सेवा शुल्क लगाई एकमुष्ट रु.१ लाख प्राप्त हुने तथा वार्षिक १०% बृद्धि हुने अनुमान |
| १४२२९ | **अन्य प्रशासनिक सेवा शुल्क** | २००००० | २००,००० | २२०,००० | २४२,००० | गत आ.व.मा रु.५० हजार अनुमान गरेकोमा २३ लाख ५२ हजार प्राप्त भएको देखिन्छ । आगामी आ.व.का लागि एकमुष्ट रु.२ लाख अनुमान गरी त्यसपछि वार्षिक १०% बृद्धि हुने अनुमान गरिएको |
| १४२४१ | **पार्किङ्ग शुल्क** | १४००० | १४,००० | १६,८०० | २०,१६० | पार्किङ्ग स्थल व्यवस्थित भई आगामी आ.व.मा सम्भावना अनुसारको आम्दानी हुने तथा वार्षिक १०% ले बृद्धि हुदै जाने अनुमान |
| १४२४२ | **नक्सापास दस्तुर** | ५७९६५० | ५७९,६५० | ५७९,६५० | ५७९,६५० | मापदण्ड वमोजिम अधिकांश घर बनेको हुनाले आगामी आ.व.मा कुल सम्भावनाको १००% र त्यसपछि वार्षिक सोही वरावरको रकम प्राप्त हुने अनुमान गरिएको । |
| १४२४३ | **सिफारिस दस्तुर** | २७५००० | २७५,००० | ३०२,५०० | ३३२,७५० | आगामी आ.व.मा कुल सम्भावनाको १००% र त्यसपछि वार्षिक १०% का दरले बृद्धिहुने अनुमान |
| १४२४४ | **व्यक्तिगत घटना दर्ता दस्तुर** | ५०००० | ५०,००० | ५०,००० | ५०,००० | वार्षिक एकमुष्ठ रु.५० हजार हुने अनुमान |
| १४२४५ | **प्रमाणित दस्तुर** | १४०००० | १४०,००० | १५४,००० | १६९,४०० | आगामी आ.व.मा कुल सम्भावनाको १००% र त्यसपछि |

| राजश्व संकेत | राजस्व शीर्षक | वार्षिक सम्भाब्यता | प्रक्षेपित आय | | | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| | | | | | | वार्षिक १०% का दरले बृद्धि हुने अनुमान |
| १४२४९ | **अन्य दस्तुर** | ५०००० | ५०,००० | ५५,००० | ६०,५०० | आगामी आ.व.का लागि एकमुष्ठ रु.५० हजार र वार्षिक १०% का दरले बृद्धि हुने अनुमान |
| १४२५३ | **व्यवसाय रजिष्ट्रेशन/ नवीकरण शुल्क** | ३५००० | ३५,००० | ३८,५०० | ४२,३५० | आगामी आ.व.मा कुल सम्भावनाको १००% र त्यसपछि वार्षिक १०% का दरले बृद्धिहुने अनुमान |
| १४३११ | **न्यायिक दण्ड, जरिवाना र जफत** | २०००० | २०,००० | २०,००० | २०,००० | वार्षिक एकमुष्ठ रु.२० हजार प्राप्त हुने अनुमान |
| १४३१२ | **प्रशासनिक दण्ड, जरिवाना र जफत** | २५००० | २५,००० | २५,००० | २५,००० | वार्षिक एकमुष्ठ रु.२५ हजार प्राप्त हुने अनुमान |
| १४५२९ | **अन्य राजस्व (विविध आय, सामुदायिक वन आदि)** | ७६०००० | ७६०,००० | ८३६,००० | ९१९,६०० | ३८ वटा सामुदायिक वनले औसतमा वार्षिक रु.२ लाखको वन पैदावार विक्री गरी १० प्रतिशत गाउँपालिकाको कोषमा दाखिला गर्ने र वार्षिक १०% बृद्धि हुने अनुमान |
| १४६११ | **व्यवसाय कर** | १५६८६०० | १,५६८,६०० | १,७२५,४६० | १,८९८,००६ | आगामी आ.व.मा कुल सम्भावनाको १००% र त्यसपछि वार्षिक १०% का दरले बृद्धि हुने अनुमान |
| १५१११ | **बेरुजु** | १५०००० | १५०,००० | १६५,००० | १८१,५०० | आगामी आ.व.मा रु.२ लाख बेरुजु असुली भई वार्षिक रुपमा १०% का दरले बृद्धि हुने अनुमान |
| | **जम्मा** | **४०९१६६४९३** | **४१५,०५४,७०२** | **४४९,७३६,७७९** | **४९३,४३७,८७९** | |
| | **वार्षिक बृद्धि दर** | | | | | |

नोट : कुल वार्षिक सम्भाव्यतामा सामाजिक सुरक्षा भत्ता समावेश छैन ।

# परिच्छेद - सातः अपेक्षित नतिजा

प्रस्तुत राजश्व सुधार कार्ययोजनाको उचित कार्यान्वयनबाट गाउँपालिकाको आन्तरिक राजश्वमा चालु आ.व.को अनुमान रु.४३ लाख रहेकोमा कार्ययोजनाको अन्तिम वर्षमा १ करोड ४९ लाख ६९ हजार अर्थात ३४८ गुणा बढोत्तरी हुने अपेक्षा गरिएको छ । यस गाउँपालिकामा आन्तरिक राजश्वका स्रोतहरु मध्ये अन्य सेवा शुल्कको परिमाण सवैभन्दा बढी देखिन्छ भने क्रमशः सम्पत्ति कर, दस्तुर, व्यवसाय कर आदि आन्तरिक राजश्वका प्रमुख स्रोतका रुपमा रहने देखिन्छ ।

यस गाउँपालिकाको अघिल्लो परिच्छेदमा प्रक्षेपित आन्तरिक आय र संघीय सरकारबाट हुने वित्तीय हस्तान्तरणबाट प्राप्त हुन सक्ने आय समेत गरी कूल आय संक्षेपमा देहायको तालिका वमोजिम हुने अपेक्षा गर्न सकिन्छ ।

**तालिका १३ : गाउँपालिकाको अपेक्षित आय संक्षेपमा**

| राजश्व शीर्षक | यथार्थ | यथार्थ | अनुमान | प्रक्षेपित आय | | |
|---|---|---|---|---|---|---|
| | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| आन्तरिक आय | ३३,९१,६५८ | ३२,१५,७४३ | ४,३००,००० | १२,३०३,४१२ | १३,५५०,३६० | १४,९६८,८१८ |
| संघीय राजश्व बाँडफाँडबाट प्राप्त आय | ५२,७११,००० | ४०,२६०,१५३ | ६५,३४४,९०० | ७१,८७९,३९० | ७९,०६७,३२९ | ८६,९७४,०६२ |
| प्रदेशबाट एकल कर प्रशासन अन्गर्तको राजस्व वाँडफाँडबाट प्राप्त हुने आय | १,९५०,००० | - | २,५७९,००० | २,८७२,९०० | ३,१६०,१९० | ३,४७६,२०९ |
| अनुदान (संघ तथा प्रदेश) | २१७,४७८,००० | २५९,४६०,००० | २९९,६९०,००० | ३२७,७९९,००० | ३५३,७१८,९०० | ३८७,७३०,७९० |
| लागत सहभागिता | - | - | - | २००,००० | २४०,००० | २८८,००० |
| **जम्मा** | | | ३७१,९१३,९०० | ४१५,०५४,७०२ | ४४९,७३६,७७९ | ४९३,४३७,८७९ |
| मौज्दात | २२,१४८,००० | ९६,२९४,५३० | - | - | - | - |
| **कुल आय बजेट** | २९७,६७८,६५८ | ३९९,२३०,४२६ | ३७१,९१३,९०० | ४१५,०५४,७०२ | ४४९,७३६,७७९ | ४९३,४३७,८७९ |

*स्रोत : राजस्व सुधार सम्बन्धी तथ्यांक विश्लेषण*



यसरी अजिरकोट गाउँपालिकाले यस कार्ययोजनाको अन्तिम आ.व.मा आफ्नो कुल आय मध्ये आन्तरिक राजस्वको हिस्सा चालु आ.व.को अनुमानको अनुपात १.१६% मा १.८७% ले बृद्धि भई ३.०३% हुने अपेक्षा गरिएको छ ।

गाउँपालिकासँग भएका स्रोत साधन परिचालनमा जोड दिएर स्थानीय विकासका लागि उल्लेख्य स्रोत स्थानीयस्तरबाटै जुटाउँदै अगाडी बढ्ने दिशामा प्रस्तुत कार्ययोजना महत्वपूर्ण माध्यम हुन सक्दछ । गाउँपालिकाको वार्षिक योजना तर्जुमाका लागि आन्तरिक स्रोत अनुमान गर्ने मार्गदर्शकका रुपमा यसले सहयोग पुग्ने अपेक्षा पनि लिन सकिन्छ ।

# परिच्छेद - आठ : अनुगमन तथा मूल्यांकन

